वर्ष : १६, अंक : ५, काठमाडौं, २०७७ जेठ २ गते शुक्रबार, 15 May 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## कोरोना रोकथाम तथा नियन्त्रण गर्न प्रदेश २ सरकारद्वारा २ अर्ब निकासा

जनकपुरधाम । प्रदेश २ सरकारले कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागि २ अर्ब रूपैयाँ खर्च गर्ने भएको छ । कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले २ अर्ब रूपैयाँ रकम निकासा गरेको हो ।

चालू आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले विनियोजन गरेको कूल ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार रूपैयाँ छ । जसबाट कोरोना रोकथाम तथा नियन्त्रण प्रयोजनका लागि २ अर्ब रूपैयाँ निकासा भएको र खर्च हुने क्रममा रहेको आर्थिक मामिलामा तथा योजना मन्त्रालयका सचिव प्रेमकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार कोरोना रोकथाम तथा नियन्त्रणमा खर्च गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गत ८६ करोड रूपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई १० करोड ४५ लाख रूपैयाँ पठाइएको छ ।

यस्तै, लकडाउन प्रभावितलाई राहत बाँड्न उद्योग, पर्यटन तथा वन मन्त्रालयलाई ३३ करोड ७० लाख र भूमि व्यवस्था तथा कृषि मन्त्रालयलाई ३६ करोड रूपैयाँ निकासा गरिएको छ । त्यसैगरी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १ करोड, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको ४ वटा डिभिजनलाई २५/२५ लाख रूपैयाँको दरले पैसा पठाइएको सचिव श्रेष्ठले बताए । यस बाहेक प्रदेश सरकारले स्थापना गरेको कोभिड-१९ कोषमा २५ करोड रूपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

कोरोना रोकथाम, नियन्त्रण, उपचार काममा खटिने स्वास्थ्यकर्मी, कर्मचारी, सवारी चालक, पत्रकार लगायतका व्यक्तिहरूको ज्यान गएमा ५० लाख रूपैयाँ क्षतिपूर्ति दिने निर्णय प्रदेश सरकारले गरिसकेको छ ।

## कोरोना महामारीबाट जनतालाई जोगाउ : राजेन्द्र महतो



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र महतोले कोरोना महामारीबाट जनतालाई जोगाउन सरकारलाई आग्रह गरेका छन् । महतोले कोरोना भाइरस महामारी भएका कारण त्यसलाई मजाकका रूपमा नलिन सुझावसमेत दिएका छन् । शुक्रबार बसेको संघीय संसदको बैठकमा सम्बोधन गर्दै जसपाका नेता महतोले भने, 'कोरोना भनेको मजाक होइन, यो महामारी हो', सांसद महतोले भने, 'यो छैन छैन भनेर पुग्दैन, डब्ल्यूएचओले भनेको सुन्नुहोस् ।'

सांसद महतोले शक्तिशाली देश अमेरिका र अस्ट्रेलियाजस्ता देशहरू समेत कोरोनाको महामारीमा निरीह बनेको भन्दै नेपालजस्तो देशले पूर्वतयारी गर्नुपर्ने बताए।

'महामारीबाट जनतालाई जोगाउ भन्ने मेरो एउटा मात्रै माग हो', उनले भने, 'हाम्रा लाखौं जनता विदेशमा छन्, संकटको बेला उसको रोजगारी खोसिएको छ, ऊ नेपाल फर्कन चाहन्छ। यो अवस्थामा सरकारले के गरिरहेको छ ? सरकारले योजना बनाउनु पर्दैन, आफ्नो मातृभूमि पनि फर्कन नपाउने?'

# बढेन परीक्षणको दायरा, प्रदेश २ अब कोरोनाको 'हटस्पट'

**मधेशवाणी डेस्क**

काठमाडौं । कोरोना भाइरस संक्रमितको संख्या झण्डै तीन सय नजिक पुग्दा पनि प्रदेश २ मा परीक्षणको दायरा बढ्न सकेको छैन । अहिले दैनिक एक हजार जनाको पिसिआर विधिबाट र ३ हजार जनाभन्दा धेरैको आरडिटी विधिमार्फत परिक्षण हुने गरेको जनाइएको छ । नेपालमा अहिलेसम्म १७ हजार ८ सय ७८ जनाको मात्रै पिसिआर विधिमार्फत कोरोना भाइरससम्बन्धी परीक्षण भएको छ ।




प्रदेश २ मा एकै दिन ६२ जनामा कोभिड-१९ संक्रमणको पुष्टि भएपछि प्रदेशभरमा संक्रमितको संख्या ९४ पुगेको छ । पर्सामा ५७, महोत्तरी र धनुषामा दुई(दुई र बाराका एक जनामा मंगलबार सङ्क्रमण पुष्टि भएपछि प्रदेशभरिमा संक्रमितको सङ्ख्या ९४ पुगेको हो । कुल संक्रमितमा अब तीन भारतीयसहित पर्सामा मात्रै ८२ पुगेका छन् । त्यसैगरी बारा र रौतहटमा तीन/तीन, महोत्तरी र धनुषामा दुई(दुई र सर्लाही र सप्तरीमा एक एक जनामा संक्रममण पुष्टि भएको प्रदेश २ स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ । प्रदेशका आठ जिल्लामध्ये अब सिरहामा भने अहिलेसम्मको जाँचमा संक्रमण देखिएको छैन । कोभिड-१९ रोकथाम अभियानअन्तर्गत प्रदेश २ मा बिहीबारसम्म २११ जनाको पीसीआर जाँचका लागि स्वाब संकलन गरिएको छ । प्रदेशमा बिहीबारम्म जम्मा तीन हजार ९ सय ३६ जनाको स्वाब संकलन भएको निर्देशनालयका वरिष्ठ स्वास्थ्य अधिकृत विजयकुमार झाले जानकारी दिए ।

प्रदेशको पर्सा जिल्लामा संक्रमण बढ्दै गएपछि त्यहाँ स्वाब संकलन सघन बनाइएको छ । त्यसैगरी संकमित धेरै पुष्टि भएका उदयपुरसँग सीमा जोडिएका सप्तरी र सिरहामा पनि अभियानकै रूपमा स्वाब संकलन भइरहेको छ ।

अस्पतालको अभाव

प्रदेशमा हालसम्म स्वाब संकलन गरिएका तीन हजार ९३६ मध्ये दुई हजार ७५० जनाको नतिजा प्राप्त भएको छ । जसमा ९४ जनाको पोजेटिभ र दुई हजार ६५६ जनाको नेगेटिभ आएको छ । पछिल्लोपटक ह्वात्तै संक्रमित बढेपछि प्रदेश २ का । अस्पतालमा संक्रमितको उपचारका शय्याको अभाव खट्किँदैछ । जनकपुरको प्रादेशिक अस्पतालमा ४२ र नारायणीमा यस्ता बिरामी ५० जना राख्न सकिने शय्या छन् । पर्साको पोखरियामा थप आठ शय्याको व्यवस्था छ । पर्सामा मात्रै ८२ संक्रमित भएपछि शय्या अभाव खड्किएको हो ।

महोत्तरीको जलेश्वर अस्पताल र बाराको कलैया अस्पतालमा उपचारका लागि थप शयया व्यवस्था गर्न लागिएको छ । संक्रमितमध्ये निको भएर घर फर्केका तीन भारतीय र एक रौतहटका व्यक्तिमा स्वास्थ्य समस्या बल्झिएपछि फेरि अस्पतालमा ल्याइएको छ ।

प्रदेशको जनकपुरस्थित प्रादेशिक अस्पताल र वीरगञ्जस्थित नारायणी अस्पतालमा स्वाब परीक्षण र संक्रमितको उपचार गरिने व्यवस्था छ । प्रदेशभरिका १ सय ७९ क्वरेण्टीन केन्द्रमा एक हजार ४ सय ६८ जना र स्वास्थ्यकर्मीको प्रत्यक्ष रेखदेख हुने गरी घरमै क्वरेण्टीनमा रहनेको संख्या चार हजार ५२२ रहेको

*बाँकी अन्तिम पृष्ठमा*

## 'सीमा विवादमा मधेशलाई शंकाको दृष्टिले नहेरियोस्'

काठमाडौं । राष्ट्रियसभा सदस्य मृगेन्द्रसिंह यादवले दौरा सुरूवाल लगाउनेले गरेको सम्झौताले सीमा विवाद भइरहेको आरोप लगाएका छन् । बुधबारको राष्ट्रियसभाको बैठकमा बोल्दै सांसद यादवले कोशी, गण्डकी, महाकाली, टनकपुरलगायतका सबै सम्झौता मधेशका धोती, कुर्ता, गम्छा लगाउनेले नगरेको दाबी गरे ।

'यो राष्ट्रमा भारतले केही गर्‍यो भने मधेशका जनतालाई असर गर्ने कुरा भइरहन्छ । भारतका रक्षामन्त्रीले सडक उद्घाटन गरेपछि नेपाल सरकारले कालापानीमा सडक बनेको थाहा पाएको हो?' उनले भने, 'के यो सडक रातारात बनेको हो?'

कोशी, गण्डकी, महाकाली, टनकपुर जति सम्झौता भएका छन् त्यो कुनै धोती, कुर्ता, गम्छा लगाउनेले नगरेको उनले जिकिर गरे । उनले भारतले नेपाली भूमिमा सडक खनेको कुरा प्रधानमन्त्रीले थाहा थिएन भनेर पन्छिन नहुने बताए । उनले समयमै कुटनीतिक नोट दिएर त्यसलाई रोक्न सक्ने काम प्रधानमन्त्रीले नगरेको आरोप पनि लगाए ।

उनले भारतसँगको विवादमा मधेशका जनतालाई सधैँ शंकाको दृष्टिले हेर्ने गरेको भन्दै आपत्ति जनाए । उनले भने, 'हामी स्पष्ट भन्न चाहन्छौं । नेपालको एक इन्च भूमिका लागि हामी मर्न तयार छौं । हामीलाई शंकाको दृष्टिले नहेरियोस् ।'

**समय सन्दर्भ** राजेन्द्र महतो



## स्मृतिको आँखीझ्यालमा रामजनम तिवारी

जयप्रकाश गुप्ता

रामजनम तिवारी, नेपाल सदभावना परिषद र पछि बनेको नेपाल सदभावना पार्टीका संस्थापक नेता मध्येका एक हुन। तिवारी जी का बारेमा यसरी नै परिचय दिईन्छ । र, यही परिचयका कारणबाट उहाँका बारेमा थप खोजिनीतिको आवश्यकतालाई पर सारिन्छ। अनि सधैं बिभाजनको खिचलोमा अल्झिन मन पराउने सदभावना पार्टीका पृष्टभूमिबाट आएकाहरूले बहुधा तिवारी जीलाई मन पराउदैनन् ।

उनिहरूको बिचारमा तिवारीले गजेन्द्र बाबुलाई नेता मान्न चाहेनन् । पार्टीलाई बिभाजित गरे। सदभावना तिवारी बनाए( आदि इत्यादि।आफुलाई राष्ट्रका मूलधारका ठान्नेहरूले सदभावना पार्टीसंगको आवद्धताका कारणले र सदभावना पार्टीका रैथानेहरूले तिवारी जीले गजेन्द्र बाबुलाई चुनौति दिएको कारणले गर्दा उहाँको सत्चरित्र मूल्यांकन हुन सकेन । तैपनि रामजनम तिवारी यौटा सालिकको रूपमा बीरगंजको घण्टाघर चौकमा उभीई रहनु भएको छ ।

बी.पी. जेल पर्नु भो। राजा महेन्द्रको कू पछि नेकाको नेतृत्व अधिनायकीय शक्तिका साथ सुवर्ण शम्सेर जीको जिम्मा गयो। बासु दाई, बासु देव रिसाल तेस कालखण्डका अन्तस्पुर निवासी र जानकार हुनुहुन्थ्यो। म संग घनिभूत कुरा हुन्थ्यो । म उहाँको नजरमा मधेसी भन्दा पनि प्रजातन्त्रवादी ठानिएको थिए।

मैले सोधे, बासु दाई! सुवर्ण जीले भद्रकाली मिश्र, गजेन्द्र नारायण सिंह, रामजनम तिवारी, काशी प्रसाद श्रीवास्तव,चैतुलाल चौधरीहरूलाई किन राख्न सक्नु भएन पार्टीमा ? मैले उल्लेख गरेका नामहरू नेका भित्र सुवर्ण जीसंग जोडिएका नामहरू थिए । बि.स. २०३२ साल तिर यिनीहरू सुस्तरी काँग्रेससंग असहमत हुदै मधेसको कुरा गर्न शुरू गर्नु भएको थियो ।

नागरिकता आदिको मुद्दा उठाएर नेकाको केन्द्रीय समितिमा छलफल गरिनु पर्ने मांगका साथ यौटा संयुक्त वक्तव्य दिनु भएको थियो र तत्पश्चात उहाँ मध्ये केहीसंग स्पष्टिकरण सोधिएको थियो। टाढिने क्रमको निर्माणसंगै पछि सदभावना परिषदको गठन तर्फ कुरा पुग्यो। म बासु दाईसंग यही पृष्ठभूमि खोतल्दै थिए। ल भन्नुस त बासु दाई !

मलाई छेडने नेत्रका साथ म तिर उन्मुख हुदै भन्नु भयोस् ल भन त यौटा मधेसीको लागि प्रजातन्त्र कतिको आधारभूत कुरा हो? म छक्क परे। कस्तो प्रश्न हो यो भनेर! कलेज पढदा 'प्रेम' र 'प्रजातन्त्र' मध्ये प्रजातन्त्र रोजेको मैले(मधेसीको लागि प्रजातन्त्र आधारभूत कुरो होईन भन्ने कुरो नै थिएन ।

मोडिएको चार औंलामा अठ्याएको चुरोटको खरानी ठक्कसंग झार्दै बासु दाई फेरी सोध्नु हुन्छस ल भन त, मधेसीको आदर्श पुरूष वेदानन्द झा हुन कि गजेन्द्र नारायण वा रामजनम तिवारी? बासु दाईको यो पैठेजोरी हेरी सि.के. प्रसाईका कुराहरू याद आउन थाल्यो। हाँस्दै सि.के.ले एक पटक भन्नु भाथ्यो(यो कृष्ण बासु देव हैन, बांगो बासु देव हो जेपी! कठिन प्रश्नहरूका साथ गलाउनेमा बासु दाईको जोडी थिएन काँग्रेसमा। तर, गंभीर रूपमा उहाँले इतिहासको पानाहरू पल्टाउनु भयो ।

सत्र सालको शाही कू पछि गोरखा परिषदले आफु संसदमा नेकाको बिरोधी रहेको बिर्सेर पुरै पार्टीलाई नेकामा बिलय गरायो। राजा महेन्द्रका लागि यो अत्यन्त अनपेक्षित बिषय थियो। राजा महेन्द्रलाई साथ दिने कि नेकालाई? यो बिषयले तराई काँग्रेसमा रडाको मच्चाएको थियो। पन्द्रह सालको पहिलो संसदीय चुनावमा नराम्रो पराजय भोगेको तराई काँग्रेसको लागि शाहिसत्ताको नजिक बस्ने राम्रो मौका हो यो भनी वेदानन्द झा, जो तराई काँग्रेसका सभापति थिए, राजाको कदमलाई समर्थन जनाउने अडानमा थिए ।

तराई काँग्रेसका महामंत्री रामजनम तिवारीको स्पष्ट मत थियोसयदि मुलुकमा प्रजातान्त्रिक शासन रहेन भने किमार्थ पनि मधेस र मधेसीको हीत हुन सक्दैन। तिवारी जीले वेदानन्द झासंग असहमत रही तराई काँग्रेसको आपत्तकालिन बैठक बोलाउनु भयो र प्रस्ताव राख्नु भयोस् 'प्रजातन्त्र र मधेसीको अधिकार अन्योन्याश्रित बिषय हुन् । प्रजातन्त्र निरपेक्ष मधेस दासत्वबाट कहिल्यै मुक्त हुन सक्दैन ।' रामजनम तिवारीले राजा महेन्द्रको शाही कू को बिरोध गरी यस असामान्य परिस्थितिमा तराई काँग्रेसलाई नेपाली काँग्रेसमा विलय गराउने राय दिनु भयो ।

वेदानन्दको विचार टिकेनन। शुवर्ण जीले पटनामा डाक्नु भएको नेकाको बैठकमा रामजनम तिवारीले तराई काँग्रेसको नेपाली काँग्रेसमा विलय गरिएको घोषणा गर्नु भयो। बासुदाई भन्नु हुन्छ, मधेसका नेताहरूमा रामजनम तिवारी अद्वितीय रहनु भयोस जसले प्रजातन्त्रलाई सर्वोपरि ठाने।

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# सीमा विवादको निरूपण

नेपाल र भारतको सम्बन्ध जति मैत्रीपूर्ण छ, सुमधुर छ बेला बेला सम्बन्धमा उतारचढाव पनि भइरहन्छन्। यस्तै समय-समयमा नेपाल-भारत सम्बन्धमा केही न केही विवाद उठिरहन्छन्। यस्तो विवाद २००७ सालको क्रान्तिताका सुरू भएको हो। नेपाल-भारत सम्बन्धका अनेक पक्ष छन्। जसले नेपाली जनतासित सोझो सरोकार राख्छन्। कहिले व्यापार र पारवहनका विषयमा विवाद आउँछ, हिले सिमाना र कहिले नेपालको आन्तरिक राजनीति आदिमा। भौगोलिक अवस्थाले नेपाल भूपरिवेष्ठित देश मात्र होइन, यो तीनतिर भारतसित जोडिएको पनि छ। उत्तरसितको सम्बन्ध पहिल्यैदेखि कायम रहेको भए पनि खासमा नेपाल भारतमाथि नै धेरै कुरामा निर्भर रहने बाध्यता रहँदै आएको छ। नेपाल-भारत सम्बन्धले सबै क्षेत्र (सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक र वैयक्तिक) छुने भएकाले सम्बन्धमा समय-समयमा आउने विवादको स्थायी समाधान पूर्ण रूपमा खोज्न सकिने विषय होइन। तर, कतिपय समस्या भने संवेदनशील र जटिल भई तिनले द्विपक्षीय सम्बन्धमै असर पार्छन्। जस्तो, सिमाना मिचिएको विवाद। आज कालापानी क्षेत्रको नेपाली भूभाग भारतले आफ्नो नक्सामा पारेको र त्यस क्षेत्रमा बाटो बनाएको विषयमा विवाद उठेको छ। नेपालले आफनो भूमिमा भारतले सडक बनाएको बताउँदै आएको छ भने भारतले नेपालको दाबीलाई खारेज गर्दै सडक उसकै भूमिमा बनाइएको दाबी गरेको छ।

दुवै पक्षले आआफ्ना प्रमाणका आधारमा सौहार्दपूर्ण तरिकाले यसको समाधान निकाल्नुपर्छ। यसलाई अब सडकको विषय नबनाई कूटनीति र वार्ताको विषय बनाई खुला र सकारात्मक सोचका आधारमा नेपाल-भारत सम्बन्ध प्रगाढ बनाउनतिर लाग्नुपर्छ।

> **खुला सिमाना नेपाल–भारत सम्बन्धको विशेष पक्ष हो, जसलाई अन्तर्राष्ट्रिय राजनीतिका कतिपय सिद्धान्त या व्यवहारभित्र पार्न सकिँदैन ।**

नेपाल-भारत खुला सिमानाको समस्या बहुआयामिक छन् र व्यवस्थापन गर्ने उपाय पनि त्यति सजिला छैनन्। यो आंशिक रूपमा नियन्त्रित भए पनि यसको स्वभाव खुला नै हो। जहाँ लाखौं लाख मानिस एकअर्काको सीमा वारपार गर्छन् र जसले एकअर्काका देशमा कुनै आधिकारिक प्रमाणविना काम गर्छन, त्यसलाई खुला नै भन्नुपर्छ। नेपाल र भारतको सम्बन्ध अतुलनीय र विचित्रको छ। तर, आफ्नै परम्परा र सभ्यताले धनी भएकाले दुवैका पहिचान र सभ्यता पनि विशिष्ट छन्। भूगोल यस्तो सम्बन्धलाई निर्धारण गर्ने तन्तुका रूपमा सधैं रहन्छ। यस्तो बहुआयामिक सम्बन्धलाई व्यवस्थापन गर्ने तरिका पनि दरिलो र भरिलो हुनुपर्छ। ठूला राष्ट्र मिल्दा पनि समस्या र नमिल्दा पनि समस्यामा परिने खतरा सधैं रहने हुनाले त्यसप्रति सजग भइरहनुपर्छ। नेपालको भौगोलिक अवस्थिति सधैं क्षेत्रीय र विश्वराजनीतिलाई आकर्षित गर्ने केन्द्रका रूपमा रहिरहन्छ/। आजको परिस्थितिले त्यही झल्काइरहेछ। खुला सिमाना नेपाल-भारत सम्बन्धको विशेष पक्ष हो, जसलाई अन्तर्राष्ट्रिय राजनीतिका कतिपय सिद्धान्त या व्यवहारभित्र पार्न सकिँदैन। त्यसैले यो संवेदनशील र जटिल हुन्छ। पहिले त यसको वस्तुगत ज्ञान हुनुपर्छ, , जसका लागि गहन अध्ययन र अनुसन्धानको आवश्यकता पर्छ।

यस्ता समस्या कसरी समाधान गर्ने भन्ने प्रश्न प्रमुख हो। यस विषयमा सत्तापक्ष र विपक्षी सबैको एउटै स्वर हुनुपर्छ। विगतका नक्सा, घटनाक्रम, तथ्यहरू कसले के भनेका थिए, त्यसलाई समेटेर प्रतिवेदन तयार गरी दह्रो किसिमले कूटनीतिक पहल नेपालले गर्नुपर्छ। समाधानका लागि पहिलो वार्ता-संवाद, दोस्रो, मध्यस्थता र तेस्रो, कानुनी उपचारको समेत व्यवस्था मिलाउनुपर्छ। आवश्यक परे त्रिपक्षीय भारत-चीन-नेपालको संयुक्त वार्ता संवादको पहल गरिन पर्छ। अन्य क्षेत्रका सीमा विवाद, १९५० को सन्धि, १९२३ को सन्धि बारे छलफल हुनुपर्छ, तबमात्र समाधानको वातावरण बन्न सक्छ।

## साताको सात बात



कोरोना भाइरस नियन्त्रणको प्रयासमा जिम्मेवार प्रतिपक्षको नाताले कांग्रेसले सरकारलाई समर्थन गर्दै आएको छ तर सरकारको कमी कमजोरीलाई भने हामी निरन्तर खबरदारी गर्नेछौं । हामीले कोरोनाविरूद्ध जनस्तरमा सचेतना फैलाइरहेका छौं । विमलेन्द्र निधि, उपसभापति, नेपालीकांग्रेस



कोरोनालाई नजरअन्दाज गरेर सरकारले परम्परागत ढंगबाट बजेट ल्याउने तयारी गरेको छ । अहिलेको अवस्थामा नागरिकको जीवन रक्षाका लागि स्वास्थ्य क्षेत्रमा लगानी गर्दै नेपाली अर्थतन्त्र चलायमान बनाउनुपर्दछ । ज्ञानेन्द्र बहादुर कार्की, पूर्वअर्थमन्त्री



कोरोना भाइरस भनेको मजाक होइन, यो महामारी हो, यो छैन छैन भनेर पुग्दैन, महामारीबाट जनतालाई जोगाउनु अहिलेको प्रमुख काम हो । हाम्रालाखौं जनता विदेशमा छन् संकटको बेला उनीहरूको रोजगारी खोसिएको छ यस्ता समस्या समाधान गर्न सरकारको ध्यान जान जरुरी छ । राजेन्द्र महतो, नेता, जनता समाजवादी पार्टी



लिपुलेकको सीमा विवाद समाधान गर्न चीनलाई पनि 'कूटनीतिक नोट' पठाउनुपर्छ । लिपुलेकको सम्बन्धमा नेपाल, भारत र चीनको त्रिदेशीय समझदारी आवश्यकपर्छ । नेपाल-भारतबीचको सीमा ९० प्रतिशत व्यवस्थित भइसकेको अवस्थामा बाँकी विवाद किन भइरहेको छ त्यसतर्फ सरकारले ध्यान दिनुपर्छ । सरितागिरी, सांसद, जनता समाजवादी पार्टी



अहिलेको मतादेश र अहिलेको संसदीय संरचना रहन्जेलसम्म संविधान संशोधन हुँदैन भन्ने कुरामा म ढुक्क छु । कि त मधेश आन्दोलनको माध्यमबाट सशक्त भएर आउनुपर्‍यो अथवा चुनावको माध्यमबाट मधेशीहरू बढी सशक्त भएर आउनु पर्‍यो । तर अहिलेको पार्लियामेन्टबाट संविधान संशोधनको कुनै सम्भावना छैन । जयप्रकाश गुप्ता, संयोजक, तराई मधेश राष्ट्रिय अभियान



लकडाउनले हाम्रो प्रदेशको अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्न किसानहरूलाई राहत प्याकेजको घोषणा गर्दै कृषि उत्पादनमा जोड दिने र आत्मनिर्भर बन्ने, आयातित वस्तुमा भर पर्नुपर्ने अवस्थाको अन्त्यगर्न र ती वस्तुहरूको उत्पादनमा जोड दिएका छौं । शेरधन राई, मुख्यमन्त्री, प्रदेश १



हामीलाई पनि भारतको सहयोग अपरिहार्य छ भने भारतलाई पनि नेपालको अपरिहार्य छ । नेपाललाई हेर्ने मोदीको राजनीतिक दृष्टिकोण र भारतको कर्मचारीतन्त्रको दृष्टिकोण एकदमै फरक छ । सीमा विवादका सम्बन्धमा दूतावास र सडकमा आन्दोलनगर्ने होइन कूटनीतिक पहल आवश्यक छ । दीपकुमार उपाध्याय, भारतकालागिपूर्व नेपाली राजदूत

# जसपाको विधान र घोषणा पत्र : विरोधाभाष दस्तावेज



**देवेश झा**

> जसपाको प्रस्तावनामा मधेशी, आदिवासी जनजाति, शिल्पी र दलित, थारू, खस, आर्य, महिला, मुस्लिम, अपाङ्गता भएका, सीमान्तकृत र अल्पसंख्यक लगायतका उत्पीडनमा पारिएका श्रमजीवी जनताको शोषण अन्त गर्ने उद्देश्यले पार्टी गठन गरिएको भनिरहदा उत्पीडकबारे कुनै परिभाषा देखिदैन । यी सबैलाई उत्पीडित मानिए पछि नेपालमा कोही पनि बाँकी रहँदैन ।

प्रधानमन्त्री केपी ओलीले ल्याएको राजनीतिक दलसम्बन्धी अध्यादेशका कारण हठात् एकीकृत हुन पुगेको राजपा र समाजवादी पार्टीले नयाँ नाम 'जनता समाजवादी पार्टी' राख्दै आफ्नो अन्तरिम विधान र घोषणा पत्र प्रस्तुत गरेको छ । बैशाख १० गते मध्यरातमा राजपाको तर्फबाट महन्थ ठाकुर, राजेन्द्र महतो, शरदसिंह भण्डारी र महेन्द्रराय यादव तथा समाजवादी पार्टीका तर्फबाट बाबुराम भट्टराई, उपेन्द्र यादव, अशोक राई र राजेन्द्र श्रेष्ठ लगायतका नेताहरूले संयुक्त विज्ञप्ति मार्फत् हस्ताक्षर गरी दुवै पार्टीको एकीकरण गरिएको घोषणा भएको थियो ।

संविधान जारी गर्दा मधेशको अधिकारका लागि उचित व्यवस्थापन नगरिएको भन्दै आन्दोलनमा उत्रिएका तत्कालीन मधेश-केन्द्रित दलहरूले चलाएको लामो र परिणामविहीन संघर्ष पछि संयुक्त मधेशी मोर्चा र गणतान्त्रिक मधेशी मोर्चाका नेताहरू आ-आफ्नो बाटो लागे पनि एउटै लक्ष्य र समान मार्गचित्र रहेको मधेशी दलहरूका लागि एकै ठाउँमा एकत्रित हुन जनदबाब बढ्दै थियो । यसै तथ्यलाई ध्यानमा राखेर तत्कालीन तमलोपा, सद्भावना, गणतान्त्रिक फोरम, रामसपा लगायतका छ दलहरूले एकीकरण गरेर राजपा गठन गरे तर उपेन्द्र यादवको ससफोले अलगै रहे ।

संविधान संशोधन नभएसम्म निर्वाचनमा भाग नलिने घोषणा गरेका राजपा र निर्वाचनमा जाने निर्णय गरेको ससफोले आफ्नै तरिकाले राजनीतिक पहल गरिरहेका थिए । तथापि तेस्रो चरणको निर्वाचनसम्म आइपुग्दा दुवै दलबीच कार्यगत एकतासहित चुनावमा भाग लिने सहमति भयो । परिणामतः संघीय संसदमा राष्ट्रिय दल बन्ने अवसर तथा प्रदेश २ मा यही दुई दलको संयुक्त सरकार पनि गठन भयो । ससफोले केपी ओलीको सरकारमा सहभागिता पनि जनायो भने राजपा बाहिरै बसेर समर्थन दियो ।

चुनावी प्रचारको क्रममा दुवै दलका नेताहरूले केही दिन पछि एकीकरणको घोषणा गर्ने बाचा पनि गरेका थिए । सैद्धान्तिक एकरूपता हुँदाहुँदै पनि वैयक्तिक स्वार्थपूर्तिका कारण मिल्न नसकेका यी दुवै पार्टीहरूले वार्ता प्रयास भने जारी राखेका थिए । यसैबीच राजपाका नेताहरूका तर्फबाट एकै पटक सहमति गरेर एकता गर्ने आग्रह गरिएका बावजूद पनि ससफोले बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकिकरण गर्दै समाजवादी पार्टी गठन गर्‍यो ।

यद्यपी नवगठित समाजवादी र राजपाबीचका वार्ता जारी रह्यो तर व्यक्तित्व टकरावका कारण एकीकरण वार्ताले सार्थकता लिन सकेन । यहीबीच राष्ट्रियसभाको रिक्त पदपूर्ति गर्न गराइएको निर्वाचनमा दुवै पार्टीमा राजनीतिक अपरिपक्वता पनि देखियो । यसरी नेताहरूमा अहम र विभिन्न उतार-चढाव हुँदाहुँदै पनि आम मधेशी जनताले यी दुवै पार्टीको एकीकरण होस् भन्ने चाहना जाहेर गर्दै आएका थिए ।

यता परिस्थितिजन्य बाध्यताका कारण एकीकृत हुनपुगेको नेकपा भित्र पनि आन्तरिक शक्ति संघर्ष बढ्दै जाँदा कठोर निर्णय लिदै प्रधानमन्त्रीले अध्यादेश मार्फत् पार्टी र सत्तामाथि एकल नियन्त्रणको प्रयास गरे । कार्यकर्तालाई चित्त बुझाउन दल विभाजन सम्बन्धी ल्याइएको अध्यादेशलाई मधेशी दलहरूप्रति लक्षित व्याख्या गर्दा आकस्मिक अनिवार्यता देखेर व्यक्तिगत स्वार्थ छाडेर रातारात समाजवादी र राजपाका नेताहरूले पार्टी एकीकरणको घोषणा गर्न बाध्य भए । एकीकृत भएका यी दुवै पार्टीकालागि जारी गरिएको विज्ञप्तिमा राखिएको 'बहुराष्ट्रिय राज्य' र 'बहुसांस्कृतिक राष्ट्रवाद' जस्तो पदावली विवादित हुन पुगेको छ ।

यसै क्रमको निरन्तरतास्वरूप दल दर्ता गर्न औपचारिक दस्तावेजको रूपमा नवगठित जनता समाजवादी पार्टीले आफ्नो विधान र घोषणा पत्र पनि प्रस्तुत गरेको छ । पार्टी एकीकरणको जानकारी दिन जारी गरिएको सहमतिपत्रमा उल्लेखित परम्परागत राजनीतिक शक्तिका विरूद्ध अग्रगामी वैकल्पिक शक्तिको निर्माण गर्ने घोषणालाई औपचारिक दस्तावेजले विरोधाभाषपूर्ण बनाएको छ ।

उक्त दस्तावेजमा समकालीन नेपालको राष्ट्रिय राजनीतिमा प्रमुख भूमिका निर्वाह गर्दै आएको नेकपा र नेपाली काँग्रेसलाई जनता समाजवादी पार्टीले परम्परागत राजनीतिक शक्तिको रूपमा परिभाषित गरेको छ । तर पार्टीको विधान र घोषणा पत्र यही दुई दलको दस्तावेजलाई अनुसरण गरे सरह पनि छ ।

नेकपाको महाधिवेशनसम्मका लागि 'जबज' र 'एक्काइसौं शताब्दीको जनवाद'लाई थाँति राखेर निर्वाचन आयोगमा प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदनमा पनि जनयुद्धलाई धेरै महत्व दिइएको छैन । तत्कालीन माओवादीको दबाव रहे पनि नेपालको संविधान २०७३ मा नेपाली काँग्रेस र एमालेद्वारा जनयुद्धको सट्टा सशस्त्र संघर्ष राख्न लगाइएको थियो । तर जसपाले जनयुद्धलाई महिमामण्डित गर्दै मधेश आन्दोलन भन्दा प्रमुख स्थान उपलब्ध गराएको छ । यसरी जनता समाजवादी पार्टी उग्र वामपन्थी विद्रोहलाई महानता प्रदान गर्ने पहिलो पार्टी बनेको छ ।

सहमति पत्रमा उल्लेखित 'बहुराष्ट्रिय राज्य'को कडा विरोध भएपछि पार्टी विधानको प्रस्तावनामा

> 'बहुराष्ट्रिय राष्ट्रवाद' र 'बहुसांस्कृतिक राष्ट्र' जस्तो पदावली आफ्नै परम्परागत संस्कार विरूद्ध रहेको देखिन्छ । नेपालको संविधानमा धर्मनिरपेक्षता समावेश गरिएको भएपनि धर्मको आधारमा आयोग गठन गरिएको छ ।

उक्त पदावली प्रयोग नगरिए पनि घोषणा पत्र लगायत अन्य ठाउँमा द्विअर्थी शब्द प्रयोग गर्दै पार्टीले 'बहुसांस्कृतिक राष्ट्रवाद'को वकालत गरेको छ । पश्चिमी मुलुकहरूबाट आयातित गरिएका यी द्वन्द्व सिर्जना गर्ने प्रयोजनका शब्दहरू गम्भीर ध्यानाकर्षणको विषय बन्न पुगेको छ ।

सन् १९७० को दशक पछि अनेकौं पश्चिमा देशहरूमा बहुसंस्कृतिवादलाई आधिकारिक नीतिको रूपमा अपनाइएको थियो । जसको लागि हरेक देशमा फरक फरक तर्कहरू गरिएको थियो ।

साधारणतया बहुसंस्कृतिवादको प्रयोग एउटा सैद्धांतिक दृष्टिकोण र पश्चिमा राष्ट्र-राज्यको नीति निर्माणमा संख्यालाई निर्णायक बनाउने सन्दर्भमा गरिन्छ । यसले १८औं/१९औं शताब्दी तिर प्रकट रूपमा वास्तविक एकल राष्ट्रिय पहचान प्राप्त गरेको थियो । अफ्रिका, एशिया तथा अमेरिका सांस्कृतिक रूपमा विविध र वर्णनात्मक रूपमा बहुसांस्कृतिक रहदै आएको छ । कतिपय देशमा सांप्रदायिकता पनि एउटा प्रमुख राजनीतिक मुद्दा रहेको छ । यी राज्यहरूद्वारा अपनाइएको नीति प्रायः जसो पश्चिमी मुलुकको बहुसांस्कृतिक नीतिहरू समान हुन्छ ।

बहुसांस्कृतिक राष्ट्रवादको परिभाषा गर्दै जसपाले वैज्ञानिक संस्कृतिको प्रवर्द्धन गर्ने भनिएको छ । अमूर्त ढंगले प्रस्तुत गरिएको यो विषयको गन्तव्य परम्परागत मूल्य र मान्यतामा आधारित सनातन संस्कृतिको विसर्जन गर्ने प्रयास हो । नेपाली संस्कृति आफ्नो लामो इतिहास, अद्वितीय भूगोल र विविध जनसांख्यिकीद्वारा बनेको छ । यहाँ भाषा, धर्म, नृत्य, संगीत, वास्तुकला र परम्पराहरू देशको भिन्न-भिन्न स्थानमा भिन्न-भिन्न भएपनि तिनमा समानता छ । नेपालको संस्कृति यिनै विविध उप-संस्कृतिहरूको एकरूपता हो, जुन यस उपमहाद्वीपमा परम्परागत र सैकडौं वर्ष पुरानो हो । होलीलाई फागु अथवा दिपावलीलाई तिहार सम्बोधन गर्दैमा बहुसांस्कृतिक भएको भन्न मिल्दैन ।

धर्मनिरपेक्षता, पन्थनिरपेक्षता अथवा सेक्युलरलिज्म वास्तवमा धार्मिक संस्थान तथा धार्मिक उच्च पदस्थ अधिकारीहरू र सरकारी संस्थान तथा राज्यको प्रतिनिधित्व गर्ने अधिकार प्राप्त व्यक्तिहरू बीचको पृथक्किरणको सिद्धान्त हो । धर्मनिरपेक्षतामा मूलतः दुई वटा विषय अन्तरनिहित हुन्छ । पहिलो, राज्यको संचालन एवं नीति-निर्धारणमा कुनै प्रकारको धार्मिक हस्तक्षेप नहुने र दोश्रो, कानून, संविधान एवं सरकारी नीति निर्माणमा सबै धर्मलाई समानता हुने । नेपालमा राज्य सञ्चालनको कुनै पनि निकायमा धार्मिक प्रतिनिधित्व वा हस्तक्षेपको इतिहास छैन तथापि आधुनिक राजनीतिमा धर्मनिरपेक्षता शब्द प्रगतिशीलताको परिभाषा बन्न पुगेको छ ।

धर्म शब्दको मूल उद्गमस्थल संस्कृत भाषा हो, जस अनुसार यसलाई व्यक्ति र समाजका लागि समाजद्वारा निर्धारित संस्कारयुक्त कार्य मानिएको छ । यस अर्थमा धर्मनिरपेक्ष हुनुको सोझो अर्थ नैतिक कर्तव्यबाट विमुख हुने हो, जुन कुरा सम्भव छैन । यस अर्थमा जसपाले पनि आधुनिक फैशनलाई निरन्तरता मात्र दिएको छ ।

जसपाको प्रस्तावनामा मधेशी, आदिवासी जनजाति, शिल्पी र दलित, थारू, खस, आर्य, महिला, मुस्लिम, अपाङ्गता भएका, सीमान्तकृत र अल्पसंख्यक लगायतका उत्पीडनमा पारिएका श्रमजीवी जनताको शोषण अन्त गर्ने उद्देश्यले पार्टी गठन गरिएको भनिरहदा उत्पीडकबारे कुनै परिभाषा देखिदैन । यी सबैलाई उत्पीडित मानिए पछि नेपालमा कोही पनि बाँकी रहँदैन ।

यसैगरी जसपाको विधानमा वर्ण व्यवस्थाद्वारा सिर्जित जाति प्रथा र जातपातलाई अस्वीकार गरिएको छ । तर यही दस्तावेजको घोषणा पत्रमा वर्तमान सात प्रदेशको संरचनालाई इन्कार गरेर तत्कालीन संविधानसभाको राज्य पुनर्संरचना आयोग अनुसार १०१ को अवधारणालाई स्वीकारिएको छ । उक्त आयोगले आफ्नो विश्लेषणमा (३.५.२) अनुसार संघीय संरचनामा रहने प्रदेशको निर्माण गर्दा सामर्थ्यसहितको पहिचानलाई आधार मानेको छ । प्राथमिक आधारको रूपमा पहिचानलाई लिइएको छ । यस अन्तर्गत जातीय र समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता रहेका छन् । यसैगरी (३.५.३) बमोजिम संविधानमा रहनुपर्ने प्रदेशको संरचना सम्वन्धी आयोगको सुझावमा नेपालको एकात्मक राज्यको स्वरूपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई दश भौगोलिक प्रदेश र एउटा गैर भौगोलिक दलित प्रदेशमा विभाजन गरिएको छ ।

'बहुराष्ट्रिय राष्ट्रवाद' र 'बहुसांस्कृतिक राष्ट्र' जस्तो पदावली आफ्नै परम्परागत संस्कार विरूद्ध रहेको देखिन्छ । नेपालको संविधानमा धर्मनिरपेक्षता समावेश गरिएको भएपनि धर्मको आधारमा आयोग गठन गरिएको छ । धर्मनिरपेक्षता विरूद्धको स्वरलाई राजतन्त्र समर्थक मानिए पनि गणतन्त्रको प्रादुर्भाव सनातन हिन्दू धर्म अनुसार भएको छ । वास्तवमा धार्मिक स्वतन्त्रता सहितको राज्य प्रणाली हुनुपर्नेमा पश्चिमी सोचको अन्धानुकरण गरेर छद्म आधुनिकता रूपी धर्मनिरपेक्षता जस्तो शाब्दिक भ्रमलाई निरन्तरता दिइएको छ भने जातपातको अन्त गर्ने संकल्प गरेको विधानमा घोषणापत्र मार्फत पहिचानको नाममा जातीय/सामुदायिक राज्य पुनर्संरचना गर्ने लक्ष्य राखिएको छ ।

एकीकरण गरेर गठन गरिएको जनता समाजवादी पार्टीमा समाजवादी पार्टीबाट बामपन्थी पृष्ठभूमि भएका नेता छन् भने राजपा तर्फबाट प्रजातान्त्रिक राजनीतिक अभ्यास गर्दै आएका नेताहरू छन् । वाम राजनीतिमा प्रशिक्षण र अध्ययनप्रति अधिक ध्यान राख्ने गरिएकोले वैचारिक प्रष्टता तथा घुमाउरो भाषाशैलीको चतुराइपूर्ण प्रयोग गर्न तुलनात्मक रूपमा बढी सजगता अपनाइएको छ । वाम प्रजातान्त्रिक सन्तुलन कायम राख्नुपर्ने दबावका कारणले जसपाको अन्तरिम विधान र घोषणापत्र आफैमा विरोधाभाषपूर्ण दस्तावेज बन्न पुगेको छ । तर स्मरण रहोस, राष्ट्रिय राजनीतिको वैकल्पिक शक्ति बन्ने चाहना गर्नु सुखद देखिए पनि आफ्नो मूल जनाधार रहेको 'मधेश' केन्द्रित चिन्तनबाट विचलनको प्रयास आत्मघाती हुनसक्छ ।

# ‘टेरोटेरी’ परिवर्तन गरेर कालापानी विवाद सल्टाउन सकिन्छ

सीमा विवाद समाधानका लागि सरकारले उच्चस्तरीय समिति बनाउनुपर्छ। यसमा कुनै किसिमको स्वार्थ राख्नु हुँदैन, एकअर्काको सुरक्षा संवेदनशीलतालाई पनि ध्यानमा राख्नुपर्छ। यथार्थको आधारमा अगाडि बढ्यो भने सीमा विवाद समाधान हुनसक्छ। अलि समय लाग्ला। किनभने मैले नेपाल-भारत सीमामा पैदल नै हिंडेको छु।



## डा.रामभक्त पी.बी. ठाकुर

**पूर्वराजदूत तथा परराष्ट्र मामिलाका जानकार**

**० भारतले दार्चुलाको लिपुलेक हुँदै मानसरोवर जोड्ने सडक निर्माणका विषयमा अहिले विवाद उत्पन्न भएको छ । यस विवादलाई तपाइँ कसरी हेर्नुहुन्छ ?**

– यो एउटा ऐतिहासिक विवाद हो । आजदेखि सुरू भएको होइन । त्यसैले यसलाई हामीले पहिलेको इतिहाससँग जोडेर हेर्नुपर्छ । राजा महेन्द्रको पालादेखि भारतलाई प्रयोग गर्न दिएको कालापानी लगायतका समस्याहरू उठेका हुन् । कालापानी र लिपुलेक लगायतका क्षेत्र पहिलेको नेपालको नक्साअनुसार नेपालकै भूभाग हो । अहिले भारतले नयाँ नक्सा बनाउँदा समस्या देखिएको हुनाले विवादहरू चर्केर आएको छ । मानसरोवर जाने यात्रुमार्ग निर्माण भएर उद्घाटन भएपछि अहिले विवाद उत्पन्न भएको देखिन्छ । यसलाई हामीले गम्भीरतापूर्वक हेर्नुपर्छ । नेपालसँग सोधेर यात्रुमार्ग निर्माण गरेको भए राम्रो हुन्थ्यो ।

**० यो विवाद नेपालले नै उठाएको हो ?**

– हाम्रो विचारमा नेपालको भूमि हो र भारतको विचारमा भारतको भूमि हो । त्यसैले विवादित भएपछि यसको यथार्थ पत्ता लगाएर यात्रुमार्ग निर्माण गरेको भए राम्रो हुन्थ्यो ।

**० यात्रुमार्ग निर्माण भइसकेर उद्घाटन भइसकेपछि जसरी यो विवाद उत्पन्न भयो, निर्माण भइरहेकै बेला सरकार वा सरकारका अंगहरूले किन ध्यान दिएन होला ?**

– यो प्रश्न हामीले नेपाल सरकारसँग गर्नुपर्छ । निर्माण भइरहेको बेला सरकार किन बोलेन र उद्घाटन भइसकेपछि विवाद किन खडा गरियो भन्ने ठूलो प्रश्न छ । अहिले लकडाउनको अवस्था छ । नेपाल-भारत सचिवस्तरीय वार्तामा यस्ता कुराहरू उठाउला भन्ने हुनसक्छ । तर अहिले सचिवस्तरीय बैठकहरू हुन सकिरहेको छैन । यात्रुमार्ग निर्माणबारे नेपाल सरकारले गम्भीरतापूर्वक लिएर कडाईका साथ भारतलाई पत्र लेख्नुपर्दथ्यो । यसमा हाम्रो नेपाल सरकार चुकेकै हो ।

**० निर्माण भइरहेकै बेला सरकारले चासो नदिनुको कारण के हुनसक्छ ?**

– नेपालका राजनीतिक दल र नेताहरू यति कमजोर भए कि हरेक चीजमा भारतको मुख हेर्न थाल्ने, सत्तामा बस्नका लागि पनि भारतको सहयोग चाहिने जस्ता कारणहरूले पनि चुप लागेर बसेका होलान् । नेपाली भूमिमा यदि कुनै अर्को मुलुकले निर्माण कार्य गरिरहेको छ भने हाम्रो सरकार वा अंगहरू थाहा नभएको होला भन्ने मलाई लाग्दैन । त्यतिबेला आफ्नै स्वार्थका लागि चुप लागेर बसेका होलान् । पछि विवाद भएपछि देखाजाला भन्ने मनसायमा थिए होला । जेपनि विवादित भूमिमा भारतले यात्रुमार्ग निर्माण गर्दा नेपाल सरकारसँग राय-विचार गरेको भए धेरै राम्रो हुन्थ्यो ।

**० तर, भारतले त आफ्नै भूमिमा बाटो निर्माण गरेको दाबी गर्दैछ नि ?**

**– भारतलाई लागिरहेको छ कि यो हाम्रो भूमि हो त्यसैले बनाएँ । नेपाललाई लाग्छ यो हाम्रो । सन् १८१५ को सुगौली सन्धिमा जसरी महाकाली नदीलाई नै बोर्डर मानेर महाकालीको पश्चिमतिरको भाग भारत हो, नेपालले कुनै किसिमको दाबी गर्न सक्दैन । भनेपछि काली नदी यताका सबै भूभाग त नेपालको पर्छ । त्यसैभित्र नै लिम्पियाधुरा, लिपुलेक, कालापानीहरू पर्छन् । यतातिरका विद्वानहरूले यदि विवाद उठाउँछन् भने भाग्ने होइन । सीमामा बसेर, आफ्ना प्रमाणहरू दिएर दृढतापूर्वक छलफल गरेर एउटा निष्कर्ष निकाल्नुपर्छ । त्यसमा हामी चुकिरहेका छौं । नेपाल र भारतबीचको मित्रता जस्तो संसारका कुनै पनि देशमा छैन । त्यो देशसँग हाम्रा नेताहरूले अलिकति दूरदर्शिता नदेखाउँदा सम्बन्धमा अलिकति कटुता जस्तो आइरहेका छन् ।**

**० छिमेकीसँगको भूमि विवादको समाधान वार्ता मात्र एक उपाय हो, यसका लागि सरकारले कसरी पहल गर्नुपर्छ ?**

**– हामीले भारतको पनि संवेदनशीलतालाई मध्यनजर गर्दै पहल गर्नुपर्छ र समाधानतर्फ लानुपर्छ । कुटनीतिक तरिकाबाट नै पहल गरेर समाधान निकाल्नुपर्छ । कुटनीतिकरूपमा वार्ताको वातावरण बनाउने, विवादित कुराहरूलाई राजनीतिकरूपमा सुल्झाउने कार्यतर्फ सरकार लाग्नुपर्छ । यस्तो राम्रो सम्बन्धलाई गलतफहमीका कारण बिगार्नु हुँदैन । हामीले प्रमाण दिन सक्यौं र त्यो कुरा सही हो भने भारतले मान्न आनाकानी गर्दैन । किनभने विगतको अनुभव पनि मसँग छ । नेपाल-भारत सीमा कोइलावास भन्ने एउटा ठाउँ छ । त्यो कोइलावास पहिला वि.सं. २०३२/३३ तिर भारतले आफ्नो दाबी गरिरहेको थियो । जब म बोर्डरको हाकिम** भएर गएँ, हामीले सर्वे गर्न थालें त्यसपछि मैले प्रमाणहरू प्रस्तुत गरें । ती प्रमाणहरूको आधारमा त्यो कोइलावास नेपालमा पर्छ भनेर देखियो र भारत सरकार सहजै मान्यो । आज हेर्नुस् कोइलावास नेपालको छ । त्यसकारणले भारतले गर्दै गर्दैन भनेर नभनौं । हामी आफ्नो प्रमाणहरू दियौं भने हाम्रा भूमिहरू लिन सक्छौं भन्ने कोइलासा नै एउटा ठूलो उदाहरण हो । कालापानी र लिपुलेक भारतका लागि धेरै संवेदनशील हुनसक्छ । त्यसैले भारतले छोड्न चाहँदैन होला । त्यो भूमि नेपालको ठहर्‍यो भने र भारतका लागि एकदमै आवश्यक छ भने यस्तो अवस्थामा अन्तर्राष्ट्रिय नियम कानूनहरूमा धेरै प्रावधानहरू छन् । यदि त्यस्तो छ भने ४०-५० वर्षका लागि हामीले भारतलाई लिजमा पनि दिन सक्छौं । यदि भारतकै हो भने भारतले लिन्छ । तर, यसको टुंगो लगाउनका लागि सप्रमाणसहित पहिला बस्नु त पर्‍यो । यसको अर्को तरिका के छ भने टेरोटेरी नै परिवर्तन गरिदिने । बंगलादेशसँग भारतले टेरोटेरी परिवर्तन गरेको छ । जहाँ-जहाँ अप्ठ्यारो थियो त्यहाँ-त्यहाँ भारतले आफ्नो भूमि दिएर र उसको लिएको छ । यो पनि एउटा तरिका हो ।

**० भनेपछि सीमा विवादलाई समाधान गर्नका लागि सरकारले ठोस पहल गर्नु नै आजको आवश्यकता हो ?**

**– यस्ता विवादहरू झिकेर दुवै देशमा स्थिरता आउन सक्दैन । नेपाल र भारतबीच पौराणिक कालदेखिको सम्बन्ध हो । यो सम्बन्धलाई हामी बिगार्ने होइन । सम्बन्धमा जुन प्रगाढता छ, व्यापकता र गहिराई छ त्यसलाई लिएर जाने, एकअर्काको दुःख-सुख बुझ्ने, मद्दत गर्ने र समस्या छ भने समाधान गर्ने अहिलेको प्राथमिकता हो । झगडा गर्ने होइन, टेबुलमा बस्नुस्, प्रमाण ल्याउनुस् र विद्वतापूर्वक छलफल गरेर निष्कर्षमा पुग्नुपर्छ । यसका पहिला नेगोसिएसन सुरू गर्नुपर्छ । मलाई पूर्ण विश्वास छ कि यो समस्यालाई समाधान गर्न सकिन्छ ।**

**० यसमा चीनको भूमिका कस्तो देख्नुहुन्छ ?**

**– जुन बेला चीन र भारतले आफ्नो व्यापार बढाउनका लागि लिपुलेक हुँदै व्यापारिक मार्ग निर्माणमा भूमिका खेलेको छ । जबकि चीनलाई पनि थाहा छ कि लिपुलेक भनेको एउटा प्वाइन्ट हो जहाँ** सर्वे भएको छैन । चीनलाई पनि थाहा छ कि यो विवादित भूमि हो । भनेपछि त्यहाँबाट व्यापार गर्नु हुँदैन भनेर मान्नुहुँदैनथ्यो । चीनले नेपाललाई पनि खबर गरिदिएको भए, त्यसमा आपत्ति जनाउँथ्यौं । तर, जानकारी नै नदिई बनाइएकोले सार्वभौमतामाथि प्रहार हो । यसले गर्दा कटुता बढ्छ । त्यसकारणले चीनले पनि जानी-जानी नेपाल कमजोर हो भनेर भारतसँग सम्झौता गरेको छ ।

**० यस विषयमा चीनले पनि नेपाललाई अँध्यारोमै राख्यो ?**

**– चीनले यी सब कुरा थाहा पाउँदा पाउँदै यस्तो सहमति गर्नु नेपाललाई अँध्यारोमा राखेकै हो नि । हामीलाई खबर गरिदिएको भए हामी भारतसँग कुरा गर्थ्यौं । भारतलाई पनि थाहा छ कि त्यो त्रिदेशीय प्वाइन्ट हो । कालापानी र लिपुलेक क्षेत्रमा त ३०-४० वर्षदेखि हाम्रै सरकारले चुनाव गराएको, मालपोत उठाइरहेको थियो । ३०-४० वर्ष यता हामीले कुनै सहमति नै गरेका छैनौं अनि यो भूमि अर्को देशमा कसरी जान सक्छ । त्यसकारण हामीले यथार्थ र प्रमाणको आधारमा निष्कर्ष निकाल्नुपर्छ ।**

**० ती विवादित क्षेत्रहरू नेपालकै हो भन्ने प्रमाणहरू नेपालसँग छ कि छैन ?**

**– नेपालसँग त प्रशस्त प्रमाणहरू छन् । बैठक नै बसिरहेको छैन, त्यसैले प्रमाणहरू देखाउन सकिरहेको छैन । हामीले भारतको मित्रतालाई धेरै महत्व दिन्छौं, हामी सकभर चाहँदैनौं कि यसलाई अन्तर्राष्ट्रियकरण गर्ने या अन्तर्राष्ट्रिय अदालतमा जानुपर्छ । जब दुई देशबीच राम्रो सम्बन्ध हुँदैन त्यतिबेला अन्तर्राष्ट्रिय अदालतमा जानुपर्छ । विश्वकै सबैभन्दा घनिष्ट सम्बन्ध भएको देशबीच आफैले छलफलबाट निष्कर्ष निकाल्न सक्छौं । यो कुनै ठूलो समस्या होइन । नेपाल र भारतका मान्छेले राम्ररी बुझेका छन् । बसौं, छलफल गरौं, टुंगो लगाऔं ।**

**० नेपालले युएनमा आफ्नो सदस्यता लिनका लागि दिएको नक्सा नै स्पष्ट छैन भन्ने किसिमका कुराहरू आइरहेका छन्, यसमा तपाईंको धारणा के छ त ?**

**– युएनमा सदस्यताका लागि हामीले जुन नक्सा दिएका छौं, त्यसबेला त हाम्रो नक्सा बनाउने हामीसँग केही प्रविधि पनि थिएन । जे गर्नुपर्दा भारतकै मान्छे बोलाएर कामहरू गर्थ्यौं । हामीलाई पठाउने थाहा थियो, न सर्वे थाहा थियो । त्यसैले त्यो बेला सबै** किसिमले मद्दत गर्ने भारत नै थियो । त्यसैले यसको जुन मूल आधार हो १८१५ सुगौली सन्धि जुन ब्रिटिशसँग गरेको छ, त्यसले टुंगो लगाएको, उसले डिमार्केशन गरेका बाउन्ड्रीहरू हो । त्यसैको आधारमा सबै चीज डेभलप भएको छ । जब यहाँ गडबड हुन्छ भने मूल आधारलाई समातौं र सुधार गर्दै लैजाऔं । जजमेन्ट गर्ने धेरै पाटोहरू छन् । हामीले मज्जाले समाधान गर्न सक्छौं । भारतको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै हामीले भारतलाई अप्ठ्यारोमा पार्न चाहँदैनौं । भारत हाम्रो असल मित्र हो ।

**० भारतले आफ्नो राजनीतिक नक्सा सार्वजनिक गर्दा पनि विवाद खडा भएको थियो । तर नेपालले आफ्नो नक्सा किन सार्वजनिक गर्न सकेन ?**

**– हामीले चाह्यौं भने अहिले पनि हचुवाको तालमा ती विवादित भूभागहरू आफ्नो नक्सामा देखाउन सक्छौं । तर, हामीले सम्पूर्ण प्राविधिक पक्षहरूलाई हेरेर निकाल्नुपर्छ । तर, हामीले नक्सा निकाल्दा यकिनका साथ निकालौं । यस विषयमा हामीले थाहा पाएअनुसार प्राविधिक कार्यहरू सरकारले गरिरहेको छ । प्राविधिक आधारहरू** पूरा भइसकेपछि नेपालले आफ्नो आधिकारिक नक्सा सार्वजनिक गर्छ । परराष्ट्रमन्त्रीले भन्नुभएको थियो कि यसमा काम भइरहेको छ । नक्साका लागि हवाई सर्वेक्षण पनि भइरहेको छ ।

**० नेपाल-भारतबीचको सीमा विवाद दीर्घकालीन समाधानका लागि सरकारले के गर्नुपर्छ ?**

**– सीमा विवाद समाधानका लागि सरकारले उच्चस्तरीय समिति बनाउनुपर्छ । यसमा कुनै किसिमको स्वार्थ राख्नु हुँदैन, एकअर्काको सुरक्षा संवेदनशीलतालाई पनि ध्यानमा राख्नुपर्छ । यथार्थको आधारमा अगाडि बढ्यो भने सीमा विवाद समाधान हुनसक्छ । अलि समय लाग्ला । किनभने मैले नेपाल-भारत सीमामा पैदल नै हिंडेको छु । कोइलावास भारतले दाबी गर्दा मैले प्रमाणहरूको आधारमा वि.सं. २०३६ सालमा फिर्ता ल्याएँ । भारतले दिँदैन भन्ने कुरा होइन । त्यतिबेला नै मैले बोर्डरमा काम गरेको छु । त्यसैले हामी तथ्यपूर्ण आधारहरू लिएर जाऔं, भारतले पनि आधारहरू ल्याओस् । कुरा गरौं र विद्वतापूर्वक काम गरौं र समाधान निकालौं ।**

# सीमा समस्यामा सरकारले स्पष्ट निर्णय लिओस्, हामी साथमा छौं

भारतले तिब्बतको मानसरोबर जोड्ने बाटो १३ वर्ष पहिलादेखि नै बनाइरहेको थियो, राज्यलाई यो कुरा थाहा थिएन ? यहाँ यति धेरै प्रधानमन्त्रीहरू फेरिए उहाँहरूलाई थाहा थिएन ? राजा महेन्द्रको बखत होस् वा त्यसपछिका सरकारहरू हुँदा कुनमा मधेशीले मधेशीले नेतृत्व गरेका थिए ? सबै सहमति गर्ने, देश बेच्ने, सीमा मिचाउने अनि हामीलाई आरोप लगाउने कि किन बोलेन ?



## सुरेश कुमार मण्डल

**जसपा नेपालका नेता एवं प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री**

**० जनता समाजवादी पार्टी नेपालको एकता प्रक्रिया कहाँसम्म पुग्यो ?**

**– राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टी मिलेर नयाँ राजनीतिक शक्ति ‘जनता समाजवादी पार्टी नेपाल’ गठन भएको छ । हामीबीच एकताको औपचारिक जानकारी निर्वाचन आयोगलाई दिइसकेका छौं । तत्पश्चात् वैधानिकरूपमा निर्वाचन आयोगमा पार्टी दर्ताका लागि वैधानिक पूर्वाधारहरू तयार** गरिरहेका छौं । जसपाको विधान, घोषणापत्र, झण्डा, चुनाव चिन्ह र कार्य समिति चाहिन्छ । त्यसको तयारीमा हामी छौं । हाम्रो झण्डा र चुनाव चिन्ह तय भइसकेको छ । विधान र घोषणापत्र तयार भइसकेको छ, त्यसमा हामीले छलफल पनि गर्‍यौं । अहिले हामी कार्यसमितिको तयारीमा छौं । विधान र घोषणापत्रको बैठकबाट जुन प्रतिक्रियाहरू आए त्यसलाई समेटेर उच्चस्तरीय कार्यदलले अन्तिम रूप दिनेछ । हामी चाँडै सबै प्रक्रिया पूरा गरेर निर्वाचन आयोगमा जाँदैछौं । यो देश नयाँ र मजबुत राजनीतिक शक्तिको रूपमा जनता समाजवादी पार्टीलाई पाउनेछ ।

**० उच्चस्तरीय कार्यदल केको लागि बनेको हो ?**

**– मुख्यतः विधान र घोषणापत्र लेख्नका लागि उच्चस्तरीय कार्यदल बनेको छ । यी दुईटा कुरामा कार्यदलका शीर्ष नेताहरूले काम पनि गर्नुभएको छ । त्यो ड्राफ्ट हामीसँग पनि आइसकेको छ र त्यसमा हामी छलफल पनि गरिसकेका छौं । तसर्थ त्यो कार्यदलले जुन ड्राफ्ट दिन्छ, त्यसमा छलफल गरेर औपचारिकता दिनुपर्ने हुन्छ । त्यो हाम्रो केन्द्रीय समितिको बैठकबाट दिनुपर्ने हो । तर यो लकडाउनका कारण बैठक बस्ने अवस्था नभएकोले अलि ढिलाइ भइरहेको छ । जिल्ला-जिल्लाबाट हाम्रा केन्द्रीय समितिका साथीहरूबाट हस्ताक्षर ल्याइसकेका छौं, लगभग ८० प्रतिशत हस्ताक्षर आइसकेको छ ।**

**० उच्चस्तरीय कार्यदलमा को-को हुनुहुन्छ ?**

– उच्चस्तरीय कार्यदलमा तत्कालीन राजपा नेपालबाट लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ल र तत्कालीन समाजवादी पार्टीबाट नवराज सुवेदी र राजेन्द्र श्रेष्ठ हुनुहुन्छ । उच्चस्तरीय कार्यदल चार सदस्यीय रहेको छ ।

**० तपाईंहरूले नयाँ वैकल्पिक शक्ति निर्माण गर्ने भन्नुभएको छ । तयार भएको विधान र घोषणापत्रमा नयाँ कुरा के छ त ?**

– मधेश आन्दोलनको सबभन्दा लोकप्रिय नारा मधेशी एकता जिन्दावाद भन्थ्यौं हामी, त्यो सपना साकार भएको छ । यी दुईटा पार्टी एक भइसकेपछि वैधानिकरूपले निर्वाचन आयोगमा दर्ता भई संसदीय शक्तिको रूपमा अर्को कुनै पार्टी छैन अब मधेशमा । तसर्थ, यो सम्पूर्ण मधेशीहरूको एकताको पार्टी हो । मधेशी एकता जिन्दावाद जुन मधेशी जनताको नारा, सपना र चाहना थियो त्यो साकार भएको छ । विगतमा हामी धेरै संघर्षहरू गर्‍यौं, टुटफुट भयो । मधेशको समग्र शक्ति बनिरहेको थिएन । मै विद्यार्थी नेता हुँदा मधेशमा एक पार्टी चाहिन्छ, मधेशमा एक पार्टी प्रस्ताव भनेर मैले कार्यक्रमै गराएको थिएँ । त्यसमा सबै पार्टीका नेताहरू पनि आउनुभएको थियो । त्यतिखेर धेरै नेताले त यो राम्रो कुरो हो तर सम्भव देख्दिँन भन्नेहरू आज हामी सबै एक ठाउँमा छौं । मधेशको नाउँमा राजनीति गर्नेहरू हामी एकै ठाउँमा छौं ।

**० जनता समाजवादीको घोषणापत्रमा ‘बहुराष्ट्रिय राज्य❑ भनिएको छ, त्यो के हो ?**

**– नेपालभित्र धेरै राष्ट्रियताहरू छन् र मधेश पनि एउटा राष्ट्र हो । यस्तै, थारू, मुस्लिम, दलित, जनजाति, तामाङ, लिम्बू, नेवार यी सबै राष्ट्रियहरू मिलेर नेपाल बनेको छ । तसर्थ नेपाल बहुराष्ट्रिय राज्य नै हो । पहिला जुन थियो एउटै भाषा एउटै भेष, नेपाल अहिले त्यो मुलुक होइन । यो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र भएकोले यहाँ धेरै राष्ट्रिहरू समिश्रण** छन् । सबै आआफ्नै छुट्टाछुट्टै पहिचान छ । सम्पूर्ण राष्ट्रियताहरूलाई बहुराष्ट्रियताले मात्रै समेट्न सक्छ । त्यसकारण हामी भन्ने गरेका छौं कि नेपाल बहुराष्ट्रिय देश हो ।

**० मधेशकेन्द्रित दलहरू विगतमा पनि र अहिले जसपा बनिसक्दा पनि राष्ट्रिय मुद्दामा मौन बसेको देखिन्छ नि ?**

**– कसले भन्छ मधेशी दल राष्ट्रिय मुद्दामा बोल्दैन ? यो देश नै चलेको छ हाम्रो मुद्दामा । संघीयता, समानुपातिक समावेशिता लगायतका मुद्दा हाम्रै हो, मधेश आन्दोलनबाट स्थापित भएका मुद्दाहरू हुन् । कांग्रेस र एमालेहरूको मुद्दा कहिल्यै पनि थिएन । त्यसकारणले यो भ्रम पालौं कि मधेशी दलहरू राष्ट्रिय मुद्दामा बोल्दैन । यो देशमा एजेन्डाको कुरा गर्ने हो भने अब अरू कसैसँग एजेन्डा रहेन । केवल जनता समाजवादी पार्टी छ जोसँग एजेन्डा छ । हाम्रो घोषणापत्रमा राज्य पुनर्संरचनाको नयाँ खाका ल्याएका छौं । समानुपातिक निर्वाचन प्रणालीको कुरा गरेका छौं, त्यसमा बहुराष्ट्रिय राज्यको कुरा गरेका छौं । विगतमा संघीयताको सपना हामीले देखेका थियौं, त्यसमा अहिले देश चल्दैछ ।**

**० सीमा विवादको विषयमा किन चुप ?**

**– सीमा विवाद आजको कुरा होइन । महेन्द्र सरकारले सत्ता वापत भारतलाई दिएको नेपाली भूमि । भारतले तिब्बतको मानसरोबर जोड्ने बाटो १३ वर्ष पहिलादेखि नै बनाइरहेको थियो, राज्यलाई यो कुरा थाहा थिएन ? यहाँ यति धेरै प्रधानमन्त्रीहरू** फेरिए उहाँहरूलाई थाहा थिएन ? राजा महेन्द्रको बखत होस् वा त्यसपछिका सरकारहरू हुँदा कुनमा मधेशीले मधेशीले नेतृत्व गरेका थिए ? सबै सहमति गर्ने, देश बेच्ने, सीमा मिचाउने अनि हामीलाई आरोप लगाउने कि किन बोलेन ? सीमा मिचेको होइन, मिचाएको हो । यी सबै पाप यहाँका शासकहरूले गरेका छन्, यसको प्रायश्चित पनि उनीहरूले नै गर्नुपर्छ । जहाँ हामी मधेशी छौं, त्यहाँ एक मिटर पनि सीमा मिचेर देखाओस् त ।

**० अब तपाईंहरू राष्ट्रिय पार्टी भइसकेपछि समग्र राष्ट्रको मुद्दामा बोल्नुपर्दैन ? भारतले यात्रुमार्ग बनाउँदा त्यसमा पार्टीका आधिकारिक धारणा किन आएन ?**

**– हाम्रो धारणा स्पष्ट छ, हामी सरकार होइनौं । सीमाको बारेमा बोल्ने अधिकार केन्द्रीय सरकारलाई छ, परराष्ट्र मन्त्रालय छ, उसले स्पष्ट बोल्नुपर्छ । प्रधानमन्त्रीले खुट्टा कमाउनु हुँदैन । प्रधानमन्त्रीले वार्ताको माध्यमबाट समस्याको समाधान निकाल्नुपर्छ । नेपाली सेना किन हामीले पालिरहेका छौं, सीमामा पठाउनु पर्दैन ? यस विषयमा कुनै पार्टीले बोलेर हुँदैन । जसले यो सरकारको नेतृत्व गरिरहेको छ उ चुप छ, केही बोल्दैन । राष्ट्रिय हितका मुद्दाहरूमा सरकारलाई हाम्रो समर्थन । यो सरकारले स्पष्ट निर्णय लिओस्, हामी साथमा छौं । हामीमाथि किन यस्तो आरोप ?**

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# जनता समाजवादी पार्टी, नेपालको घोषणापत्र

## राजनीतिक दस्तावेज



**१. विषय प्रवेश**

नेपालमा पटक-पटक ठूला ठूला राजनीतिक सङ्घर्षहरू भए । सन्२००६ (वि.सं.२०६२/०६३ साल) मा प्रतिगमनको विरूद्ध भएको संयुक्त जनआन्दोलन, दशवर्षे जनयुद्ध, मधेस जनविद्रोहलगायत आदिवासी जनजाति, खस, शिल्पी/दलित, महिला, मुस्लिम, थारू, पिछडा वर्गलगायत सबै आन्दोलनको परिणामस्वरूप नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भयो । नेपालमा सन् १९३० को दशकदेखि नै जनताले समानता, स्वतन्त्रता र लोकतन्त्रका लागि निरन्तर सङ्घर्ष गर्दै आएका थिए । सन्१९५१ ( वि.सं.२००७ साल) को आन्दोलनले नेपालमा जहाँनिया राणा शासनको अन्त्य र बहुदलीय लोकतान्त्रिक व्यवस्थाको स्थापना गऱ्यो भने सन्१९९० (वि.सं.२०४६) को संयुक्त जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र निरङ्कूश राजतन्त्रलाई एक हदसम्म संवैधानिक बनायो र बहुदलीय लोकतन्त्र पुर्नस्थापित गऱ्यो । यी सङ्घर्षहरू अन्तिममा सम्झौतामा नै टुङ्गिएकाले नेपालमा राजतन्त्रले शक्ति सञ्चय गर्ने अवसरको रूपमा त्यसलाई उपयोग गऱ्यो, जस्को परिणामस्वरूप नेपाली जनताले पटक पटक सङ्घर्ष गर्नुपर्ने स्थिति उत्पन्न भयो । सन् २००६ को संयुक्त जनआन्दोलनले नेपालमा लोकतन्त्रको पुनर्वहाली भयो । दशवर्षे जनयुद्ध र त्यसपछि भएकोमधेस जनविद्रोहको परिणामस्वरूप भएको सम्झौताको आधारमा नेपालमा संविधानसभाको निर्वाचन भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । यो नेपालको राजनीतिक इतिहासमा युगान्तकारी परिवर्तनको घट्ना हो । यो नेपालमा भएको जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, शिल्पी/दलित, महिला, मुस्लिम, थारू, पिछडा वर्गलगायत सबै आन्दोलनको समग्र प्रतिफल हो । परन्तु त्यसमा राज्यको सङ्घीय पुनर्संरचनालगायत कतिपय विषयमा अपूर्णता रहेका छन्।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रकोस्थापनासँगै पुराना राजनीतिक शक्तिहरू यथास्थितिवादी शक्तिमा रूपान्तरित भए । तिनीहरू आफैले उठाएका एजेण्डाहरूमा पनि टिक्न सकेनन् । यस्तो परिस्थितिमा विभिन्न रूपमा नेपालमा परिवर्तनकारी नयाँ राजनीतिक शक्तिहरू जन्मे । ती राजनीतिक शक्तिहरूबिच समय समयमा राजनीतिक रूपमा ध्रुविकरण भएका छन्। त्यसैको पछिल्लो कडीको रूपमा नेपालको राजनीतिक क्षितिजमा पहिचान र अधिकारसहितको सङ्घीयताका लागि सङ्घर्षरत र राष्ट्रिय अन्तराष्ट्रिय दृष्टिकोणमा समेत समान विचार राख्ने दुई पार्टी राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीबिच सन् २०२० अप्रिल २२ का दिन ऐतिहासिक एकीकरण भई जनता समाजवादी पार्टी, नेपालको गठन भएको छ । यस पार्टीले नेपालमा हालसम्म भएका सबै आन्दोलनका उपलब्धीहरूको सकारात्मक पक्षकोसंश्लेषण गरी प्राप्त उपलब्धीहरूको रक्षा गर्दै थप उपलब्धीका लागि सङ्घर्षको बाटो अबलम्बन गर्ने छ । पार्टी एकीकरणको यस महत्त्वपूर्ण घडीमा हामी नेपालमा करीब ८ दशक लामो जनसङ्घर्षमा असीम त्याग र बलीदानीपूर्ण सङ्घर्ष गरेका हजारौँ वीर योद्धाहरू, घाँइते, बेपत्ता, सहीद परिवार सबैको उच्च सम्मान गर्न चाहन्छौं र जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोहलगायत सबै आन्दोलनमा सहादत प्राप्त गरेका महान सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**२. नेपाली समाजको वहुलता र विभेदबाट मुक्तिसम्बन्धी दृष्टिकोण**

नेपाल बहुराष्ट्रिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक र क्षत्रीय विविधतायुक्त मुलुक हो । जाति, भाषा, धर्म र संस्कृतिको दृष्टिले मात्र होइन भौगोलिक दृष्टिले हिमाल, पहाड र तराइ/मधेसमा त्यहाँको हावा पानी, रहनसहन, भेषभुषा, भाषा संस्कृति, अर्थव्यवस्था, सामाजिक संरचना र मनोविज्ञान समेत फरक फरक रहेको छ । यहाँका राष्ट्रियताहरूमा त्यसको पनि असर परेको छ । यस तथ्यलाई सबैले स्वीकार गरे पनि राज्यको संरचना र सत्तामा विविधतालाई अभिव्यक्त हुन दिएको छैन । त्यसैले अहिले नेपालमा वर्गीय, राष्ट्रिय/जातीय, भाषिक, लैङ्गिक र जातपातजन्य विभेदहरू रहेका छन्। मधेसी समुदाय, आदिवासी जनजाति, खस, शिल्पी/दलित, मुस्लिम, थारू, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदायहरू सदियौँदेखि राज्यसत्ता र शासक वर्गद्वारा राजनीतिक, आर्थिक र सामाजिक वहिस्करणमा पारिएका छन् । आदिवासी जनजाति, मधेसी समुदायलगायत उत्पीडित समुदायको जल, जमीन र जङ्गलमाथिको अधिकार खोसिएका छन् । जबसम्म राज्य नै विभेदको बाहक बन्छ, त्यसको समाधान सहज हुँदैन । विश्वमा राष्ट्रिय मुक्ति आन्दोलनको अभ्युदयका मुख्य कारण नै राज्यको विभेदकारी नीति हो । त्यसैले हामीले यस्ता सबैखाले विभेदहरू अन्त्य गर्नु पर्दछ। त्यसका लागि नै हामीले पहिचान र अधिकारसहितको सङ्घीयता, राज्यका सबै अङ्गहरूमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीकरण, सहभागितामूलक समावेशी लोकतन्त्र, सकारात्मक विभेद जस्ता कुराहरू अगाडि सारेका हौँ । हामी सबै जाति, भाषा, धर्म, सस्कृति, वर्ण र लिङ्गका जनसमुदायको मानवीय स्वतन्त्रता र आत्मसम्मानको रक्षा गर्नु पर्दछ भन्ने पक्षमा छौँ । विभेदबाट मुक्तिसम्बन्धी हाम्रो दृष्टिकोण भनेको जस्तो समाज उस्तै राज्य निर्माण गर्नु नै हो । त्यसका लागि नेपाली समाजको बनौटलाई राज्यसत्तामा अभिव्यक्त हुन दिनु पर्दछ। नेपालमा वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा जातपातजन्य विभेदको अन्त्यका लागि हामीले पहिचान र अधिकारसहितको सङ्घीयताको कुरा उठाएका छौँ । सङ्घीयताको सन्दर्भमा नेपालमा प्रशासनिक सङ्घीयता र पहिचानसहितको सङ्घीयता २ मुख्य अवधारणाहरू छन् । नेपालका शासकहरूले विविधतामा एकताको नारा त धेरै दिए । तर व्यवहारमा एकल जातीय राज्यसत्तालाई राज्य पुनर्संरचनाको नाममा समेत निरन्तरता दिए । उत्पीडित राष्ट्रियताहरूको पहिचानको मान्यता र अधिकारलाई सीमान्तकृत गर्ने हेतुले तिनीहरूले प्रशासनिक संरचना मात्र बनाएर सङ्घीयताको सैद्धान्तिक मान्यता, मर्म र भावना विपरीत कार्य गरे । त्यसैले हामीले प्रशासनिक सङ्घीयताको विकल्पमा राष्ट्रिय पहिचानसहितको सङ्घीयताका साथै स्वशासन र स्वायत्तताको अधिकारको पक्षपोषण गरेका छौँ । यसका लागि विज्ञहरू सम्मिलित राज्यपुनर्संरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनका आधारमा १० जोड १ को रूपमा राज्यको पुनर्संरचना गर्नु नै अहिलेको विकल्प हो । त्यसको साथै अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायहरूलाई समेट्न विशेष संरचनाका रूपमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्रहरू निर्माण गर्नु पर्दछ । यस्तो प्रकृतिको सङ्घीय संरचनाले मात्र नेपालमा उत्पीडित राष्ट्रियताहरू माथिको विभेद अन्त्य हुन्छ । त्यसैले पार्टीले सबै राष्ट्रियताहरू, भाषिक समुदाय र उत्पीडित क्षेत्रको पहिचान र अधिकारसहितको सङ्घीयता प्राप्तीको सङ्घर्षलाई केन्द्रिकृत रूपमा र प्रादेशिक रूपमा पनि उठाउने छ र जनसङ्घर्षका विविध रूपहरू प्रयोग गर्दै संसदीय र गैरसंसदीय अर्थात सदन र सडकमा पनि सङ्घर्ष गर्ने नीति लिने छ ।

**३ नेपाली समाजको रूपान्तरण आजको आवश्यकता**

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि राजनीतिक क्रान्तिको मूल्य र मान्यताको कसीमा हेर्दा यसले अझै पूर्णता प्राप्त गर्न सकेको छैन । क्रान्तिकै उपजको रूपमा सबै क्षेत्रमा सबै नागरिकहरूको समानता, बहुराष्ट्रिय/बहुजातीय राज्यको मान्यता अनुरूप सङ्घीय शासन, सहि अर्थमा धर्म निरपेक्षता, समानुपातिक समावेशी, भाषिक समानता, राजनीतिक, आर्थिक, सामाजिक वहिस्करण तथा विभेदबाट मुक्ति हाँसील भइसकेको छैन । त्यसरी नै सामाजिक-आर्थिक क्षेत्रमा आमूल प्रगतिशिल रूपान्तरणको काम बाँकी नै छ । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न देश भएर पनि गरिवी, कुपोषण, अस्वस्थकर जीवन, अभाव, वेरोजगारी व्याप्त हुनु, मौलिक हकको रूपमा रहेको शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा जस्ता आधारभूत अधिकारबाट बञ्चित हुनु, विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायका जनताको राष्ट्रिय/जातीय, भाषिक, सास्कृतिक पहिचान र अधिकार स्थापित हुन नसक्नु समस्याको रूपमा रहेको छ । अर्कोतिर नेपालमा कमिशनखोर पुँजीवाद फस्टाएको छ । केही व्यक्तिहरू भ्रष्ट्राचार र कमिशनको अबैध आर्जनद्वारा अरवपति बनेका छन्। तिनीहरू राज्यसत्ताको बलमा नवधनाड्य बनेका छन्भने श्रमजीवी, गरीव तथा विपन्न वर्ग चरम शोषणमा परेका छन्। महिलाहरूमाथि पितृसत्तात्मक शोषण, लैङ्गिक हिंसा र विभेद जारी नै छ । यस किसिमका असमानता र विकृतिहरू अन्त्य गर्नु आजको आवश्यकता हो । अहिले यी सबै विभेदहरूको अन्त्य जातीय द्वन्द्व र नश्लीय घृणाबाट होइन, यसको संरक्षण गर्ने राज्यसत्ता एवम्संवैधानिक र कानुनी व्यवस्थाहरू बदलेर मात्र हुन सक्छ । त्यसैले अहिले नेपाली जनताको वर्गीय, राष्ट्रिय, लैङ्गिक तथा जातपातजन्य सबैखाले अन्तर्विरोधहरूको केन्द्रीकृत अभिव्यक्ति वर्तमान राज्यसत्ता र नेपाली जनताको अन्तर्विरोधको रूपमा भएको छ । यसलाई जनताको सङ्घर्षबाट मात्र बदल्न सकिन्छ । विश्व मानचित्रमा नेपाल अहिले पनि अल्पविकसित देशहरूको समूहमा रहँदै आएको छ । विश्वको कूल गार्हस्थ उत्पादनमा प्रति व्यक्ति आय करिव ११७०० अमेरिकी डलर पुगेको वर्तमान अवस्थामा नेपालको प्रतिव्यक्ति आय १०३४ डलर मात्र रहेको छ । नेपालले सन्२०२२ अर्थात अबको साढे २ वर्षभित्र अल्पविकसित देशहरूको समूहबाट माथि उठ्ने लक्ष्य राखेको छ भने सन् २०३० सम्ममा मध्यम स्तरको विकसित देश बन्ने लक्ष्य राखेको छ । नेपाल अल्पविकसित देशहरूको समूहबाट माथि उठ्न प्रतिव्यक्ति आय कम्तिमा १,५०० डलर अर्थात प्रतिव्यक्ति आयको वार्षिक वृद्धि औसत १५० डलर चाहिन्छ । यसका लागि नेपालले देशमा स्थीर पुँजीको आकार र उत्पादनशील क्षेत्रमा सरकारी लगानी बढाउन सक्नु पर्दछ । तर विगत ५ वर्षमा सरकारको पुँजीगत बजेट करिब २१ प्रतिशत मात्र रहेको छ भने जनताको आफ्नो कूल आयको करिव ९० प्रतिशत उपभोगमा नै खर्च भइरहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण नआउने हो भने देशको अर्थतन्त्र नै चौपट हुने अवस्था छ । यस्तो अवस्थामा अबको १० वर्षभित्र पनि नेपाल अल्पविकसित देशहरूको समूहबाट बाहिर आउन मुस्किल छ । यसको मुख्य कारण देशमा उद्यमशील पुँजीवाद विकास हुनुको सट्टा कमिशनमुखी, सट्टावाजी र अनुत्पादक प्रकृतिको परजीवी पुँजीवाद (क्रोनि क्यापिटलीज्म) हावी हुनु हो । यस्तो प्रकृतिको विकृत पुँजीवाद देशको समावेशी विकास र समतामूलक समृद्धिको वाधक रहेको छ । यसलाई राज्यको एकल प्रयासले मात्र समाधान गर्न सक्दैन । त्यसैले राज्य, निजी क्षेत्र र समुदायको सहयोगात्मक भूमिकाको आधारमा नेपालको अर्थतन्त्रलाई अगाडि बढाउनु पर्दछ र देशको अर्थतन्त्रलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्नु पर्दछ ।

**४. नेपाली समाज परिवर्तनको दिशा**

शीतयुद्धको समयमा विश्वमा पुँजीवादी र साम्यवादी कित्ताबिच तिव्र द्वन्द्व चल्दथ्यो । तर आज विश्वमा धेरै परिवर्तनहरू भएका छन्। पुँजीवादी देशहरूमा नवउदारवादी अर्थतन्त्रका कारण कुनै न कुनै रूपमा आर्थिक सङ्कट र मन्दी उत्पन्न भईरहेकै छ भने साम्यवादी कित्ताका देशहरूमा सबै व्यवस्था राज्यको नियन्त्रणमा हुँदा व्यक्ति र समुदायको क्षमता कुण्ठित हुनाले उत्पादकत्व बृद्धि हुन सकेको छैन । ती देशहरूमा जनताले राजनीतिक स्वतन्त्रता र आर्थिक समानतालाई एक साथ उपभोग गर्न पाएका छैनन् । त्यसैले आजको विश्वमा समाजवादीहरूले वर्गीय मुद्धा मात्र होइन नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको मुद्धालाई पनि सम्बोधन गर्नु पर्दछ । हामीले एकाइसौं शताब्दीको ज्ञान, विज्ञान र चेतनाका आधारमा नेपालको मौलिकतामा आधारित समाजवादको नयाँ प्रारूपको खोजी गरेका हौं । आजको विश्व उन्नाइसौं शताव्दीमा आधुनिक समाजवादको अभ्युदयभन्दा विज्ञान र प्रविधीको विकासको दृष्टिले धेरै अगाडि बढी सकेको छ । समाजवादका पनि नवीन मान्यताहरू विकसित भएका छन् । हामी ती सबै मान्यताहरूको संश्लेषणका साथ नेपाली विशेषतामा आधारित समाजवादको पक्षमा उभिएका छौँ । त्यस्तो व्यवस्थामा राजनीतिक रूपमा स्वतन्त्रता र आर्थिक रूपमा समानता हुने छ । नवउदारवाद र राज्य नियन्त्रित समाजवादको विकल्पमा व्यक्तिको निजत्वको पनि रक्षा हुने र समुदायको हितलाई पनि ध्यानमा राख्ने समाजवाद हुने छ । यस्तो समाजवादले समाजवादी लोकतन्त्र, आर्थिक बृद्धि, समन्यायिक वितरण, दीगो विकास, जनताको समृद्धि, पर्यावरणको संरक्षण र मानवीय खुशीलाई सँगसँगै प्रबर्द्धन गर्ने छ । देशबाट गरीवी, सामाजिक असमानता, अन्याय, पछौटेपन र पर्यावरणीय विनाशको अन्त्यका साथै मानवले मानवलाई गर्ने सबैखाले शोषण, उत्पीडन, भेदभाव र असमानता उन्मूलन गर्ने छ ।

नेपाल जस्तो बहुराष्ट्रिय/बहुजातीय मुलुकमा एकल जातीय राज्यको ढाँचामा निर्मित राज्यसत्ताको संरचनाले देशका उत्पीडित राष्ट्रियताहरू लामो समयदेखि वहिस्करणमा परेका छन् । तिनीहरूलाई मूल धारमा स्थापित गर्नका लागि हामीले राष्ट्रिय पहिचान र अधिकारसहितको सङ्घीयताको पक्षपोषण गरेका छौं । नेपाल जस्तो विविधतायुक्त मुलुकमा सङ्घीयता बिनाको समाजवादले राष्ट्रिय/जातीय समस्या हल गर्न सक्दैन भने समाजवाद बिनाको सङ्घीयताले वर्गीय समस्या हल गर्न सक्दैन । सङ्घीयता नै अङ्गीकार गर्दा पनि वर्तमान नेपालमा कार्यान्वयन गरिएको राष्ट्रिय पहिचानको मान्यता, स्वशासन र स्वायत्तताबिनाको सङ्घीयताले उत्पीडित राष्ट्रियताहरूलाई मुक्त गर्न सक्दैन । त्यसैले हामीले वर्तमान ७ प्रदेशको प्रशासनिक सङ्घीयतालाई परिवर्तन गरी १० जोड १ को पहिचानसहितको सङ्घीयतामा बदल्न चाहेका छौँ । यसले नेपालमा आफ्नो मौलिक विशेषतासहितको समुन्नत सङ्घीय शासन प्रणालीमा आधारित समाजवादको विकास गर्ने छ । त्यसैले समुन्नत सङ्घीय समाजवाद हाम्रो मार्गदर्शक सिद्धान्त हो । उत्पीडित राष्ट्रियताहरूको मुक्तिका लागि सङ्घीयता र श्रमजीवी वर्गको मुक्तिका लागि समाजवाद यसका दुई मुख्य सैद्धान्तिक आधारहरू हुन् । समुन्नत सङ्घीय समाजवाद नेपालको राष्ट्रिय स्वाधीनता, सहभागितामूलक समावेशी लोकतन्त्र र सामाजिक परिवर्तनको आन्दोलनको समष्टि रूप हो । यसको दार्शनिक आधार वैज्ञानिक दृष्टिकोणमा आधारित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो। यो राजनीतिक लोकतन्त्र मात्र होइन, आर्थिक, सामाजिक तथा साँस्कृतिक लोकतन्त्र पनि हो । यसले समग्रमा नेपाललाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय र जातपातजन्य विभेदहरूबाट मुक्त गर्ने छ ।

सङ्घीय शासन प्रणालीसहितको समाजवादी लोकतान्त्रिक गणतन्त्रको स्थापना हाम्रो पार्टीको गन्तव्य हो । यसले पुँजीवादी लोकतन्त्रको विकल्पमा समाजवादी लोकतन्त्रको स्थापना गर्ने छ । यस्तो प्रकृतिको समाजवाद समानता, स्वतन्त्रता, सम्पन्नता, विभेदको अन्त्य, सामाजिक न्याय, सामाजिक सुरक्षा र जीवनोपयोगी पर्यावरणको संरक्षणमा आधारित हुने छ । यसले राजनीतिक रूपमा जनताको सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, विधीको शासन, कानुनी राज्य,

*क्रमशः पृष्ठ ५ मा*

## मधेश अपडेट

### सञ्चालनमा आयो 'कोरोना विशेष अस्पताल'

जनकपुरधाम । प्रदेश २ मा कोरोना भाइरसको रोकथाम र उपचारमा थप सहयोग पुऱ्याउन यहाँको नर्सिङ क्याम्पसको हातामा लेभल-२ को 'कोरोना विशेष अस्पताल' सञ्चालनमा आएको छ । प्रदेश सरकारले सञ्चालनमा ल्याएको सो विशेष अस्पतालमा सम्भावित कोरोना सङ्क्रमित गर्भवतीको प्रसूति साथै शल्यक्रिया गर्नेसमेत व्यवस्था रहेको छ । ५० शैय्याको विशेष अस्पतालमा आठ शैय्यामा आइसीयूको व्यवस्था रहेको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी गराए । जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा सञ्चालित लेभल-१ को कोरोना अस्पतालबाट सिफारिस गरिएका मध्यम, जटिल र अतिजटिल बिरामीको सो विशेष अस्पतालमा उपचार हुने उनले जानकारी दिए । विशेष अस्पताल सञ्चालनमा आएपछि कोरोनाको उपचारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।यसका साथै विशेष अस्पताल सञ्चालन गर्ने प्रदेश सरकारको नीतिअनुरूप पर्साको पोखरिया-४ स्थित अस्पतालमा आठ शैय्याको आइसोलेसन कक्ष पनि सञ्चालनमा आएको छ ।प्रदेश २ को कोरोना सङ्क्रमणबाट बढी प्रभावित वीरगञ्जको छपकैयामा दुई थप जनशक्तिका साथै स्वाबको नमूना सङ्कलन कार्यमा तीव्रता ल्याइने छ । वीरगञ्जको वडा नं १, २ र ३ लाई स्थानीय प्रशासनले 'सिल' गरी कन्टयाक्ट ट्रेसिङ र स्वाबको नमूना सङ्कलन कार्य जारी राखेको छ । सो स्थानका एकै परिवारका १७ जनामा कोरोना भाइरस भेटिएपछि ती परिवारको आसपासका १८ परिवारका साथै सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी स्वाबको नमूना सङ्कलन कार्यलाई प्रमुखताका साथ अगाडि बढाइएको हो । सो क्षेत्रमा स्वाब सङ्कलन कार्यमा तीव्रता ल्याउन स्वास्थ्य मन्त्रालयका 'भाइरल ट्रान्सपोर्ट मिडियम' (भिटीएम) सहितको जनशक्तिका साथै प्रदेश सरकारका प्रतिनिधि, स्वास्थ्यकर्मीका टोली, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र पथलैया, नारायण अस्पतालका साथै पर्साका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी सो कार्यमा जुटेका छन् ।

### कपिलवस्तुमा थप ३ संक्रमित फेला

कपिलवस्तु । कपिलवस्तुमा थप ३ जना कोरोना संक्रमति पुष्टि भएका छन् । वर्ष १७ का १ जना र १८ का २ गरी ३ जना पुरूषमा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता समिर कुमार अधिकारीद्धारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । उनीहरू तीनै जना मायादेवीस्थित क्वारेन्टाइनमा रहेका नै भएको बताइएको छ । जिल्ला स्वास्थ्य कार्यालय कपिलवस्तुका अनुसार उनीहरू ३ जना मायादेवी गाउँपालिका निवासी हुन् । योसँगै संक्रमितको संख्या कपिलवस्तुमा ५ जना पुगेको छ । पकडीस्थित छत्रपालि तिर्थादेवी माविको क्वारेन्टाइनमा बसेका थिए । त्यहँ रहेका ६५ जनामध्ये यसअघि १२ जनाको नतिजा आउँदा २ जना संक्रमित फेला परेका थिए भने शनिबार आएको नतिजाअनुसार थपिएका हुन् । अहिलेसम्म ६५ जनाको नतिजा आएको हो । अब टेकुस्थित प्रयोगशालमा कपिलवस्तुबाट पठाएको स्वाब परीक्षण गर्न बाँकी नरहेको जानकारी आफूले पाएको प्रजिअ दीर्घ नारायाण पौडेलले जानकारी दिए । खुल्ला सिमानाका कारण भारतवाट नेपाल दिनहु लुकी छिपी आउदा र चेकजांच कम भएको बताइएको छ । अझै कपिलवस्तुमा यो सख्या वढ्ने जानकारहरूले बताएका छन् ।

### पर्सामा ८५ संक्रमित, अस्पतालमा ठाउँ अभाव

वीरगञ्ज । वीरगञ्जको नारायणी अस्पतालमा रहेको आइसोलेसन वार्डमा खटिएकी एकजना स्टाफ नर्समै कोरोना भाइरसको संक्रमण देखिएको छ । यसअघि दुईपटक गराइएको परीक्षणमा कोरोनाको संक्रमण नदेखिए पनि पछिल्लो समयमा गरिएको परीक्षणमा उनको पोजिटिभ रिपोर्ट आएको थियो । अस्पतालमा कोरोना संक्रमितको सख्या बढ्दै गएपछि अस्पतालको पेडियाट्रिक विभागमा कार्यरत ती स्टाफ नर्सलाई अस्पतालको आइसोलेसन वार्डमा खटाइएको थियो । छत्तीस वर्षीया स्टाफ नर्समा कोरोना संक्रमण भएको पुष्टि भएपछि अस्पतालमा कार्यरत अन्य सबै स्वास्थ्यकर्मी त्रासमा रहेका छन् । बुधबार साँझ परीक्षणमा पोजेटिभ देखिएका तीन जनामध्ये एकजना स्टाफ नर्स रहेकी अस्पतालका मेसु डा. मदन उपाध्यायले जानकारी दिए । पर्सा जिल्लामा एक स्टाफ नर्स र दुईजना पत्रकारसहित कोरोना संक्रमितको संख्या ८५ जना पुगेको छ । पर्साको सदरमुकाम वीरगञ्ज र पर्साकै विभिन्न ग्रामीण क्षेत्रमासमेत संक्रमित फेला परेका हुन् । पहिले वीरगञ्जमा मात्र पुगेको कोरोना ग्रामीण क्षेत्रमा पुगेको छ । पर्साको जयमङ्गलापुर, सम्झौता, तुलसीवर्वा, धोबिनी र भिस्वामा पनि सङ्क्रमित फेला परेका छन् ।

### रौतहटमा स्यानिटाइजिङ टनेल सञ्चालन

रौतहट । विश्वमै महामारीको रूपमा तीव्र गतिमा फैलिँदै गइरहेको कोरोनाभाइरस सङ्क्रमणबाट सेवाग्राहीलाई सुरक्षित राख्न रौतहटको दुई स्थानीयतहले एकैसाथ स्यानिटाइजिङ टनेल सञ्चालन गरेको छ । जिल्लाको गरूडा र कटहरिया नगरपालिकाले रौतहटमै पहिलो पटक यो स्यानिटाइजिङ टनेल सञ्लानमा ल्याएको हो । पछिल्लो समय विश्वका अन्य देशहरूसँगै नेपालमा समेत कोरानाभाइरसको सङ्क्रमण धेरै मात्रामा बढ्न थालेपछि गरूडा र कटहरिया नगरपालिकाले यो सेवा सञ्चालनमा ल्याएको हो । स्यानिटाइजिङ टनेलको प्रयोगले कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणमा मद्दत पुग्ने विश्वास लिइएको छ । टनेलभित्र प्रवेश गर्नेबित्तिकै त्यसमा जडान गरिएको मेसिनले आफैँ स्यानिटाइज गरिदिने व्यवस्था गरिएको छ । त्यसैले यो प्रविधिले कोरोनाको जोखिमलाई केही हदसम्म नियन्त्रण गर्न सकिने विश्वास लिइएको गरूडा नगरपालिकाका मेयर ईनु राय यादवले जानकारी दिए ।

### भारतबाट झण्डै ८ सय नेपालीको उद्धार

रूपन्देही । रूपन्देहीको सीमापारि रहेका झण्डै ८ सय नेपालीलाई रूपन्देही ल्याइएको छ । भारतका विभिन्न ठाउँबाट आएर सीमा नजिक क्वारेन्टाइनमा बसेका उनीहरूलाई रूपन्देही ल्याइएको हो । लामो समयसम्म क्वारेन्टाइनमा बसेका उनीहरू जबरजस्ती नेपाल छिर्न खाजेपछि स्थानीय प्रतिनिधिको अगुवाईमा सीमावारि ल्याएर क्वारेन्टाइनमा राखिएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्तले जानकारी दिए । त्यसरी नेपाल आएका नेपालीको संख्या झण्डै ८ सयको हाराहारी रहेको उनले बताए । रूपन्देही ल्याइएका उनीहरूलाई निश्चित समय क्वारेन्टाइमा राखेपछि मात्रै आ-आफ्नो घर पठाइने पन्तले बताए । रूपन्देहीको बेलहिया सीमा नजिक भारतीय क्वारेन्टाइनमा झण्डै १६ सय नेपाली रहेका छन् । उनीहरू मध्ये १२ सयले आफ्नो क्वारेन्टाइन अवधि पुगेको भन्दै घर जान पाउनुपर्ने बताएका छन् ।

### नगरपालिकाको भवन निर्माण सुचारू

धनगढी । कोरोनाका कारण प्रभाबित भएको घोडाघोडी नगरपालिकाको भवन बनाउने काम पुन सुचारू हुने भएको छ । विश्वब्यापी महामारीका रूपमा फैलिएको कोरोना नियन्त्रणका लागि सरकारले चैत्र ११ गतेवाट देशभर लकडाउन गरेपछि भवन निर्माणको काम पुरै प्रभावित बनेको थियो । लकडाउनका बिच काम गर्न नसकिएको हुँदा अब सामाजिक दुरी कायम गरेर काम सुचारू हुने निमार्ण कम्पनी स्काई, एनएस केडिएन जेबीले जनाएको छ । नगरपालिकाको वडा नम्बर १ को हेलिन्याडमा भवन निमार्ण हुने काम भईरहेको थियो । तर कोरोनाका कारण काम प्रभावित भएको थियो । कात्तिक २० गते मात्र पुर्व कृषि मन्त्री तथा कैलाली क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य गौरीशंकर चौधरीले भवनको शिलन्यास गरेका थिए । कात्तिक २० गते शिलन्यास भए पनि अहिलेसम्म जगका लागि खाल्डो खन्ने काम मात्रै भएको छ । भवन निर्माणको काम उसै पनि सुस्त गतिमा भैरहेका बेला लकडाउनले अझै समस्या थपेको छ । बर्षायत सुरू हुनै लाग्दा काम गर्न झनै कठिनाई हुने भए पछि तोकिएको समयमै भवन निर्माणको काम सम्पन्न नहुने देखिएको छ ।। समयमा चाहिएको बेला निर्माणका सामग्रीहरू पनि नपाइने हुदा केही समस्या हुने देखिएको छ । करिब ४ करोड १६ लाखमा स्काई, एनएस केडिएन जेबी निमार्ण कम्पनी दैलेखसँग सम्झौता भएको छ । भवन दुई वर्ष भित्रमा निर्माण गरी सक्ने गरी घोडाघोडी नगरपालिका उक्त कम्पनीसँग सम्झौता गरेको छ ।

### पुर्वकर्मचारी समाजबाट राहत प्रदान

विराटनगर । सेवानिवृत्त कर्मचारी समाज केन्द्रिय कार्यालयले राहत स्वरूप विराटनगर महानगरपालिकाका मेयर भिम पराजुलीलाई महानगरपालिकाको परिसरमा हस्तान्तरण गरेको छ । कर्मचारी समाजले कोरोनाबाट बच्न र बचाउनका लागि हाम्रो सानो सहयोगका हातहरू महानगरपालिकालाई हस्तान्तरण गरेका हौ । दैनिक रोजी रोटी गर्ने मानिसहरू भोक भोकै नहुन् भन्ने हाम्रो अभिप्राय हो । सबैको सहकार्यबाट मात्र सम्भव हुने हुनाले यो कामको थालनी गरेका हौं । हामीले यस्तो बिपद्मा यस्ता सामाजिक खालका कामहरू गरेनौ भने भोलिका सरकारी कर्मचारी जो रिटार्यड हुन्छ उनीहरूलाई पनि मार्गदर्शन हुने हुँदा संगठित रूपमा यस्ता कामको थालनी गरेको कर्मचारी समाजका केन्द्रिय अध्यक्ष पर्शुराम नेपालले बताए । जागिरबाट रिटार्यड भएका पुर्व सरकारी कर्मचारीहरूको छाता संगठनले नगद तथा चामल, दाल, तेल लगायतका दैनिक सामग्रीहरू एकद्धार प्रणालीबाट स्थानीय सरकारले वडा तहसम्म पुग्न सजिलो हुने भएकोले पनि महानगरपालिकालाई नै सानो राहतको प्याकेज उपलब्ध गराएको केन्द्रिय अध्यक्ष नेपालले बताएका छन् ।

# जनता...

मौलिक हक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्याय पालिका, प्रेस स्वतन्त्रता, आत्म निर्णयको अधिकार जस्ता परम्परागत लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबै आत्मसात गर्ने छ । यस्तो नेपाली विशेषतायुक्त समाजवादका विशेषताहरू निम्नानुसार छन् :

**४.१ पहिचानसहितको सङ्घीयता**

नेपालमा आफ्नो ऐतिहासिक थातथलो वा मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना भएका सबै समुदायहरू नेपालका राष्ट्रियताहरू हुन् । तिनीहरू सबैको पहिचान र अधिकारसहितको सङ्घीय शासन प्रणाली अपनाइने छ । शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा सङ्घमा समानान्तर व्यवस्थापिका, सहकार्यात्मक सरकार, सङ्घीय न्यायपालिका र संवैधानिक अङ्गहरू बनाइने छ । प्रदेशलाई अवशिष्ट अधिकार दिइनुका साथै अल्पसङ्ख्यक समुदायहरूको हित रक्षा हुने गरी सङ्घीय संरचना बनाइने छ । स्थानीय तहहरू प्रदेशको क्षेत्राधिकारभित्र रहने छन्। प्रदेश तथा विशेष संरचनाहरू स्वायत्त तथा अधिकारसम्पन्न हुने छन्। तिनीहरूले राजकीय तथा सार्वजनिक मामलाहरूमा स्वशासन तथा स्वायत्तताको अधिकार पाउने छन्।

**४.२ समाजवादी अर्थ-राजनीतिक दिशा**

समाजवाद न्याय, समानता, स्वतन्त्रता र सम्पन्नता भएको, विभेद र शोषण नभएको राज्य व्यवस्था हो । समाजवादमा उत्पादनका साधनहरू सामाजिक हितमा प्रयोग हुन्छ । समाजवाद निर्माण र विकासको प्रकृया राजनीतिक क्रान्तिभन्दा दीर्घकालीन र जटील हुने गर्दछ । सामाजिक-आर्थिक पविर्तनको दिशा तुलनात्मक रूपमा लामो प्रकृयामा हुने गर्दछ । वस्तुगत परिस्थिति परिपक्व नभई हठात परिवर्तन गर्ने बाटोले समाजवाद निर्माण हुन सक्दैन । त्यसैले समाजवादी अर्थ-राजनीतिक दिशा चरणवद्ध रूपमा समाजवाद निर्माण गर्ने बाटोबाट अगाडि बढ्नु पर्दछ । वर्तमान परिस्थितिमा बजार, राज्य र समुदायको समुचित व्यवस्थापन र भूमिका हुने गरी समाजवादउन्मुख नीति लिइने छ ।

**४.३ सहभागितामूलक समावेशी लोकतन्त्र**

समाजवादी लोकतान्त्रिक व्यवस्थामा सबै वर्ग, जात, जाति, भाषा, लिङ्ग, धर्म, संस्कृतिका समुदायहरूलाई राज्यको नीति निर्माणमा सहभागी गराउन तथा राजनीतिको मूल प्रवाहमा समावेश गर्न सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यतालाई आत्मसात गरिएको छ । परम्परागत उदार लोकतन्त्रको मान्यता निरपेक्ष लोकतन्त्रमा आधारित हुने हुँदा त्यसले वहिस्करणमा परेका समुदायलाई समेट्न सक्दैन । त्यसैले त्यसको विकल्पमा अझ उन्नत स्तरको लोकतन्त्रको रूपमा सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यतालाई आत्मासात गरिने छ ।

**४.४ आर्थिक र सामाजिक न्याय**

समाजमा वर्ग, वर्ण, जात, जाति, लिङ्ग आदिमा आधारित सबैखाले अन्याय, असमानता र विभेदको अन्त्य र देशको स्रोत, साधन र शक्तिमा सबै नागरिकहरूको समान पहुँच हुने सामाजिक-आर्थिक व्यवस्था नै समाजवाद हो । यस्तो व्यवस्थामा सबैलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको व्यवस्था हुने छ । सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायहरूको संरक्षण तथा विपन्नमाथिको उत्पीडन र विभेदको अन्त्य गरिने छ । उत्पादनमा बृद्धि, सम्पन्नता, समन्यायिक वितरण, सन्तुलित र समावेशी विकासको माध्यमबाट सबैलाई आर्थिक र सामाजिक न्याय प्रदान गरिने छ ।

**४.५ समतामूलक समृद्धि र मानवीय खुसी**

समतामूलक समृद्धि, मानवीय खुसी र स्तरीय जीवन प्रणाली समाजवादी राज्यको ध्येय हो । देशको आर्थिक विकास र समृद्धि पुँजीवादमा पनि सम्भव छ । तर त्यस्तो समाजमा सम्पन्न र विपन्नबिच ठूलो खाडल रहेको हुन्छ । मजदूर, किसान, बौद्धिक पेसाकर्मीलगायतका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूलाई उत्पादनका साधनहरू र राजकीय शक्तिबाट वञ्चित गरिने हुँदा तिनीहरूले अभावको जिन्दगी बाँच्नुपर्ने हुन्छ । त्यसैले श्रमजीवी, उत्पीडित राष्ट्रियता, महिला, शिल्पी/दलितलगायत सबैको समृद्धि समाजवादमा मात्र सम्भव छ । अतः समतामूलक समृद्धि र मानवीय खुसी समाजवादको ध्येय हुने छ ।

**४.६ सुशासन र सदाचार**

अहिले नेपालको राज्यव्यवस्था भ्रष्टाचारको पर्याय जस्तो भएको छ । देशको कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा निकायलगायत राज्यका सबै अङ्गहरू यसका बाहक बनेका छन् । भ्रष्टाचारको अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार कायम गर्नु हाम्रो आधारभूत लक्ष्य हो । त्यसैले भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाटै निगरानी राखेर त्यसबारे छानबिन र आवश्यक कार्वाही सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपालको व्यवस्था गरिने छ ।

**४.७ समानुपातिक निर्वाचन प्रणाली र समावेशीकरण**

नेपालले अहिले अपनाएको समानान्तर मिश्रित निर्वाचन प्रणाली खर्चिलो हुनुका साथै यसले श्रमजीवी, गरिव, महिला, शिल्पी/दलित तथा अल्पसङ्ख्यक समुदायहरूलाई सम्बोधन गर्न सकेको छैन । प्रत्यक्ष तर्फको निर्वाचन जित्न करोडौं खर्च गर्ने र सत्तामा पुगेपछि भ्रष्टाचार गरी त्यसको व्याजसहित असूल गर्ने प्रवृत्ति बढ्दो छ भने समानुपातिक तर्फ पनि बन्द सूची प्रणालीका कारण विकृति र विसङ्गती जन्मिएका छन् । त्यसैले अब नेपालमा जनताकै मतबाट निर्वाचित हुने समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गरिने छ । सार्वजनिक प्रशासन, कर्मचारीतन्त्र, सेना, प्रहरीलगायत राज्यका सबै अङ्गहरूमा महिलाहरूलाई न्युनतम ३३ प्रतिशत प्रत्यभूत हुने गरी जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्थाका साथै वहिस्करणमा पारिएका अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई आरक्षणको व्यवस्था गरिने छ ।

**४.८ सामाजिक सुरक्षासहितको लोककल्याणकारी राज्य**

समाजवादी व्यवस्था लोककल्याणकारी राज्य व्यवस्था हो । यस्तो व्यवस्थामा नागरिकहरूका बिच अवसरको समानता, सम्पत्तिको समन्यायिक वितरण तथा जीवनको न्यूनतम आवश्यकता आफै पुरा गर्न नसक्ने जेष्ठ नागरिक, बाल बालिका, असहाय, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, बेरोजगार, विपन्न र गरीब नागरिकहरूका लागि राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने छ ।

**४.९ पर्यावरणीय सन्तुलन र संरक्षण**

वर्तमान विश्वमा तीव्र गतिले बढिरहेको औद्योगिकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण अदिका कारण तापमान बृद्धि भई मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम रहेको छ । जैविक विविधता तथा पर्यावरण संरक्षण एवम् सन्तुलनका लागि पार्टीले ठोस कदम चाल्ने छ । विकासका कार्यहरू अगाडि बढाउँदा पर्यावरणमैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाइने छ ।

**४.१० बहुलतायुक्त तथा बहुसास्कृतिक राष्ट्रवाद**

समाजवादी व्यवस्थामा बहुसंस्कृतिवादको मान्यता अनुरूप जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक विविधतालाई अभिव्यक्त हुन दिनुका साथैसमाजमा विद्यमान वर्णव्यवस्था, अन्धविश्वास, सामाजीक कुरीति प्रथा परम्पराका आडमा हुने तमाम खाले शोषणहरूलाई अन्त्य गरिने छ । राष्ट्रिय, लोकतान्त्रिक र बैज्ञानिक संस्कृति प्रवर्द्धन गरिने छ । सङ्घीय शासन प्रणालीसहितको समाजवादमा राज्यभित्र राज्य र राष्ट्रभित्र राष्ट्रको मान्यतालाई आत्मसात गरिने भएकाले यसले एकल जातीय राष्ट्रवादको विकल्पमा बहुलतायुक्त राष्ट्रवादलाई अङ्गाल्ने छ । सङ्घमा साझा राष्ट्रियता र प्रदेशहरूमा प्रादेशिक राष्ट्रियताको विकास गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने नीति लिइने छ ।

**५ उत्पीडित राष्ट्रियता तथा श्रमजीवी जनताको एकता**

श्रमजीवी जनता समाजवाद निर्माणको मुख्य आधार हो । हाम्रो जस्तो बहुराष्ट्रिय मुलुकमा समावेशी विकास र समृद्धिका लागि राज्यसत्तामा सबै समुदायको सहभागिता नभएसम्म समाजवाद निर्माण हुन सक्दैन । तर बहुराष्ट्रिय स्वरूपको हाम्रो देशमा एकल राष्ट्रिय राज्यको ढाँचामा राज्यसत्ता निर्माण हुँदा धेरै राष्ट्रियताहरू उत्पीडनमा परे । त्यसैले उत्पीडित राष्ट्रियताहरूले राष्ट्रिय मुक्तिका लागि आन्दोलन गरिरहेका छन् । यस्तो स्थितिमा श्रमजीवी जनताको वर्गीय मुक्ति र उत्पीडित राष्ट्रियताहरूको राष्ट्रिय मुक्तिको आन्दोलनलाई एक साथ अगाडि बढाउन आवश्यक छ । त्यसैलाई सम्बोधन गर्नका लागि नै हामीले सङ्घीय शासन प्रणालीसहितको समाजवादी लोकतान्त्रिक गणतन्त्र स्थापनाको रणनीतिक लक्ष्य तय गरेका हौं । त्यसैले नेपालमा समाजवाद स्थापनाका लागि मजदूर, किसान, बौद्धिक पेसाकर्मी लगायतका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको एकतावद्ध पहल आवश्यक छ । जनता समाजवादी पार्टीले यी दुबैको प्रतिनिधित्व गर्नु पर्दछ । श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूबिचको एकताले नै नेपालमा विद्यमान सबैखाले अन्तर्विरोध र विभेदको समाधान हुन्छ । त्यसैले अहिले नेपालका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको राज्यसँग रहेको राजनीतिक, आर्थिक तथा सामाजिक-सांस्कृतिक अन्तर्विरोध हल गर्नका लागि सामन्ती पुनर्उत्थानवादी, कमिशनखोर तथा एकाधिकार पुँजीवाद र एकल जातीय अधिपत्य रहेको राज्यसत्ता अन्त्य गर्नु पर्दछ ।

**६. अन्तर्राष्ट्रिय सम्बन्ध**

नेपालले अन्तराष्ट्रिय जगतमा आफ्नो स्वतन्त्र पहिचान र अस्तित्व कायम गर्दै आएको छ । आजको विश्वमा शान्तिपूर्ण सहअस्तित्व, सार्वभौम समानता, पञ्चशीलको सिद्धान्त, राष्ट्रिय सुरक्षा, अन्तर्निर्भर अर्थतन्त्र, साँस्कृतिक अनतिक्रम्यता र जनताको समृद्धिलक्षियत सम्बन्ध नै हाम्रो परराष्ट्र नीतिको आधार हुनु पर्दछ । हाम्रो देशको भू-राजनीतिक स्थितिमाथि मध्यनजर गर्दै सन्तुलित, अर्न्तनिर्भरतापूर्ण र एक्काईसौ शताव्दीको लक्ष्यसँग हाम्रो परराष्ट्र नीति जोडिनु पर्दछ । यसै नीतिअनुसार हाम्रो छिमेकी मुलुकहरूसँगको सामाजिक आर्थिक सम्बन्धलाई पार्टीले विशेष महत्त्व दिनुका साथै विश्वका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने छ । हाम्रो परराष्ट्र नीति राष्ट्रिय हित र जनताको समृद्धिमा केन्द्रित हुने छ । देशको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितलाई विश्व समुदायका बिचमा स्थापित गर्नु, भूपरिवेस्ठित देशको अधिकार, ठूला र साना देशहरूबिच पूर्ण समानाधिकार तथा एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको पक्षपोषण गर्नु, आर्थिक कुटनीति अबलम्वन गरी देश विकास एवम् समृद्धिमा ठोस योगदान पुऱ्याउनु हाम्रो परराष्ट्र नीतिको मूल लक्ष्य हुने छ ।

अन्त्यमा अहिले हामी पार्टी एकीकरणको माध्यमबाट देशमा एउटा सशक्त राजनीतिक विकल्प निर्माणको महान अभियानमा छौं । पुरानो असान्दर्भिक विचार बोकेर बैकल्पीक राजनीतिक शक्ति निर्माण हुँदैन । त्यसैले विचारको दृष्टिले नयाँ तथा समयसापेक्ष र शक्तिको हिसावले पहिलो बनाउने हाम्रो लक्ष्य हो । यो अभियान दुईवटा पार्टीको एकतामा मात्र सीमित हुने छैन । देशका सबै अग्रगामी राजीतिक शक्तिहरूलाई एकीकरण र ध्रुवीकरणमा ल्याउनु हाम्रो दायित्व हो । हाम्रो यो एकीकरणलेसमान विचार र दृष्टिकोण राख्ने अन्य दल, समुह वा व्यक्ति-व्यक्तित्व सबैलाई एकतावद्ध र ध्रुविकृत हुन थप प्रेरणा दिनेछ भन्ने पनि हाम्रो विश्वास छ । नेपाललाई स्वतन्त्र, समृद्ध, समतामूलक, न्यायपूर्ण, विभेद रहित, धर्म निरपेक्ष, समावेशी, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माणका लागि हामीले सशक्त सङ्गठनात्मक शक्ति निर्माण गरी पार्टीलाई देशको नेतृत्वदायी राजनीतिक शक्तिको रूपमा स्थापित गर्नु पर्दछ । पार्टीले वैचारिक, सङ्गठनात्मक तथा प्रचार प्रसारका क्षेत्रमा आफ्ना रणनीतिक र कार्यनीतिक योजनाहरू निर्माणका साथैजन आन्दोलनहरूको विकास गर्दै अगाडि बढ्नु पर्दछ । आज देशले तीव्र सामाजिक आर्थिक परिवर्तन खोजेको छ, जनताले उत्पीडनबाट मुक्ति खोजेको छ । देशको स्वाधिनता र स्वाभिमानको रक्षा सरकारको मात्र नभई आम नागरिकको दायीत्व हो । अतः आउनु होस, देशमा विद्यमान सबैखाले विभेदबाट मुक्तिका लागि जनता समाजवादी पार्टी नेपालमा गोलबन्द होऔं । वर्गीय शोषण र उत्पीडनबाट मुक्ति चाहने मजदूर, किसान, बुद्धिजीवीलगायतका श्रमजीवी वर्ग आफ्नो हक, हीत र अधिकार संरक्षणका लागि, उत्पीडित राष्ट्रियताहरू जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विभेदबाट मुक्तिका लागि, क्षेत्रीय असमानता र पछाडि पारिएका समुदाय समतामुलक विकासका लागि, सदियौंदेखि पितृसत्ताको जालोमा परेकाहरू लैङ्गिक समानताका लागि र यो देशका तमाम न्याय, समानता र स्वतन्त्रता पक्षधर व्यक्ति तथा शक्तिहरू यो देशको मुहार फेर्नका लागि यस पार्टीमा सामेल होऔं । धन्यवाद ।

**जनता समाजवादी पार्टी नेपाल**
**केन्द्रीय तदर्थ समिति**

# जनकपुरको जानकी मन्दिरको विवाद छताछुल्ल

जनकपुरधाम । जानकी मन्दिरका महन्त र शिष्यबीच चुलिएको विवादले चलिदैं गएको छ । मन्दिरको व्यवस्थापन, अधिकार, उत्तराधिकारी, मूल्य मान्यता तथा अमर्यादित गतिविधि सञ्चालनका विषयमा उत्पन्न विवादले मन्दिरको अस्तित्वमाथि नै सङ्कट मडारिन थालेको जनाइएको छ । जानकी नवमीका दिन वैशाख १९ गते महन्तका शिष्य रामरोशनले प्रसादका रूपमा मन्दिरमा माता जानकीका नाममा जन्म केक काट्नाका साथै आफ्नो कक्षमा महिलासँग नाचगान गरेको घटना र अपारदर्शिताका बारेमा महन्तद्वारा स्थानीय विभिन्न सञ्चारमाध्यममा दिएको अभिव्यक्तिपछि आमसमुदायमा मन्दिरको भविष्य अब के होला भन्ने चिन्ताले तीव्रता पाएको छ । महन्त रामतपेश्वर दासले शिष्य रामरोशनले आफूलाई स्वयं उत्तराधिकारी घोषणा गरी मन्दिरको महन्त परम्परा, मूल्य मान्यताको मर्दन हुने चलखेल गरिरहेको आरोप लगाएका छन् । गुठी संस्थानको ऐनमा उत्तराधिकारीको व्यवस्था नभए पनि शिष्य रामरोशनले संस्थानबाट उत्तराधिकारीको परिचयपत्र लिई आर्थिक गतिविधिलगायत मन्दिरमा महन्तझैं पूर्णरूपले अधिकार प्रयोग गरी आफूलाई बेवास्ता तथा मन्दिरको गरिमालाई स्खलित हुने गतिविधि गरिरहेको महन्त दास बताउँछन् । महन्त दास भन्छन्, 'करिब ६ वर्षअघि आफू बिरामी भई उपचारका लागि केही समय भारतमा बसेका बेला शिष्य रामरोशनले आफूलाई उत्तराधिकारी एवं छोटे (सानो) महन्त भन्दै सरकारी निकायदेखि लिएर विभिन्न श्रद्धालुबाट आर्थिक सहयोग तथा दान लिने क्रम शुरू गरेको हो ।'

जानकी मन्दिर गुरू शिष्य परम्पराअनुसार शिष्यको समुदायबाट सञ्चालन हुने गरेको छ । गुरूको निधनपछि शिष्य महन्त हुने मन्दिरमा चलन रहेकामा शिष्य रामरोशनले सो परम्परा विपरीत उत्तराधिकारी महन्त घोषणा गरी महन्त रामतपेश्वरलाई मनोवैज्ञानिक ढङ्गले रोगीझैं व्यवहार गरी मन्दिरमा स्वेच्छाचारी संरचना निर्माण गरेको महन्तका अर्का शिष्य पवन चौधरी बताउँछन् । उनी भन्छन्, 'रामरोशन आर्थिक हिनामिना, साधु सन्तभन्दा नेता, महिलाबीच रम्ने र गुरूलाई दासझैं बनाउने खेलमा लागेको छ ।' सत्रौं शताब्दीको अन्ततिर महात्मा सुरकिशोर दासले वर्तमान जानकी मन्दिर भएको स्थानमा नीमको रूखमुनि सपनामा जानकी माताबाट मेरो बुबाको घर जनकपुरधाम यही हो, मेरा मूर्तिहरू यही रूख मुनि छन्, यसलाई निकालेर पूजा गर्नुस् भनी आदेश भएपछि दासले सोही स्थानमा खन्ती गाडी भगवान्को पूजाअर्चना शुरू गरेको देखिन्छ ।

महात्मा सुरकिशोर दास वस्तुतः आधुनिक जनकपुरको संस्थापक र जानकीको उपासना पद्धतिको प्रचारक, सन्त एवं कवि मानिन्छ । मकवानपुरका सेन राजा माणिक सेनले ईसन् १७२७ मा यिनै महात्माका चेला प्रयोग दासका समयमा जनकपुर आई सीतारामको दर्शन गरी भोगरागका लागि बुश विर्ता अर्पण गरी मन्दिरको सञ्चालन एवं सम्बर्द्धनमा ठूलो योगदान पुऱ्याएको इतिहास छ ।

अध्येता नारायणप्रसाद रिमालका अनुसार राजगुठीअन्तर्गत पूर्णरूपमा स्वतन्त्र रहेको जानकी मन्दिर गुरू शिष्य परम्परागत रही सञ्चालन व्यवस्थापनको जिम्मा महन्तमा निहित रहेको देखिएको छ ।

जानकी मन्दिरमा सुरकिशोर दास, प्रयाग दास, जनक विदेही दास, हरिनारायण दास, बलराम दास, सुमरन दास, विश्वम्भर दास, रामगुलेला दास, नरहरि दास, हरिभजन दास, रामकृष्ण दास, नवलकिशोर दास, रामशरण दास र रामतपेश्वर दास (वर्तमान) रहेको पाइन्छ ।

सुरकिशोर दासपछिका महन्तमा प्रयाग दास, विश्वम्भर दास, रामकृष्ण दास, नवलकिशोर दासको नाम साधु सन्त समाजमा विशेष उल्लेखनीय रहेको पाइन्छ । प्रयाग दास महात्मा सुरकिशोर दासझैं वात्सल्यभावनिष्ठ सन्त रहेको र उनी आफूलाई निमीवंशी र जानकीजीको सानो भाइ भन्ने गरेका कारण उनी अयोध्या र मिथिलामा मामा प्रयाग दास भनी विख्यात रहेको कथन छ ।

जानकी मन्दिर र राममन्दिर पहिले एकै व्यवस्थापनमा चल्ने गरे पनि राममन्दिर दशनामी र जानकी मन्दिर वैष्णव सम्प्रदाय रहेकाले दुवैमा मनोमालिन्य भई कहिलेकाहीँ गम्भीर स्थितिको सिर्जना भएपछि महात्मा विश्वम्भर दासले आधा आधा जमिन बंटबारा गरी एक अर्कामा भएको जानकी मन्दिरको व्यवस्थापनलाई स्वतन्त्र एवं चुस्त बनाएको इतिहास पाइन्छ ।

महात्मा रामकृष्ण दासको पालामा वर्तमान जानकी मन्दिर बनेको हो । यसको निर्माणमध्ये भारत ओरछा नरेश टीकमगढका महाराजा प्रताप सिंहकी पत्नी वृषभान कुँवरी पुत्र प्राप्तिको खुशियालीमा गर्न लगाएको देखिन्छ । महात्मा रामकृष्ण दासले नै महारानी र महाराजालाई जानकीको मन्दिर अयोध्या र जनकपुरमा निर्माण गर्न उत्साहित गरेको अध्येता रिमालको अन्वेषणमा उल्लेख छ । जानकी मन्दिरको शिलान्यास विसं १९५२ माघ २८ गतेमा भई विसं १९६७ माघ २८ गते प्रतिष्ठा भएको हो । प्रतिष्ठाका अवसरमा महाराजा प्रतापसिंहकी महारानी वृषभान कुँवरीको मृत्यु भइसकेकाले महाराजाको दोस्रो पत्नी गणेश कुँवरी साथ सीतारामका मणिविग्रहका आकर्षक मूर्ति प्रतिष्ठा गरिएको इतिहास पाइन्छ ।

जानकी मन्दिरका वर्तमान महन्त रामपतेश्वर दासले शतवार्षिकी समारोह, विशेष धार्मिक प्रवचन, विवाह पञ्चमी, रामनवमी, झुलन पर्व, जानकी नवमी, कोजाग्रत पूर्णिमा, अन्नकुट उत्सवको आयोजना गरी यस क्षेत्रको धार्मिक विकासतर्फ केन्द्रित रहेको देखिन्छ ।

## संक्षिप्त समाचार

### चिकित्सक र एम्बुलेन्स चालकलाई स्वास्थ्य सामग्री

वीरगञ्ज । वीरगञ्जमा चिकित्सक, स्वास्थ्यकर्मी र एम्बुलेन्स चालकलाई स्वास्थ्य सामग्री प्रदान गरिएको छ । पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादवले चिकित्सक, स्वास्थ्यकर्मी र एम्बुलेन्स चालकलाई बिहीबार स्वास्थ्य सामग्री वितरण गरेका हुन् । उनले नारायणी अस्पतालका चिकित्सकलाई ३५ थान पीपीई, वीरगञ्ज महानगरपालिकामा रहेका १६ वटा स्वास्थ्य चौकीलाई पीपीई सेट, थर्मल गन, मास्क लगायतका सामाग्री उपलब्ध गराएका छन् । ११ जना एम्बुलेन्स चालकलाई समेत उनले पीपीई सेट र दुई थान थर्मल गन उपलब्ध गराएका छन् ।

### करेन्ट लागेर युवकको मृत्यु

कपिलवस्तु । शिवराज नगरपालिका-७ डेउवा बस्ने २३ वर्षीय राजेश चौधरीको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको छ । आफ्नै फुसको घर छाउने क्रममा हरियो बासले बिजुलीको पोलको नाङ्गो तारमा छुन गई करेन्ट लागेर गम्भीर घाइते भएका उनको शिवराज अस्पताल बहादुरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### प्रदेश २ सरकारलाई २६३ थान पीपीई

जनकपुरधाम । कोरोना भाइरस (कोभिड १९) महामारीविरूद्ध लड्न सेभ द चिल्ड्रेनले प्रदेश २ सरकारलाई २ सय ६३ थान पर्सनल प्रोटेक्टिभ इक्विपमेन्ट (पीपीई) प्रदान गरेको छ । सामाजिक विकास मन्त्री नवलकिशोर साहलाई उक्त सामग्री प्रदान गरेको सेभ द चिल्ड्रेनका पूर्वाञ्चल फिल्ड कार्यालयका सहनिर्देशक डा. अजयकान्त झाले बताए । सेभ द चिल्ड्रेनले उपलब्ध गराएको स्वास्थ्य सामग्रीले कोरोना महामारीविरूद्ध लड्न सहयोग पुग्ने सामाजिक विकास मन्त्री साहले बताए ।

### फरार भएका संक्रमितहरू नियन्त्रणमा

वीरगन्ज । नारायणी अस्पतालबाट भागेका दुई जना कोरोना भाइरस (कोभिड-१९) संक्रमितहरूलाई प्रहरीले पक्राउ उपचारका लागि अस्पताल पठाएको छ । दुवै संक्रमितहरू बुधबार साँझ अस्पतालबाट फरार भएका थिए । नारायणी अस्पतालको आइसोलेसन कक्षबाट फरार भएका संक्रमितहरूलाई सोही दिन साँझ प्रहरीले नियन्त्रणमा लिएको हो ।

### बााके र कपिलवस्तुका दुई जना कोरोना पुष्टि

बाँके । बाँके र कपिलवस्तुका दुई जनामा बुधबार कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बाँके र कपिलस्तु थप १/१ जनामा कोरोना संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार बाँकेको नेपालगञ्ज उपमहानगरपालिका- ८ का ३६ वर्षका पुरूष र कपिलवस्तु नगरपालिका- ५ का २२ वर्षका युवकमा कोरोना संक्रमण देखिएको हो । बाँकेका युवकको धुलिखेल अस्पतालको प्रयोगशालामा र कपिलवस्तुका युवकको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पीसीआर परीक्षण गरिएको थियो । उनीहरू दुबै जना स्वास्थ्यकर्मीको सम्पर्कमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । थपिएका दुई संक्रमितको संख्यासँगै नेपालमा कोरोना संक्रमितको संख्या २१९ पुगेको छ ।

### भारतमा क्वारेन्टाइनमा बसेका दुई सय ४२ लाई नेपाल ल्याइयो

भीमदत्तनगर । भारतमा ४५ दिन क्वारेन्टाइन बसेका दुई सय ४२ जना नेपालीलाई स्वदेश ल्याइएको छ । कञ्चनपुरको पश्चिमी नाका गड्डाचौकीबाट उनीहरूलाई नेपाल ल्याइएको हो । सीमावर्ती भारतीय बजार वनवासाको स्कुलमा क्वारेन्टाइन बसेका दुई सय ५१ जनामध्ये पहिलो दिन ७५ र दोस्रो दिन एक सय ६७ जनालाई भारतीय पक्षसित समन्वय गरी स्वदेश फिर्ता ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र पौडेलले वनवासामा ४५ दिन क्वारेन्टाइनमा बसेका नागरिकलाई समन्वय गरी ल्याइएको जानकारी दिए । भारतीय पक्षले क्वारेन्टाइनबाट घर जान अनुमति दिएका नागरिकले प्रहरीले सीमाक्षेत्रबाट उद्धार गरी यहाँको क्वारेन्टाइनमा कोरोना जाँचका लागि राख्ने गरेको छ ।

### ६७ पिन्ट रगत संकलन

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी विराटनगर महानगरपालिका वडा नं. ११ शाखा कमिटीको आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्नभएको छ । विराटनगर-११ स्थित श्री जनपथमाविमा मङ्गलबार सम्पन्न भएको रक्तदान कार्यक्रममा कुल ६७ जना रक्तदाताहरूबाट रगत संकलन भएको छ । लकडाउनका कारण विराटनगरको ब्लड बैङकमा रगतको अभाव सिर्जना भएपछि रक्तदान कार्यक्रमको आयोजना गरिएको नेकपा विराटनगर महानगर कमिटीको अध्यक्ष सागर थापाले बताए । त्यस्तै नेकपा ११ नं. वडा कमिटीकी अध्यक्ष ममता प्रधानले रगतको अभावमा ज्यान गुमाउन बाध्य हुनु नपरोस् भन्ने धारणा व्यक्त गर्दै सम्पुर्ण रक्तदाताहरूलाई धन्यवाद ज्ञापन गरे । नेपाल रेडक्रस सोसाइटी मोरङ्गको प्राविधिक सहयोगमा रहेको उक्त कार्यक्रममा युवा तथा प्रौढ उमेर समुहकाले रक्तदान गरेका थिए ।

### भरूवा बन्दुक बरामद

बाँके । कोहलपुर नगरपालिका-७ स्थित मितेरी सामुदायिक लखनबार वनमा बेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक बिहीबार बिहान प्रहरीले बरामद गरेको छ । कोहलपुर नगरपालिका-७ बस्ने ३१ वर्षीय ठाकुर सिंह चौधरीसहित ४ जना व्यक्तिहरू उक्त वनमा बुधबार राति घर छाउने लट्ठी काट्न गएको अवस्थामा बन्दुक पड्किएर चौधरी घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले घटनास्थलबाट उक्त बन्दुक बरामद गरेको हो । घाइते चौधरीको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### ट्रकको ठक्करबाट एकको मृत्यु

कैलाली । बर्दगोरिया गाउँपालिका-४ स्थित सडकमा से.१ ख९४५ नम्बरको ट्रकले सु.प.प्र.०१ ००८ प ४४७४ नम्बरको मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा सवार जोशिपुर गाउँपालिका-८ बस्ने२० वर्षीय शेर बहादुर डगौराको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही गाउँपालिका(६ बस्ने३५ वर्षीय पर्शुराम डगौरालाई उपचारको लागिघोडाघोडी अस्पताल सुखड पठाइएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# मेरो आत्मालोचना र उग्रआत्मघाती राष्ट्रवादको भण्डाफोर



डा.मनोज मुक्ति विवेक

नेपालमा अहिले कोरोना ख्क मातृभूमिको अवस्था सृजना भएको देखिन्छ ! तर, ज्यान भन्दा राष्ट्र नै ठूलो हुन्छ भन्ने सिद्वान्त र मान्यतालाई नकार्न सकिन्न ! त्यसले एकजुट हौं र दलाल, राष्ट्रघाती, देश(बेचुवा, फटहाहरू को बिरूद्ध शंखनाद गरौं !

“धर्म(निरपेक्ष संघीय लूटतान्त्रिक न्ल्तन्त्र“ र त्यसका सर्जकहरूलाई पशुपति आर्यघाटमा बैन्ड( बाजा(बारातका साथ यथासिघ्र विसर्जन गरौं ।

आत्म(आलोचना, प्रायश्चित, भुलसुधार नै मानवता हो र मानवीय गुण पनी, नभए जीवबिज्ञानले मानवलाई पनि जनावर नै भन्छ “क्यअर्ष्वा ब्लष्वा“।

म आज सार्वजनिक आत्म(आलोचना एवं प्रायश्चित गर्दैछु र आजै अहिलेदेखि नै भुलसुधार गर्न आफनो सम्पूर्ण शक्ति परिचालन गर्ने सार्वजनिक बचनबद्धता व्यक्त गर्दछु । मैले आफुलाई आफैले आफनो सम्पूर्ण मुल्यांकन गर्दा, मैले आफनो जीवनकालमा गरेको सबभन्दा ठूलो गल्ती “टज्ञरटद्द को जन(आन्दोलन “ र त्यस पश्चातका नेपाल भित्र भएका सबैखाले आन्दोलनहरूमा आफनो सम्पूर्ण शक्तिले भ्याएसम्मको नेतृत्वदायी भुमिका खेल्नु नै हो ! तर त्यो मेरो तत्कालीन अवस्थामा मेरो उमेर र देश, काल, परिस्थिति, समयको हिसाबकिताबले ठिकै पनि थियो कि ? पनि विश्लेषण गर्दछु, कहिलेकाही । किनभने मैले त “संघीय लोकतान्त्रिक नेपाल“ का लागि संघर्ष गरेको थिए, मलाई के थाहा कि नेपाल “कृश्चन मुलुक“ हुँदैछ ? नेपालको शासन व्यवस्था “संघीय लूटतान्त्रिक न्ल्तन्त्र“ हुनेबाला छ ? भ्रष्ट, दलाल, लम्पसारवादी, बलात्कारी, देश(बेचुवा, कमिसनखोर, राष्ट्रद्रोही, नैतिकपतन, आफ्नै आमको चीरहरण गर्ने, आतंककारीहरूले म र मेरो देश माथी शासन गर्नेछन् ?, मलाई नै आतंककारी भन्नेछन, स(परिवारलाई शारीरिक, मानसिक, आर्थिक, सामाजिक, राजनीतिक, न्यायीक, प्रशासनिक चरम यात्ना दिनेछन् ?, मेरो लेख्ने, बोल्ने, बिबेचना गर्ने, आलोचना गर्ने, बिरोध गर्ने, समर्थन गर्ने लगायतका मौलिक अधिकार, राजनीतिक अधिकार, मानवअधिकार र स्वतन्त्रताहरू खोस्ने छन् र मलाई एक करदाता, मतदाता, गुलाम बनाउने छन !

नितान्त ब्यक्तिगत स्वार्थसिद्धीका निम्ति राष्ट्र नै बेच्ने (भूमि ( जल(थल(वायु , सुरक्षा, जनता, कार्यपालिका, न्यायपालिका, ब्यवस्थापिका नै बेच्ने) मेरा शासकबर्ग, के यहि हो तिम्रो बर्गीय लडाई ?, बिभेदमुक्त न्याय ?, राष्ट्रवाद ?, स्वाधीनता ?, तिम्रो धर्म(निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्र ? र हो भने मलाई चाहिदैन, र म आज तिमीहरूलाई सार्वजनिक चुनौती दिदैछु, यसलाई जडैदेखी उखेलेर फाल्न र यसका अवशेष सहित समुल नष्ट गर्न आफनो सम्पूर्ण शक्ति केन्द्रित गर्छु ।

बिनाकसुर नै, म पनि नेपाली हुँ भन्दा आफनै दाजुभाइ ( दिदिबहिनीलाई सिधै टाउकोमा गोलि ठोकने तिमीहरू, देश कै प्रशासकीय केन्द्र, राष्ट्रिय गौरवको प्रतिक सिंहदरबार कै ढोकामा तिमीहरूलाई चिनियाँ नागरिकको एक एकदमै सानो समुहले दिनदहाडै लत्तम(चुत्तम गर्दा ( बर्दीमाथी हम्ला हुँदा) किन मौन ?, चीन सरकारले सगरमाथाको उचाई नापदा किन मौन ?, चीनले सगरमाथा हाम्रो हो भन्दा किन मौन ?, भारत र चीनले हजारौं( लाखौं हेक्टर नेपाली भूमि मिच्दा किन मौन ?, ज्ञद्द वर्षदेखि निरन्तर भारतले लिपुलेख(लिपियाधुरामा सडक निर्माण गरिरहदा किन मौन ?

महाकाली बेच्यौ, टनकपुर बेच्यौ, लिपियाधुरा ( लिपुलेक बेच्यौ, कोसी( कमला(नारायणी(बागमती(कर्णाली(राप्ती( बबई बेच्यौ, सबै नदी(नाला, बन(जंगल, प्राकृतिक स्रोत(साधन बेच्यौ रे भनेर सुन्दैछु, आखिर वास्तविकता के हो ?, तिमीहरूले हालसम्म नेपालको आधिकारिक नक्सा किन जारी गरिरहेका छैनौं ? यस्ता(यस्ता अनगिन्ती प्रश्नहरू आम जनताको मन( मस्तिष्कमा उबजिएको छ, जनता जान्न चाहन्छन, यो अन्यौल र कल्पनाको सागरबाट बाहिर निकाल्ने दायित्व कस्को ? पैसा, मान, पदवी, कुर्सी कै निम्ति सम्पूर्ण मठ(मन्दिर, धर्म(संस्कृति(परम्परा( इतिहास(सभ्यता लाई तिलान्जली देने तिमीहरू, के तिमीहरूमा मानवता र संस्कार बिलुप्त भएकै हो त ? जिम्मेवारी, दायित्व, नैतिकता, कर्तव्यबोध, चेतना हराएका तिमीहरूलाई आखिर के का लागी र किन, कसरी राष्ट्र र जनताका तारणहार मानौं म ?

यी खुनखार उग्र आत्मघाती राष्ट्रघाती गणतन्त्रवादीहरूले गरिरहेका नेपाल आमाको चीरहरण कहिकेसम्म हामी देखिरहने त ? राज्यको दोहन र जनताको शोषण कहिलेसम्म सहेर बस्ने त ? आफनो देशको भु(भाग र सिमा मिचेको बिरोधमा शान्तिपूर्ण आवाज उठाउँदा या शान्तिपूर्ण आन्दोलन गर्दा किन समातिन्छन त नेपालीहरू ?, ती शान्तिपूर्ण आन्दोलनकारी माथि निर्मम बल प्रयोग किन र कसको ईसारामा गरिन्छ त ? “देशको साँचो ( चाभी) अन्तै छ“, भान्नेहरू सित सोध्न जाहन्छु कि तिम्रो राष्ट्रवाद र राष्ट्रभक्ति यहि हो ? हे रिमोट(कन्ट्रोलबाट संचालित शासन सत्तामा पदासिन कितृम(मानवहरू तिम्रो आत्मा मरेकै हो त ?

हामी नेपाली पनि अचम्मैको छौं, दोषी को ? छुट्याउनै नसक्ने ! राष्ट्रद्रोही नेताको भाषण र राजनीतिक आस्थाका आधारमा बाँदर जस्तै बुरूक्क बुरूक्क उफ्रिने । आफनो स्व(विवेक प्रयोगै नगरी भेंडा जस्तै लतरिने ! पाखण्डीहरूको पाखण्डको मतियार सजिलै हुने ! होईन हौ, बेच्ने दोषी कि किन्ने ? किन्नेले उचित दाम तिरेर किने के को दोषी ? कठालो समातेर सडकमा तछार(मछार पार्दै कहिल्यै नउठनेगरी ढाड भाँच न ती पापीहरूको जसले हाम्रो भूमि बेचे । ज्ञद्द वर्षमा को( को प्रधानमन्त्री, बिदेशमन्त्री, गृहमन्त्री, रक्षामन्त्री भए सबैको सुची बनाउ अनि ठोक देश(बेचुवा राष्ट्रघातीहरूलाई । कुटनीतिक नियोग घेराउ या अर्काको देशको प्रधानमन्त्रीको पुतला दहन किन नी ? सक्छौ आफनै तथाकथित जनप्रतिनिधि र राष्ट्र प्रतिनिधिहरूलाई सडकमा लतार न, सिंहदरबार ( बालुवाटार घेर्ने आँट गर न ! सिंहदरबार ( बालुवाटारको पर्खाल भत्काउ न । हाम्रो आफनै सुरक्षा निकायको विरूद्ध आन्दोलन गर न, जो यतिका षड्यन्त्र हुँदा मौन बसेका थिए र छन् पनि ! कहाँ हराएका थिए या लुकेका थिए र छन् त ती हाम्रा सुरक्षा निकाय र खुफिया संयन्त्रहरू जब बिदेशीले सिमा अतिक्रमण गर्दै थियो र छन् ? बर्दीमाथिको आक्रमण र भूमि अतिक्रमण हेरेर बस्ने हाम्रा बहादुर सुरक्षा निकाय के मात्रै आफनो निरीह जनतालाई दमन गर्नका लागि मात्र गठन गरिएको हो त ? राजनीतिक दलपतिहरूको सेवा( सुसारेको रूपमा क्रियाशील सुरक्षा निकाय र खास गरि नेपाली सेना तत्काल विघटन गर्नेबेला आएको होईन त ? नेपालको सम्पूर्ण सुरक्षा निकाय राजनीतिक कठपुतली र दुर्गन्धित राजनीतिको प्रभावमा निकम्मा सावित भएको भान हुँदैगएको अवस्था देखियो, होईन र ? तिमिले तिरेको करबाट पोषित छन ! के को र कस्तो राष्ट्रवाद देखाउन खोजेको हो, मित्रहरू ? यो त आत्मघाती जस्तै देखियो त !

जागौं समय घर्की सक्यो, अब पनि न जागे कहिले जाग्ने ? देश र जनतालाई भ्रममा परेर पश्चिमाहरूको दामको प्रभावमा हाम्रो धर्म, संस्कृति, संस्कार, परम्परा, सभ्यता, ईतिहास, मौलिकता, एकता, भाइचारा, राष्ट्रियता बेचेर राष्ट्रलाई नै कृश्च्यन बनाउन प्रयासरत हाम्रा राजनीतिक नेतृत्व, भारत र चीनलाई जल(थल(वायु बेच्ने यी तथाकथित गणतन्त्रवादीहरू, अमेरिकी सेना भित्राउने चलखेल गर्दैछन, नेपाललाई अन्तर्राष्ट्रिय क्रिडा स्थल र रणभूमी बनाउने कु(कार्यमा अभ्यस्त छन ! अब विश्व मानचित्रमा नेपाल नै न रहने खतरा देखियो, देश बचाउनु छ भने अर्को कुनै विकल्प बाँकी रहेन अब, सत्ता ( ब्यवस्था ( संविधान र ब्यवस्थापन परिवर्तन गर्नैपर्ने देखियो, सबै एकजुट भै अन्तिम जोडदार धक्का लगाउनै पर्ने देखियो ! यथासिघ्र “धर्म(निरपेक्ष संघीय लूटतान्त्रिक न्ल्तन्त्र“ लाई बैण्ड(बाजा( बारात को साथ पशुपति आर्यघाटमा विसर्जन गर्नैपर्ने देखियो !

नोटस( मैले मेरो यो लेख मार्फत व्यक्त गरेको अभिव्यक्ति र प्रश्नहरू माथी सार्वजनिक बहस गर्न तैयार छु र मैले लगाएको आरोपहरू र गरेका प्रश्नहरू प्रमाणित गर्ननसकेको खण्डमा हदैसम्मको सजाय भोग्नपनि तैयार छु तर प्रमाणित भएको खण्डमा के यी तथाकथित “धर्म( निरपेक्ष गणतन्त्रवादीहरू“ हदैसम्मको सजाय भोग्न तैयार छन त ?


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०४१५२२३५०

इमेल : malcprovince2@gmail.com


## भारतले गऱ्यो २० लाख करोड रूपैयाँको आर्थिक प्याकेज घोषणा

काठमाडौं । भारतले कोरोना महामारीको असर कम गर्न २० लाख करोड रूपैयाँको आर्थिक प्योकज घोषणा गरेको छ ।

मंगलबार देशवासीको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले २० लाख करोड रूपैयाँको आर्थिक प्याकेज घोषणा गरेका हुन् ।

यो प्याकेज भारतको कुल ग्राहर्स्थ उत्पादन (जीडीपी) को १० प्रतिशत भएको उनले बताएका छन् । प्रधानमन्त्री मोदीले आत्मनिर्भर भारतको संकल्प पूरा गर्न आर्थिक प्याकेज ल्याइएको बताए । यो प्याकेज ल्याण्ड (भूमि), लेबर (श्रम), लिक्वीडिटी (तरलता) जस्ता समस्या सम्बोधन गर्न ल्याइएको उनले बताए । आर्थिक प्याकेज भारतको श्रमिक र किसान, मध्यमवर्ग र उद्योगहरूका लागि ल्याइएको मोदीले सम्बोधनका क्रममा बताए ।

‘यो आर्थिक प्याकेज देशको श्रमिक र किसानका लागि हो जो, हर स्थिति, हर मौसममा देशवासीका लागि दिनरात परिश्रम गर्छन्, यो आर्थिक प्याकेज देशका मध्यमवर्गका लागि हो । जसले इमान्दारिताका साथ देशको विकासमा आफ्नो योगदान दिइरहेका छन् ।यो प्याकेज उद्योगीहरूको लागि हो जसले भारतको आर्थिक सामर्थ्य बुलन्द गरिदिएका छन्’ मोदीले भने ।

# संसदीय बजेट खर्च :

## निलम्बित सांसद आलमको नाममा मनोमानी

काठमाडौ । कुनै पनि किसिमको बजेट विनियोजन, योजना तयार एवम् कार्यान्वयन, वा कार्यक्रम तर्जुमा विधिपूर्वक हुने गर्दछ । ऐन कानुन वा निर्देशिका बमोजिम कुनै पनि कार्यक्रम अगाडि बढाउनुपर्ने हुन्छ । त्यस्तो नभएको खण्डमा त्यसलाई अवैधानिक एवम् आपराधिक मानिने गर्दछ । संगसंगै त्यसमा संलग्न व्यक्ति तथा निकाय दोषी हुने गर्दछ । अहिले रौतहटमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीको नेतृत्व अनधिकृत ढंगले बजेट चलाउने प्रयास भएको छ । घटना के हो ? विस्तृतमा जानौं । देशमा लकडाउन रहेको बेला मध्य तराईको रौतहट जिल्लामा पनि एउटा त्यस्तै परिघटना देखिएको छ । रौतहट निर्वाचन क्षेत्र नम्बर २ मा अहिले संसदीय कोषको विकास कार्यक्रम निर्धारण कार्यले तीव्रता पाएको छ । तर कार्य पूर्णत कानुन विपरीत र गोप्य रूपमा अगाडि बढाइएको हो । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम नाम दिइएको संसदीय कोषको संचालन कार्यविधि विपरीत उक्त क्षेत्रमा आर्थिक हिनामिना गर्ने मनस्थितिबाट बैठक बस्ने र बजेट खर्च गर्न कार्यक्रम संचालन गर्न लागिएको हो ।

कार्यविधि अनुसार उक्त कार्यक्रम संचालनको लागि जारी आर्थिक वर्षको फागुन १५ गतेभित्र सबै बैठक बसेर कार्य सम्पन्न गरिसक्नुपर्ने हुन्छ तर अहिले बैशाख अन्तिम साता बल्ल बैठक बसेकोछ, यो आफैमा गैरकानुनी हो । यसका साथै सम्बन्धित क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको संयोजकत्वमा बैठक बस्ने र कार्यक्रम तय गर्ने व्यवस्था छ । तर रौतहट क्षेत्र नम्बर २ का सांसद अफताब आलम कर्तव्य ज्यान मुद्दामा निलम्बित भई अहिले जेलमा छन् ।

कार्यविधिअनुसार प्रत्यक्ष निर्वाचित सांसद नभएको खण्डमा उक्त क्षेत्रबाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसद, त्यो पनि नभए राष्ट्रिय सभा सदस्यको संयोजकत्वमा बैठक बसी निर्णय गर्ने व्यवस्था छ । तर उक्त क्षेत्रमा न त समानुपातिक सांसद छ न त राष्ट्रिय सभा सदस्य नै । यहाँ खेल भईरहेको छ जसरी पनि संसदीय बजेट खर्च गर्ने । नेपाली कांग्रेसका नेता तथा उक्त क्षेत्रका सांसद अफताब आलम जेल भित्रैबाट संसदीय बजेट खर्च गर्न सक्रिय छन् भने रौतहटकै नेकपाका एउटा गुट उनीसँग तालमेल गरी बजेट खर्च गर्न बैठक बसिरहेको छ । अनधिकृत रूपले खर्च गर्न खोजिएको उक्त बजेटमाथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीको नजर छ । उनकै मन्त्रालय मातहत रहेको कार्यक्रम गैरकानुनी रूपमा गलत नियतले अगाडि बढाइदा पनि मन्त्रालयको हस्तक्षेप नहुनुले यसको पुष्टि गर्छ ।

कार्यक्रम संचालनका लागि सक्रिय छिन नेकपा सांसद कल्याणी कुमारी खड्का । रौतहट क्षेत्र नम्बर ४ बाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसद खड्कालाई जेलभित्रबाट अफताब आलमको समर्थन छ भने बाहिर मन्त्री हृदयेश त्रिपाठीले सघाएका छन् । गुपचुप रूपमा कार्यविधि विपरीत बैठक बसी कार्यक्रम अगाडि बढाउन थालिएपछी यसको विरोधमा पनि त्यतिकै आवाज उठिरहेको छ । नेकपा सांसद रेखा कुमारी झाले त उक्त कार्य रोक्न लिखित रूपमै उजुरी दिएकी छिन् । रौतहट क्षेत्र नम्बर ३ का सांसद समेत रहेका नेकपा प्रदेश नम्बर २ का अध्यक्ष प्रभु साहले पनि यस कार्यको विरोध गरेका छन् । कार्यक्रम सन्चालनको जिम्मा पाएका मन्त्री स्वयम् आर्थिक चलखेलमा उत्रिएकोले यस्तो भएको उनको बुझाई छ । ‘सारा विश्वसंगै नेपाल पनि अहिले कोरोना संक्रमणको उच्च जोखिमयुक्त अवस्थाबाट गुज्रीरहेको समयमा संघीय मन्त्रालय निरन्तर एकपछि अर्को भ्रष्टाचारजन्य कानून विपरीतका कामकार्वाहीमा अग्रसर हुनु दुखद विडम्बना हो’ साहले भने, ‘पछिल्लो समय रौतहट निर्वाचन क्षेत्र नं. २ को सांसद मा. मो.अफताब आलमको अनुपस्थितिमै नियम कानुन विपरीत संघीय मन्त्रालयको पहलमा संसदीय पूर्वाधार विकास कार्यक्रम चलाउने निर्णय भएको छ । स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली विपरीत मन्त्रालयको दवाबमा अनाधिकृति ढंगले कार्य अगाडि बढाइएको छ । अहिले लकडाउनको संवेदनशील घडीमा नियमन गर्ने निकाय नै गैरकानुनी कार्यमा संलग्न हुनु खेदपूर्ण छ ।’

सांसद साहले उक्त कार्य कुशासन एंव अस्थिरता फैलाउने गतिविधि भएको भन्दै तुरन्त बन्द गरी आम जनताको हित अनुकूल मुलुकमा सुशासन, सदाचार र स्थिरता कायम गर्नका लागि विधिसम्मत तरिकाले अगाडि बढन् र बढाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराए । यस विषयमा मन्त्री त्रिपाठीको प्रतिक्रिया लिन खोज्दा उनीसँग सम्पर्क हुन सकेन ।

## राष्ट्रिय गौरवको आयोजना ‘एकीकरण स्मृति उद्यान’ शिलान्यास

सिमरा । बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका वडा नं.७ स्थित श्री नं.२८ बाहिनी अड्डाको हाताभित्र निर्माण गर्न लागिएको एकिकरण स्मृति उद्यानको प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले एक समारोहका बीच शिलान्यास गरेका छन् । शिलान्यास समारोहमा मन्तव्य राख्दै मुख्यमन्त्री राउतले नेपाली सेनाको यस प्रकारको कार्यले तराईवासी नेपाली जनता र नेपाली सेनाबीचको सम्बन्धलाई अझ मजबुत बनाउँदै हिमाल, पहाड र तराईको ऐतिहासिक चिनारी दिने एउटै थलोको रूपमा निर्माण गर्न लागिएको एकिकरण स्मृति उद्यान प्रदेश नं.२ मा अवस्थित राष्ट्रिय गौरवको आयोजनामा पर्ने र यसको निर्माणमा नेपाली सेनाले लिएको पहलता प्रति कृतज्ञता व्यक्त गर्दै विशेष धन्यवाद समेत दिए । उक्त समारोहमा श्री मध्य पृतना हे.क्वा.का पृतनापति उपरथी ताराध्वज पाण्डेले स्वागत मन्तव्य राखेका थिए भने श्री मध्य पूर्वी पृतना हे.क्वा. का पृतनापति उपरथी सुरेश कुमार कार्कीले धन्यवाद ज्ञापन गरेका थिए । साथै श्री नं. २८ बाहिनी अड्डाका बाहिनीपति अनुपजंग थापाले उक्त परियोजना सम्बन्धी जानकारी गराए ।

नेपाल-अंग्रेज युद्धको दौरान अंग्रेज फौज विरूद्ध मधेशवासी नेपालीहरूले देखाएको बहादुरी तथा नेपाल एकिकरण अभियानमा पुर्यायएको योगदान र तत्कालीन अवस्थाका ऐतिहासिक गढी तथा किल्लाहरूको सम्बर्धन गरी तराई, मधेश, पहाड र हिमालविचको अनोन्याস्रित ऐतिहासिक सम्बन्ध तथा सबै नेपाली विचको राष्ट्रिय एकतालाई उजागर गर्ने उदेश्यले एकिकरण स्मृति उद्यानको परिकल्पना गरी प्रधानसेनापति महारथी पूर्णचन्द्र थापाको "कमाण्ड मार्ग निर्देशन २०७५" को लक्ष्य नं.ट मा उल्लेखित नेपाल र नेपाली सेनाको इतिहास प्रवर्द्धनलाई टेवा पुर्याडउन तथा नागरिक सैनिक सम्बन्धलाई थप प्रगाढ बनाउँदै लैजाने उदेश्य अनुरूप श्री नं. २८ बाहिनी अड्डाको हातामा रहेको तीन विगाह जग्गामा एकिकरण स्मृति उद्यान निर्माण गर्न लागिएको हो ।

उक्त स्मृति उद्यानमा हिमाल, पहाड र तराईका विभिन्न कला र संस्कृती झल्किने ऐतिहासिक प्रर्दशनी हल सहितको मुख्य छ वटा भौतिक संरचनाहरू निर्माण गर्न लागिएको छ । बाईस करोड कुल लागत रहेको उक्त परियोजना आर्थिक वर्ष ०७७/७८ मसान्तभित्र निर्माण सम्पन्नो गरि जितपुर सिमरा उपमहानगरपालिकाको स्वामित्व र रेखदेखमा संचालन गर्ने योजना रहेको छ ।

शिलान्यास समारोहमा प्रदेश नं.२ का भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनल, महान्यायधिवक्ता दिपेन्द्र झा, जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख डा.कृष्ण पौडेल, प्रदेश नं.२ का सचिव यम प्रसाद भुषाल, बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी रूद्र प्रसाद पण्डित र प्रदेश नं.२ का सिनियर डिभिजनल इन्जिनियर भगवान झा लगायत प्रदेश तथा स्थानीय संचारकर्मीहरूको समेत उपस्थिति रहेको थियो ।

नेपाली सेनाको यस प्रकारको कार्यक्रमद्वारा ऐतिहासिक गढी तथा किल्लाहरूको सम्बर्धन तथा संभार हुनुको साथै तराई, मधेश, पहाड र हिमालबीचको अनोन्यास्रित ऐतिहासिक सम्बन्ध एवम् आम नेपाली बीचमा राष्ट्रिय एकता कायम भई नागरिक सैनिक सम्बन्धमा समेत थप टेवा पुग्ने विश्वास नेपाली सेनाले लिएको छ ।

## विश्व परिवेश

# नेपालको स्वीकृतिबिना सगरमाथामा चीनले नयाँ बाटो बनाउँदै

कोरोना प्रभावले संसारभर आवातजावत लगायत वाहिरी गतिविधि ठप्प रहेका बेला चीनले सर्वोच्च शिखर सगरमाथाको उत्तरी मोहोडाबाट आरोहणका लागि नयाँ मार्ग बनाइरहेको छ। गत सोमबार नै चिनियाँ आरोपीहरू नयाँ मार्ग तयार गर्नका लागि तेस्रो क्याम्पमा पुगेका थिए। सि लियो नेतृत्वको ५ जना तालिमप्राप्त आरोहण गाइडले उक्त नया मार्गका लागि रोप फिक्स गरेका हुन्। नयाँ मार्ग बनाउने टीमसँगै सर्वे टिम पनि गएको छ। कम्तीमा ६ जना सम्मिलित सर्वेक्षण टिमले सगरमाथाको उचाई मापनसंगै त्यहाँको वातावरण र भूगोलबारे सर्वे गर्नेछ।

यद्यपि नेपाल सरकारको स्वीकृति बिना सर्वे गर्न नमिल्ने भए पनि कुनै स्वीकृति वा सहमति नलिएको नापी विभागले जनाएको छ। चिनियाँ राष्ट्रिय संशाधन मन्त्रालयले ५३ जनाको सर्वेक्षणकर्ताको टोलीलाई सगरमाथाको उचाई नाप्न पठाइसकेको पनि बताइएको छ। सर्वेक्षण टोलीका सदस्यहरूलाई घुमाएपछि तिनीहरू आधार शिविरमा फर्किसकेका छन्।

नेपालमा कोरोना भाइरसका कारण लकडाउन रहेकाले पहिलो पटक सगरमाथा आरोहणको इतिहासमा नेपालबाट बसन्त ऋतुमा कुनै आरोहण हुने छैन। प्रत्येक बर्ष नेपालबाट सगरमाथा आरोहणका लागि पर्वतारोहीहरू नेपाल आउने गर्छन। तर सगरमाथामा फाइभ जी टावर र स्टेशन राखेर चीन सगरमाथा आर्थिक गतिविधि वढाउँदै गएको छ। चीनको यो गतिविधिले नेपालले सगरमाथाबाट लिइरहेको लाभ पनि गुमाउनु पर्ने अवस्थामा पुग्न सक्ने देखिएको छ।

केही दिनअघि सगरमाथालाई नै आफ्नो देशको भन्दै चिनियाँ सरकारी संचारमाध्यमहरूले भनेपछि यो विषय विवादित बनेको छ। तर नेपालीहरूको चर्को विरोध र लगातारको समाचार मिडियामा आइसकेपछि चिनियाँ सरकारी मिडियाहरूले वाध्य भएर सच्याएका थिए।

# पाकिस्तानमा हिन्दूमाथि फेरि आक्रमण

पाकिस्तानमा फेरि हिन्दू धर्मावलम्बीमाथि आक्रमण भएको छ। पाकिस्तानको पञ्जाबस्थित रहिमयार खान चोक नम्बर १२१ मा एक हिन्दु परिवारलाई मुस्लिम अतिवादी छिमेकीले आक्रमण गर्नुका साथै यौन हमला गरेका हुन्।

गुलाब र उनकी श्रीमतीमाथि यो किसिमको दुर्व्यवहार भएको हो। गुलावमाथि सांघातिक हमला भएको हो। उनको टाउकोमा गम्भीर चोट लागेको छ। श्रीमतीलाई पनि गम्भीर भोट लागेको छ।

गरिव परिवार भएपनि धर्म परिवर्तन गरेर मुस्लिम बन्न नमानेका कारण उनीहरूमाथि एक पछि अर्को आक्रमण हुँदै आएको थियो। गुलाबकी श्रीमतीमाथि पतिकै अगाडी सार्वजनिकस्थलमै यौन हिंसा गरिएको थियो। जनताको अगाडि नै आफूहरू लज्जित हुनुपरेपछि गुलाबको परिवारले त्यो क्षेत्र नै छोड्न वाध्य भएको छ। पाकिस्तानमा पूर्व क्रिकेटर इमरान खानले सत्ता सम्हालेपछि हिन्दू धर्माबलम्बीमाथि चरम यातना हुँदै आएको छ। स्थानीय प्रशासनमाथि पनि हिन्दू समुदायलाई दमन गर्न सघाएको आरोप लाग्दै आएको छ। पछिल्लो समय पाकिस्तान गैह्र मुस्लिम समुदायका लागि नर्क जस्तै बन्दै गएको त्यहाँका अल्पसंख्यक समुदायका व्यक्तिहरूले बताउँदै आएका छन्। गैह्र मुस्लिम समुदायका व्यक्तिहरूमाथि एकपछि अर्को आक्रमण युवतीहरूलाई जवर्जस्ती मुस्लिम युवकहरूसँग विवाह गराउने लगायतका जवर्जस्ती हुँदै आएको छ।

# चीनले गल्ती सच्यायो-सगरमाथा नेपाल र चीनको सीमा

चिनियाँ सञ्चारमाध्यमले यसअघि सगरमाथा चीनमा रहेको दाबी गरेकामा सच्याएको छ।

चिनियाँ सञ्चारमाध्यम सीजीटीएनले यसअघिको गल्ती सच्याउँदै सगरमाथा नेपाल र चीनको सीमा रहेको जनाएको छ। चाइना ग्लोबल टेलिभिजन नेटवर्कले गरेको ट्विटमा नेपाल र चीन सीमामा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाका रूपमा चिनिएको चोमोलोङ्मा हिमालको आकाशमा १ मेको शुक्रबार एक असाधारण सूर्यको प्रकाशको घेरा देखिएको जनाएको छ।

यसअघि २ मेमा सीजीटीएनले चीनको स्वायत्त क्षेत्र तिब्बतमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाका रूपमा चिनिएको चोमोलोङ्मा हिमालको आकाशमा शुक्रबार एक असाधारण सूर्यको प्रकाशको घेरा देखिएको उल्लेख गरेको थियो।

यसअघि सगरमाथाको उचाइ सर्भे र म्यापिङका लागि चीनले ५३ सदस्यीय सर्भेयरको टोली सगरमाथाको चुचुरोमा पठाउने बताएको थियो। लामो समयदेखिको सगरमाथाको उचाइसम्बन्धी विवादलाई अन्त्य गर्न चीनले सगरमाथाको चीनतर्फको बेसक्याम्पमा २ मार्चदेखि प्राविधिक तयारी थालेको हो। नेपालमा सगरमाथा भनिएको र तिब्बतमा कोमोलोङ्मा भनिएको यो हिमाल चीन र नेपालको सीमा क्षेत्रमा पर्छ। साउथ चाइना मर्निङ पोस्टका अनुसार नेपाल र चीनबीच सगरमाथाको उचाइ चट्टान भएसम्मको भागलाई मान्ने अथवा हिउँको चुचुरोलाई मान्ने भन्ने विषयमा विवाद छ।

## नेपाललाई भारतको जवाफ-आफ्नै भूमिमा सडक बनाएका हौं

काठमाडौं। भारत सरकारले लिपुलेकमा बनाएको सडकबारे नेपालले आपत्ति जनाएकोमा आफ्नो जवाफ फर्काउँदै उक्त सडक भारतीय भूमिमै बनाएको दाबी गरेको छ। भारतीय विदेश मन्त्रालयले एक विज्ञप्ती जारी गर्दै यस्तो दाबी गरेको हो। भारतले नेपाली भूभाग लिपुलेक हुँदै मानसरोवर जाने सडक बनाएर उद्घाटन गरेपछि नेपाल सरकारले एक विज्ञप्ती प्रकाशित गरेर आपत्ति जनाएको थियो। त्यसको जवाफमा भारतको विदेश मन्त्रालयले नवनिर्मित सडक भारतीय क्षेत्रमा नै बनेको दाबी गरेको छ। दुबै देश कोरोना महामारीपछि परराष्ट्र सचिवस्तरीय वार्ताको मिति तय गर्न प्रयासरत रहेको समेत भारतीय विदेश मन्त्रालयले जनाएको छ। यसअघि नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै भारतलाई आफ्नो भूमिमा यस्ता गतिविधि रोक्न आग्रह गरेको थियो। भारतको विदेश मन्त्रालयले नेपालको तर्फबाट आएको विज्ञप्ति जानकारीमा भएको भन्दै प्रतिउत्तर स्वरूप उक्त सडक भारतको भूमिमा नै बनेको दावी गरेको हो।

## प्रधानमन्त्री मोदी र युरोपेली परिषदका अध्यक्षबीच फोनवार्ता

नयाँदिल्ली। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले युरोपेली परिषदका अध्यक्ष चार्ल्स माइकेलबीच फोनवार्ता भएको छ। प्रधानमन्त्री मोदीले युरोपेली परिषदका अध्यक्ष चार्ल्स माइकेललाई फोन गरेको भारतीय सञ्चारमाध्यमले जानकारी दिएका छन्। उनीहरूबीच भारतमा पछिल्लो समयमा बढ्दो कोभिड-१९ को संक्रमण र यसको चुनौतीका विषयमा कुराकानी भएको पनि उक्त समाचारमा जनाइएको छ। भारतीय प्रधानमन्त्री मोदीको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिका अनुसार उनीहरू दुई जनाले भारत र युरोपमा कोरोना भाइरसका कारण उत्पन्न परिस्थितिका साथै उपचारका क्रममा देखा परिरहेका चुनौतीहरूका बारेमा छलफल गरेका थिए। उनीहरूले आगामी दिनमा यस महामारीका विरूद्धमा लड्नका लागि आवश्यक सहयोग र समन्वयलाई अघि बढाउने विषयमा सहमति गरेका थिए। त्यस क्रममा उनीहरूबीच आगामी 'भारत इयु' सम्मेलनको सम्मेलनका लागि एजेन्डा तय गर्ने विषयमा पनि सहमति गरेका थिए।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**बैङ्कको नाम:** राष्ट्रिय बाणिज्य बैङ्क

**शाखा:** सिंहदरबार परिसर

**खाताको नाम:** कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं.:** ११६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## जिल्ला समाचार

### कपिलवस्तुमा पनि दुई जना कोरोना संक्रमित

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तुमा पनि दुई जना कोरोना भाइरस (कोभिड-१९) संक्रमित भेटिएका छन्। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा कपिलवस्तुका १६ र २२ वर्षका पुरूषमा कोरोना संक्रमण देखिएको हो। कपिलवस्तुको मायादेवी गाउँपालिकाको छत्रपाली तिर्थादेवी गाउँपालिकाको क्वारेन्टाइनमा रहेका युवाहरू रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। उनीहरू केही दिन अगाडि भारतको मुम्बईबाट नेपाल आएका थिए। उनीहरू सामान्य रहेको छ। कपिलवस्तुको मायादेवी गाउँपाकि साविक विजुवा गाविसका हुन् भारतसँग सिमाना जोडिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार उनीहरू स्वास्थ्यकर्मीको सम्पर्कमा नै रहेका छन् र अवस्था सामान्य छ। कपिलवस्तुमा पहिलो पटक कोरोना संक्रमित भेटिएका हुन्। उनीहरू ५ दिन अगाडि भारतको मुम्बईबाट आएका र आएपछि पकडीको क्वारेन्टइनमा राखिएको वडा अध्यक्ष कृष्ण नारायण तिवारीले बताए। मन्त्रालयले कपिलवस्तु नगरपालिका ८ भनेपछि तौलिहवा क्षेत्रका बासिन्दा त्रसित बनेका थिए।

### रूपन्देहीको स्थानीय तहमा निषेधाज्ञा

रूपन्देही। रूपन्देहमा कोरोना संक्रमण फैलिन नदिन भारतसँग सीमा जोडिएका स्थानीय तहमा पूर्णरूपमा आवागमन बन्द गरिएको छ। जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा बसेको जिल्ला सुरक्षा समिति र स्थानीय तहका प्रमुखहरूको बैठकले दुई नगरपालिका र पाँच गाउँपालिकामा बुधबारदेखि जेठ ५ गते राति १२ बजेसम्म आवागमन बन्द गर्ने निर्णय गरेको हो। आवागमन बन्द गरिने स्थानीय तहहरूमा सिद्धार्थनगर नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, सम्मरीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, कोटहीमाई गाउँपालिका, मायादेवी गाउँपालिका र रोहिणी गाउँपालिका रहेका छन्। हुलाकी राजमार्गदेखि दक्षिण तर्फका यी स्थानीय तहमा जेठ ५ गतेसम्म आवगमन बन्द गर्ने निर्णय भएको छ। निषेधाज्ञा उल्लंघन गर्नेलाई कडा कारबाही हुने जनाइएको छ। बैठकले भारतबाट स्वदेश फर्किन सीमा क्षेत्रमा आइपुगेका नेपालीहरूलाई राख्न रूपन्देहीका सबै पालिकाले एक हजार जना क्षमताको क्वारेन्टाइन बनाउने निर्णय पनि गरेको छ। रूपन्देहीमा मंगलबारसम्म १६ जनामा कोरोना संक्रमण भएको छ भने एक जना निको भएर घर फर्केका छन्।

### सोसाईटीद्वारा नि:शुल्क खाना वितरण

विराटनगर। लकडाउनका कारण समस्यामा परेकाहरूलाई श्री बंगलामुखी न्यूरो सोसाईटीले खानाखुवाउन सुरू गरेको छ। विराटनगर १० स्थित सोसाईटीले मंगलबारदेखी लकडाउन अवधीभरकालागिनिशुल्कखानाखुवाउने व्यवस्था गरेको छ। लकडाउन कारण न्युरो अस्पतालमा विरामीका कुरूवाका साथै अस्पताल आसपासका विपन्नवर्गका मानिसहरूलाई नि:शुल्क खाना खुवाउन सुरू गरिएको सोसाइटीका संयोजक सुरेशलाल श्रेष्ठले बताए। यसैबिच सोसाईटीको यस कार्यकाल ागि न्यूरो अस्पतालका अध्यक्ष डा. विरेन्द्र कुमार विष्टले सोसाईटीलाई नगद १० हजार सहयोग हस्तान्तरण गरेका छन्।साथै आजै न्युरो अस्पतालमा बिरामी लिएर आएका विरामीका आफन्तलाई नि:शुल्क खाना वितरण गर्दै डा. विष्टले लकडाउनको समयमा यसरी नि:शुल्क खाना खुवाउने संस्थालाई धन्यवाद प्रकट गरे।

### ठुलो परिमाणमा मदिरा नियन्त्रण

धनगढी। कैलालीमा ठुलो परिमाणमा मदिरा नियन्त्रणमा लिइएको छ। ईलाकाप्रहरी कार्यालय टिकापुर बाट खटिईएको प्रहरी टोलीले उक्तमदिरा नियन्त्रणमा लिएको हो। लकडाउन सुरू भएदेखि हालसम्म टीकापुर नगरपालिका र गाँउपालिकाका विभिन्न वडामा गस्ती गर्ने क्रममा इलाका प्रहरी कार्यालय टिकापुरले बेबारिसे अवस्थामा एक हजार दुई सय बयासट्ठी बोतल र छ हजार आठ सय लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको थियो। लकडाउन अवधीमा बराबद गरिएको उक्त मदिरा टिकापुर नगरपालिका नगर प्रमुख, इलाका प्रशासन कार्यालय टिकापुरकाप्रमुख, टिकापुर उद्योग वाणिज्य संघका अध्यक्ष, पत्रकारहरूको रोहवरमा अबैध घरेलु मदिरा नष्ट गरिएको जिल्लाप्रहरी कार्यालय कैलालीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए। बरामद गरिएको मदिरा कर दाता सेवा कार्यालय लम्की कैलालीमा आवश्यक कारबाहीका लागी पठाईएको समेत उनले बताए।

### लकडाउनमा सेवा दिंदै बाँकेका सहकारी

नेपालगन्ज। स-सानो पूँजी जम्मा गरी सदस्यहरू बीच परिचालन गर्ने सहकारीहरू गत चैत्र ११ गतेदेखि मुलुक कोरोना संक्रमणका कारण ठप्प रहेको छ। जसका कारण बैंक, वित्तीय संस्था र सहकारी नियमित रहेका छैनन्। कडाउनका कारण सहकारीले नियमित संकलन गर्ने दैनिक बचत ठप्प भएको छ। तर, बाँकेका सहकारीहरूले हप्तामा दुई पटक सहकारी सहकारी सञ्चालन गरेर बचतकर्ताहरूलाई रकम भुक्तानी गरिरहेका छन्। मानिसहरूले काम गर्न पाएका छैनन्। स-सानो रकम बचत गर्नेहरू झन् आर्थिक समस्यामा रहेका छन्। यस्तो अप्ठ्यारो बेला सहकारीहरूले बचतकर्तालाई आवश्यकता अनुसार बचत निकाल्ने सेवा प्रवाह गरिरहेका हुन्। बाँकेमा ४ सय ९ वटा सहकारी रहेका छन्। जसमध्ये ७८ वटाले बचत तथा ऋणको कारोबार गर्दै आएका छन्। जसमा १ लाख ४३ हजार जना शेयर सदस्य रहेको जिल्ला सहकारी संघका अध्यक्ष प्रेम सुवेदीले जानकारी दिए। लकडाउनका कारण दैनिक बचत संकलन र ऋणको असुली भने नराम्ररी प्रभावित भएको जिल्ला सहकारी संघका अध्यक्ष प्रेम सुवेदी बताउँछन्।

### प्रत्रकारलाई मास्क तथा सेनिटाइजर सहयोग

रौतहट। महामारीको रूपमा फैलिएको कोरोना भाइरसको त्रास खेपिदै आफ्नो जिउ ज्यान जोखिममा राखेर सञ्चार क्षेत्रको माध्यमबाट देशका सबै नागरिकलाई सचेत गराउनुको साथै सही सूचना र सत्यतथ्य समाचार प्रकाशन र प्रसारण गर्ने बज्जिका पत्रकारहरूलाई रौतहटको गढीमाई नगरपालिकाले शनिबार मास्क सेन्टिाईजर र गल्पस सहयोग गरेका छन्। सो नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत नागेन्द्र यादवले एन ९५ मास्क सेनिटाईजर र गल्पस लगतएतका स्वास्थ्य समाग्री सहयोग गरेका हुन्। गढीमाई नगरपालिकाकी नगर उपप्रमुख सुभद्रा गुप्ता र निमित्त प्रशासकिय अधिकृत नागेन्द्र यादवले आफ्नो बिषेश पहलमा नगरपालिकाको तर्फ बाट समाजिक दुरी कायम गरी बज्जिका प्रत्रकार समाज रौतहटका अध्यक्ष राजु कुमार श्रीवास्तवलाई स्वास्थ्य समाग्री एन ९५ मास्क सेनिटाईजर र गल्पस हस्तान्त्रण गरेका हुन्।

### जित माझी मृत फेला

रौतहट। परोहा नगरपालिका-२ बकैया खोलाको किनारमा रौतहट देवाहिगोनाही नगरपालिका-२ मुसहर टोल बस्ने २२ वर्षीय ईनर जित माझी बिहीबार साँझ मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### पीडा बुझ्न किसानको खेतखेतमा पुगे सांसद

श्रीकान्त झा, सिरहा। कोरोना भाइरसको मध्यनजर गर्दै नेपाल सरकारले जारी गरेको लकडाउनका कारण किसानहरू मारमा परेको बखत प्रदेश २ का सांसद दिलिप साहले किसानको समस्या बुझ्न किसानको खेतखेतमा पुगेका छन्। किसानका पीडा बुझ्दै सांसद साहले भने विश्वव्यापी महामारी कोरोना भाइरसको कारणले मानव जगत नै संकटमा परेको अवस्था छ। सरकारले जारी गरेको लकडाउनका कारणले सिरहा र धनुषाको सिमानामा रहेको कमला नदीको बगरमा फलफुल र तरकारी खेति गर्दै आएको किसानको लाखौको लागत समेत डुब्ने खतरामा रहेको छ। सिरहा जिल्लाका कमला नदीसंग जोडीएका बिभिन्न नगरपालिकाका किसानहरू कमलाको बगरमा बिभिन्न प्रकारका फलफुल तथा तरकारी खेति गर्दै आएका छन्। कर्जन्हा, कल्याणपुर, सिराहा नपा. लगायतका किसानहरू हजारौ बिगहामा लगाएका तरबुज र तरकारी अहिले बजारमा जानुपर्ने बेला बजार ब्यबस्थापन नभएर खेतमै कुहिने अबास्था सृजना हुँदा गम्भीर ध्यानाकर्षण भएको छ। तारबुजा, काँक्रों, करेला लगायतका काठमाडौं र इटहरीसम्म पुग्ने गरेपनि यस वर्ष बिक्रि गर्न नसकेको कारण तिन महिना देखिको मेहनत, लगानी खेतमै नष्ट हुने भएको छ। कर्जन्हा नगरपालिकामा मात्रै पाँच सय बिघामा भइरहेको तारबुजा र काँक्रोको खेती नष्ट हुने स्थितिमा छ। किसानहरूको लगानी डुब्ने तथा श्रणको भारी बोक्नु पर्ने अवस्था छ।

# भारतले गरेको बाटो निर्माणबारे अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा छलफल

काठमाडौं । भारतले दार्चुलाको लिपुलेक हुँदै तिब्बतको मानसरोवर जोड्ने सडक निर्माणका विषयमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा छलफल भएको छ । सो बैठकमा विभिन्न राजनीतिक दलका सांसदहरूले सरकारको आलोचना गर्नुको साथै भारतले जबरजस्ती नेपाली भूमि मिचेको आरोपहरू लगाएका थिए । सत्तारूढ नेकपाका सांसद राकम कार्कीले छिमेकी मुलुसँग पटक-पटक देखिएका सीमा समस्याहरू समाधानका लागि वार्ता नै उपयुक्त रहेको धारणा राखेका छन् । उनले नेपालले आफ्नो आधिकारिक राजनीतिक नक्सा तुरून्त सार्वजनिक गर्नुपर्ने माग गरेका छन् ।

यस्तै, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद प्रकाशमान सिंहले परराष्ट्रको मामिलामा मन्त्रालयले प्रेस विज्ञप्ति मात्रै निकालेर नहुने बताउँदै विगतको सरकारले गरेको कार्यहरूलाई निरन्तरता नदिएको गुनासो गरे । उनले सरकारको प्राथमिकतामा संवेदनशील सीमा समस्याहरू नरहेको आरोप लगाए ।

यस्तै सांसद दीपक प्रकाश भट्टले सरकार भारतका अगाडि जुन प्रकारले प्रस्तुत हुनुपर्ने हो त्यसमा चुकेको बताए । उनले दुवै सरकारले संयुक्तरूपमा गठन गरेको प्रबुद्ध व्यक्तिको समूह (इपीजी)को रिपोर्ट यदि भारतले सार्वजनिक नगरे नेपालले नै आफ्नो तर्फबाट सार्वजनिक गरी नेपाली जनतालाई जानकारी गराउनुपर्ने धारणा राखे साथै उनले नेपालको आफ्नो राजनीतिक नक्सा तुरून्त सार्वजनिक गर्नुपर्ने बताए । साथै भारतसँग वार्ताका लागि पहल गर्नुको साथै यसलाई अन्तर्राष्ट्रियकरण गर्न पनि माग गरेका थिए ।

यस्तै, जनता समाजवादी पार्टीका सांसद सरिता गिरी :

परराष्ट्र मन्त्रालयबाट आएको अडानको आधार के ? मैले आधार खोज्दाखरि आधार त नक्सा हो ।१८१६ को सन्धीको कुरा आइरहेको छ, मन्त्रालय छैन भनेर हामीले जानकारी पाएका छौं । यो विवाद सुरू भइसकेपछि ब्रिटिश इन्करेन्सको किताबहरू पढ्दा खेरि एउटा पनि यस्तो नक्सा देखिएन जसमा लिम्पियाधुरा, लिपुलेकको एलोंगेटेड प्रोसेज जुन बताइरहेको छ कुनै पनि नक्सा भेटाएको छैन । मन्त्रीजीले अलि खुलेर बोल्नुपर्‍यो । १९५५ मा जब नेपालले युएन मेम्बरसिप लिनका लागि नेपालले जुन नक्सा त्यहाँ दर्ता गराएको छ, त्यो नक्सा पनि कतै न कतै एउटा सबुतको रूपमा छ । जसले गर्दा सरकारको बोल्ने पोजिसन एउटा बेग्लै हो तर एक्सनमा आउन नसक्ने कारणहरू के के हुन् भन्दाखेरि त्यो नक्सा पनि हो जस्तो लाग्छ । सरकारले युएनमा कुन नक्सा पेस गरेको छ त्यो पनि यहाँ थाहा होस् । नेपाल-भारत र नेपाल-चीनबीच पनि सीमा समस्या छन् । कालापानी किन विवादित भयो भने यसको एउटा मात्रै कारण कि भारत र चीनबीचको युद्ध । त्यो युद्धले गर्दा त्यो क्षेत्रको महत्व बढ्यो । यो कुरालाई ध्यानमा राखिकन नेपालले वार्ताबाट यो समस्याको समाधान गर्नुपर्छ । यो राम्रो कुरा हो । किनभने जब छिमेकी छौं भने वार्ताको बाटोमा जानैपर्छ ।

परराष्ट्रमन्त्री प्रदीप कुमार ज्ञवालीको वक्तव्य :

विगतमा सीमा समस्या समाधानबारे विभिन्न प्रयासहरू भएका छन्, ती प्रयासहरूलाई हामी निरन्तरता दिइरहेका छौं । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले गर्नुभएका कार्यहरूको हामीले निरन्तर फलो पनि गरिरहेका छौं । सीमा समस्या समाधानका लागि दुवै देशका प्रधानमन्त्रीले प्रबुद्ध व्यक्तिहरूको समूह बनाइ अनुसन्धान गर्न भनेको थियो । त्यो प्रतिवेदन सार्वजनिक नगर्ने होइन । दुवै देशका सरकार प्रमुखले उपयुक्त समयमा सार्वजनिक गर्छ । केही बुँदाहरूमा अविश्वासको वातावरण रहेकोले नयाँ शिराबाट सम्बन्ध अगाडि बढाउने पक्षमा हामी उभिरहेका छौं । त्यसकारणले विगतका सरकारले गरेको कामहरूको निरन्तरताकै रूपमा हामीले काम गरिरहेका छौं । यस्ता विषयहरूलाई राजनीतिकरण गर्नु हुँदैन ।

नेपालको आफ्नो राजनीतिक नक्सा सार्वजनिक किन गरेन भन्ने किसिमका प्रश्नहरू पनि उठेका छन् । यस विषयमा प्रष्ट पार्न चाहन्छु कि नक्सा सार्वजनिक गर्नुभन्दा पहिला पूरा गर्नुपर्ने केही प्राविधिक कुराहरू बाँकी रहेको छ, त्यसमा कामहरू भइरहेको छ ।

भारतले नेपाली भूमि हुँदै १९ किलोमिटर सडक निर्माण गरेको छ । भारतले दार्चुलाको लिपुलेक हुँदै तिब्बतको मानसरोवर जोड्ने सडक निर्माणका लागि १९ किलोमिटर नेपाली भूमि अतिक्रमण गरेको हामीलाई थाहा भएको छ । भारतले नेपाली भूमि मिचेर सडक निर्माण गरेको प्रारम्भिक जानकारी पाएसँगै यसबारेमा विस्तृत जानकारी दिल्लीस्थित नेपाली दूतावासबाट मगाइसकेको छ । लिपुलेक हुँदै तिब्बत जोड्ने सडकको अवधारणा भारतले सन् १९९९ मा विकास गरेको थियो । भारत सरकारले सन् २००५ मा स्वीकृत गरेको सो सडकमार्गको निर्माण कार्य सन् २००८ मा सुरू गरेको थियो । सन् २०१४ मा नरेन्द्र मोदी सरकारको नेतृत्वमा आएपछि भारतले सडक निर्माणमा तीव्रता दिएको हो ।

नेपाल-भारत सीमाको वैज्ञानिक आधार सन् १८१६ को सुगौली सन्धि नै भएकोले विवादित विषय सुगौली सन्धिअनुसार नै समाधान हुनुपर्छ भन्नेमा नेपाल अडिग छ । यो विषयमा भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पनि कोरोना भाइरसको संक्रमण रोकिएसँगै परराष्ट्र सचिवस्तरीय वार्ता गर्ने कुरा दोहोर्‍याएकोले कूटनीतिक तवरबाटै समस्या समाधान गरिने छ ।

१५ मे २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा दुई देशका प्रधानमन्त्रीहरूबीच भएको सम्झौताको २८ औं बुँदामा लिपुलेक भएर चीनको तिब्बतमा रहेको मानसरोवर जाने सडक निर्माण गर्ने र त्यसलाई दुई देशबीच व्यापारिक मार्गका रूपमा प्रयोग गर्ने सहमति भएको थियो । त्रिदेशीय बिन्दू तय नै नगरी व्यापारिक मार्गको रूपमा प्रयोग गरिने सहमति भएको थियो । त्यसैले यस विषयमा हामीले चीनसँग पनि परामर्श गर्नुपर्ने आवश्यकता रहेको छ ।

## सीमामा तीन तहको सुरक्षा घेरा बनाइँदै

काठमाडौं । नेपाल-भारत सीमा नाकाको सुरक्षाव्यवस्था थप मजवुत र प्रभावकारी बनाउन तीन तहको सुरक्षा घेरा निर्माण गर्ने विषयमा आवश्यक तयारी गरिएको छ । कोभिड-१९ संक्रमण नियन्त्रण गर्न दुईवटै देशका सरकारले सीमा नाका शील गरेसँगै अवैध मार्ग प्रयोग गर्नेका कारण सुरक्षा चुनौती थपिएपछि उक्त तयारी गरिएको गृह मन्त्रालयले जनाएको छ । गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले नेपाल-भारत सीमा नाकामा चेकपोष्ट र सुरक्षा जनशक्ति अपुग भएकाले सशस्त्र प्रहरी र नेपाल प्रहरी थप्ने विषयमा छलफल भइरहेको बताए । करीव एकहजार आठसय ८० किलोमिटर दुरीमा फैलिएको नेपाल-भारत सीमामा कोभिड-१९ संक्रमण नियन्त्रण अभियान अन्तरगत एकहजार दुईसय ३० चेकपोष्ट छन् । मन्त्रालयका अनुसार, एकदर्जन स्थानमा नेपाली सुरक्षाकर्मीमाथि आक्रमणको प्रयास भएको छ । सशस्त्र प्रहरी प्रवक्ता प्रविनकुमार श्रेष्ठ सीमा सुरक्षाको फ्रण्ट लाइन (अग्रभाग) मा सशस्त्र प्रहरी, त्यसपछि नेपाल प्रहरी र सीमा नाका भन्दा पाँच किलो मिटर भित्रको दुरीमा सेना परिचालन हुन सक्ने बताए । सीमामा उच्चसुरक्षा सतर्कता अपनाएसँगै सशस्त्र प्रहरीमाथि भारतीय नागरिक र नेपाली नागरिक दुईटै पक्षबाट करीव एकदर्जन स्थानमा अवरोध सिर्जना भएको जानकारी दिदैं उहाँले बिओपी (वोर्डर सुरक्षा पोष्ट) बढाएर पाँचसय पुर्‍याउन प्रस्ताव गरिएको बताए ।

नेपाल प्रहरीले पनि सीमामा थप सुरक्षाकर्मी पठाउन काठमाडौं उपत्यका लगायत विभिन्न गण, गुल्म र पहाडी जिल्लाहरूसँग सुरक्षाकर्मीको माग गरेको छ । सशस्त्र प्रहरी करीव आठहजार भन्दा बढी खटाइएको छ ।

सेनाले पनि कोरोना संक्रमित तराईका विभिन्न शहरी ईलाका, मुख्य सीमा नाकाको पाँच किलो मिटर दुरी भित्रको वस्तीहरूमा आवश्यक सुरक्षागस्ती गर्ने गरेको छ । कोभिड-१९ नियन्त्रणमा स्वास्थ्यकर्मी सहित सेना परिचालन भएको छ ।

## मोदीद्वारा कोरोनाको उपचारमा संलग्न स्वास्थ्यकर्मीको प्रशंसा

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना भाइरस (कोभिड-१९) विरूद्धको संघर्षमा लागिरहेका स्वास्थ्यकर्मीहरूको प्रसंशा गरेका छन् । उनले चिकित्सक, नर्स तथा अस्पतालमा कार्यरत सबै कर्मचारीहरूले यस्तो महामारीको बेलामा पनि उच्च मनोबलका साथ काम गरेको बताए । उनले स्वास्थ्यकर्मीहरूले भगवान गौतम बुद्धले जस्तो सन्देश विश्वलाई नै दिएका पनि बताए । भगवान गौतम बुद्ध जयन्तीका अवसरमा दिनुभएको सन्देशमा उनले सो कुरा बताएका हुन् । यसअघि पनि उनले कोरोना भाइरसका विरूद्धमा संघर्ष गरिरहेका भारतका स्वास्थ्यकर्मीहरूका साथमा समग्र भारतीय नागरिक र विश्व नै रहेको र उनीहरू एक्लो नभएको बताएका थिए । भारतमा लकडाउन जारी नै रहेको छ भने त्यहाँ दिन प्रतिदिन ठूलो संख्याका संक्रमितहरू थपिँदै गएका छन् । यस्तो अवस्थामा आज गौतमबुद्ध पूर्णिमाको अवसरमा उनले सबै भारतीय जनता स्वास्थ्यकर्मीहरूको साथमा रहेका बताएका थिए । भगवान गौतम बुद्ध बलिदानको उच्चतम विन्दुको नाम हो भन्दै आज विश्वले नै उनलाई सेवा र बलिदानका पर्यायका रूपमा हेरिरहेको धारणा पनि राखे । आफ्नो दृढ इच्छाशक्तिका माध्यमबाट गौतम बुद्धले विश्वमा परिवर्तन ल्याउनुभएको र विश्वलाई नै शान्तिको मार्गमा हिँडाउन उच्चतम प्रयास गर्नुभएको सो सम्बोधनका क्रममा उनले बताए । उनले कोभिड १९ का विरूद्धमा लडिरहेका विश्वकै स्वास्थ्यकर्मी तथा सबैको प्रसंशा गरे । प्रधानमन्त्री मोदीले यो कुनै एक देश वा क्षेत्रको नभएर विश्वकै शत्रुका रूपमा देखापरिरहेको भन्दै यसका विरूद्ध लड्न विश्व नै एकताबद्ध रूपमा लाग्नुपर्नेमा जोड दिए । उनले यस महामारीका विरूद्धमा लड्न विश्वका सबै देशका नागरिक जस्तै एक अर्ब ३० करोड भारतीय नागरिक पनि एक साथ रहेको भनाई राखे । सबै नागरिक घरैमा बसेर महामारीबाट बाँच्न सकिने भन्दै यस महामारीको सबैभन्दा उत्तम उपचारको विधि पनि यही भएको धारणा सो सन्देशमा राखेका छन् ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंकद्वारा ट्राफिक प्रहरीलाई ट्राफिक पोल हस्तान्तरण

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ट्राफिक प्रहरीलाई काठमाडौं उपत्यका भित्रका सडकहरूमा ट्राफिक जनचेतनाका लागि उपयोगी हुने ट्राफिक पोलहरू हस्तान्तरण गरेको छ । बुधबार आयोजित एक कार्यक्रममा बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत महेश शर्मा ढकालले महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक भीम प्रसाद ढकाललाई उक्त ट्राफिक पोलहरू हस्तान्तरण गरेका छन् । उक्त कार्यक्रममा बोल्दै वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत ढकालले महानगरीय ट्राफिक प्रहरी महाशाखालाई सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरे । महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बैंकले प्रदान गरेकोट्राफिक पोलहरूले जनचेतना फैलाउने, ट्राफिक नियमको पालना गर्न सहयोग पुर्‍याउने र ट्राफिक जाम तथा दुर्घटना न्यूनीकरण गर्न सहयोग पुर्‍याउने बताए । बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरूमा सहयोग गर्दै आएको छ । उक्त अवसरमा बैंकका नायव महाप्रबन्धक सुरेन्द्रराज रेग्मी, प्रहरी उपरीक्षक जीवन कुमार श्रेष्ठ, प्रहरी निरीक्षक जितेश दाहाल र बैंक तथा महानगरीय ट्राफिक प्रहरी महाशाखाका विभिन्न व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

### प्राइम बैंकद्वारा कर्णाली प्रदेशका स्वास्थ्यकर्मीहरूलाई पीपीई प्रदान

काठमाडौं । प्राइम कमर्सियल बैंक लिमिटेडले कर्णाली प्रदेशका स्वास्थ्यकर्मीहरूलाई पीपीई प्रदान गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कर्णाली प्रदेशका बिभिन्न अस्पताल तथा स्वास्थ्य केन्दहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको लागि ५० थान पि.पि.ई. प्रतिनिधिसभा सदस्य जनार्दन शर्मालाई बैंकका अध्यक्ष राजेन्द्र दास श्रेष्ठले हस्तान्तरण गरेका छन् ।

## भारतीय ८८ जना नर्सको टोली युएईमा

दुबई । कोरोना भाइरसको महामारीसँग जुध्न सघन उपचार कक्षमा कार्य गर्ने गरी ८८ जना भारतीय नर्सहरूको पहिलो समूह युनाइटेड अरब इमिरेट्स (युएई) आइपुगेका छन् । उनीहरूलाई एस्टर डिएम हेल्थकेएर नामको कम्पनीले युएई लगेको हो । यी नर्सहरू भारतीय कन्सुलेट र युएईको विदेश तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्रालयको समन्वयमा युएई आइपुगेका हुन् । भारतमा एस्टर अस्पतालमा क्रिटिकल केएर विषयमा तालिमप्राप्त ती नर्सहरूलाई दुबईस्थित कोरोनाभाइरस उपचार केन्द्रहरूमा खटाइने छ । एस्टर डिएम हेल्थकेएरका संस्थापक अध्यक्ष डा आजाद मूपेनले नर्सहरूको परिचालनले दुबै मुलुकबीचको गहिरो र विश्वासिलो सम्बन्धलाई अझ प्रगाढ बनाउन मद्दत गरेको बताए । दुबई सरकारले दुबई वर्ल्ड ट्रेड सेन्टरमा सामान्य किसिमका बिरामीको उपचार गर्न तीन हजार शैयाको फिल्ड अस्पताल निर्माण गरेको छ । दुबई स्वास्थ्य प्राधिकरणका महानिर्देशक हुमेद अल कुतामीले कोरोनाभाइरससँग जुध्न दुबई सरकारले पर्याप्त तयारी गरेको बताए ।

## भारतमा कक्षा १० र १२ को परीक्षाको मिति सार्वजनिक

नयाँ दिल्ली । भारतमा कोरोनाभाइरस सङ्क्रमणका कारण अवरूद्ध भएको कक्षा १० र १२ को परीक्षा आगामी जुलाई १ देखि हुने भएको छ । केन्द्रीय माध्यामिक शिक्षा बोर्ड अन्तर्गतको सो परीक्षा आगामी जुलाई १५ सम्ममा सम्पन्न गरिने तय भएको छ । केन्द्रीय सरकार अन्तर्गत रहेर लिइने केन्द्रीयस्तरको यस परीक्षामा सार्वजनिक तथा निजी दुवैथरी विद्यालयका छात्रछात्राहरूका महत्वपूर्ण मानिने गर्छ । 'विद्यार्थीहरूको अत्यधिक चासो र चिन्ताको विषय बनेको यस परीक्षा सञ्चालन गर्ने निर्णय गरिएको छ' केन्द्रीय जनशक्ति मन्त्री रमेश पोखियाले भने । कोरोनाभाइरसको सङ्क्रमण फैलिन थालेपछि सरकारले देशव्यापी लकडाउनको घोषणा गरेकाले यसअघि परीक्षा हुन सक्को थिएन । भारतमा अहिले पनि देशव्यापी लकडाउन कायमै छ ।

## बढेन...

छ ।

बारा र पर्सामा सन्त्रास

बारामा एक तथा पर्सा जिल्लामा ३९ जनामा कोरोना संक्रमण देखिएपछि जनजीवनमा सन्त्रास छाएको छ । बारा र पर्सा जिल्लागरी थप भएका ४० जना र उपचार गराइरहेका बाराको दुई र पर्साको २९ जना गरी वीरगञ्ज नारायणी अस्पतालमा कोरोना संक्रमितको संख्या ६९ पुगेको छ ।

यसअघि गत वैशाख २४ गते वीरगञ्जमा दुईमहिने शिशुसहित एकै परिवारका १७ जनालाई कोरोना संक्रमण देखिएको थियो । उनीहरूको उपचार नारायणी अस्पतालको आईसोलेसनमा भई रहेको बेला बारा जिल्लामा एक तथा पर्सा जिल्लामा ३९ जना व्यक्तिमा संक्रमण भेटिएको हो ।

नयाँ थपिएका संक्रमितमध्ये अधिकांश वीरगञ्ज महानगरपालिका वडा नम्बर-१, २ र ३ का रहेका छन् । बारामा भेटिएका १४ वर्षीय युवा वीरगञ्जको ईनर्वामा रहेका पसलमा काम गर्दैआएका थिए । उनको घर बाराको विश्रामपुर गाउँपालिका-४ बलिरामपुर टोलमा रहेकाले टोलमा प्रहरीको निगरानी बढाइएको छ ।

वीरगञ्जमा ठूलो संख्यामा एक साथ संक्रमित भेटिएपछि सर्वसाधारणलगायत स्थानीय, उद्योगी व्यवसायी, सञ्चारकर्मीमा चौतर्फी सन्त्रास छाएको छ ।

पूर्वाधार अभाव

वीरगञ्जको नारायणी अस्पतालमा आइसोलेसन वार्ड अभावका कारण १७ जनालाई भर्ना गर्न सकिएको छैन अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा.मदन कुमार उपाध्यायका अनुसार ५ वेडको आइसोलेसन वार्ड रहेको नारायणी अस्पताललाई विस्तार गर्दौ ७० वेडको आइसोलेसन क्षमताको पुरूऱ्याइएको हो । यो बीचमा स्थानीय र प्रदेश सरकारले छुट्टै कोरोना अस्पताल निर्माणमा चासो नदेखाएको उनले गुनासो गरे । 'नारायणीको आइसोलेसनमा २९ जना कोभिडका बिरामी भर्ना छन्,'डा.उपाध्यायले भने, 'हाम्रो क्षमता ७० बेडको मात्र हो, पुष्टि भएका ५७ जना र मध्ये ४० जना र एकजना बाराको संक्रमितलाई भर्ना गरेका छौं । संक्रमण पुष्टि भएको १८ घन्टासम्म १७ जना घरमै छन् ।'

वीरगन्ज महानगरपालिकाले वैशाखको पहिलो सातादेखि नै नारायणी अस्पताल बाहेक छुट्टै अस्थायी रूपमा कोभिड अस्पताल सञ्चालनका लागि पहल गरिरहेको छ । तर, विभिन्न अवरोधका कारण हालसम्म कोभिड अस्पताल सञ्चालनमा आउन सकेको छैन् । गत वैशाख २ मा महानगरपालिकाले अस्थायी कोभिड सञ्चालनका लागि ५० शय्या, भेन्टिलेटर र आईसीयू समेत भएका निजी अस्पताललाई आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्न तीन दिने सार्वजनिक सूचना नै आह्वान गरेको थियो ।

प्रदेश २ बाट बागमती प्रदेश छिर्न कडाइ

प्रदेश २ बाट बागमती प्रदेश छिर्न उच्च कडाइ गरिएको छ । अत्यावस्यक सेवा वाहेक अन्य सवारी र पैदल यात्रुलाई प्रवेशमा रोक लगाइएको हो ।

प्रदेश २ बाट बागमती प्रदेशको राजधानी हेटौंडा प्रवेश गर्ने मुख्य नाका हेटौंडा १५ चुरियामाइमा सुरक्षा चेकपोस्ट खडा गरी चेकजाँचमा कडाइ गरिएको मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुशिलसिंह राठौरले बताए । 'अत्यावस्यक सेवा दिने सवारीमा पनि चालक र सह चालकलाई मात्र आउन दिएका छौं, अन्य यात्रुको हकमा जिल्ला प्रशासन कार्यालयले जरूरी भनेर पास दिएका वाहेकलाई प्रवेश रोक लगाइएको छ,' उनले भने ।

प्रदेश २ को पर्सा, बारा लगायत जिल्लामा कोरोना संक्रमित बढेपछि पैदल वा सवारी साधानमा मकवानपुरभित्र कोही पनि भित्रिन नदिन कडाइ गरिएको जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलालले बताए । खाद्यान्न तथा अत्यावस्यक सामग्री बोकेको सवारी मकवानपुरको राजमार्ग भएर जान पाउने तर रोकेर यात्रु ओराल्न नपाउने उनले बताए । चुरिया भएर मकवानपुर प्रवेश भएको वा नभएको अनुगमन गर्न जनप्रतिनिधिसहितको नागरिक अनुगमन समितिसमेत गठन गरिएको छ ।

## स्मृति...

बासुदाई मलाई लक्ष्य गरि भन्नु भो, बुझ्यौ जेपी! मधेसले तेही बेला देखि दुईटा बाटो देख्यो। सत्ताको बाटो र आधारभूत अधिकारका लागि संघर्षको बाटो ।

लक्डाउनमा आज बिहानै देखि म नेपालका प्रजातान्त्रिक आन्दोलनका जाने बुझेका कुराहरू सोच्दैछु। झट्ट संझे आज उनै रामजनम तिवारी जीको पुण्य तिथी पनि हो। इतिहासको घुमाउरो बाटोमा रामजनम तिवारी जीहरूले बनाएको सदभावना पार्टी आज जनता समाजवादी पार्टी भैसकेको छ।

महन्थ जी त तेहाँ हुनुहुन्छ, तर बाबुराम भट्टराई तथा उपेन्द्र यादब जीले स 'प्रजातन्त्र र मधेसीको अधिकार अन्योन्याश्रित विषय हुन्। प्रजातन्त्र निरपेक्ष मधेस, दासत्वबाट कहिल्यै मुक्त हुन सक्दैन।' रामजनम तिवारी जी जस्तो कम पढे लेखेका नेताको उक्त कथनलाई कुन रूपमा महत्व दिनु होला? हुनत् आज नेका पनि शुवर्ण जी को हैन, शेर बहादुर जी को हो !

रामजनम तिवारीको मूल्यांकन अब नयाँ रूपमा, भिन्न सोचका साथ गरिनु पर्दछ। मलाई रमाईलो लागेको छ, तिवारी जीलाई संझिदा म बासुदाईलाई अमीट पार्दैछु(मेरो दिलमा । दुबै जनालाई हार्दीक श्रद्धा सुमन !

(तराई मधेश राष्ट्रिय अभियानका संयोजक जयप्रकाश गुप्ताको फेसबुक वालबाट साभार)

## भारतले बनायो पहिलो स्वदेशी कोरोना एन्टीबोडी टेष्टिङ किट

नयाँदिल्ली । भारतले पहिलो पटक स्वदेशी कोरोना भाइरस एन्टीबोडी टेष्टिङ किट तयार गरेको छ । केन्द्रीय स्वास्थ्यमन्त्री डा हर्षवर्धनले पूणेको नेशनल इस्टिच्यूट अफ भायरोलोजीले पहिलो स्वदेशी कोरोना एन्टीबोडी टेस्टिङ किट तयार गर्न सफल भएको बताएका हुन् ।

यो किटले कोरोना संक्रमित पत्ता लगाउन मद्धत मिल्ने बताइएको छ । यसैबीच गुजरातको अहमदाबादमा भाइरसका ३३४ सुपर स्प्रेडर रहेको पत्ता लागेको छ । यो कोरोना भाइरसको क्यारियर हो । यसले गर्दा नै ठूलो संख्यामा कोरोना फैलने सम्भावना हुन्छ ।





**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं